◆ **सम्पादकीय**
आगामी व्यस्त दुई महिनाहरू २
◆ **राष्ट्रिय राजनीति**
लोकतान्त्रिक गणतन्त्रका लागि मोर्चा किन ? - **ईश्वर पोखरेल** ३
अन्तरिम संसद्, सरकार र हाम्रो भूमिका – **रघु पन्त** ५
◆ **सम्मेलन**
प्ररायुसङ्घमा नयाँ नेतृत्व ८
◆ **दृष्टिकोण**
शान्ति सम्झौतापछिको स्थिति र हाम्रो दायित्व – **युवराज ज्ञवाली** ९
◆ **बहस**
संविधानसभा र लोकतान्त्रिक गणतन्त्र – **टीकाराम भट्टराई** ११
◆ **विश्लेषण**
राजनीतिक आन्दोलनमा विधि लक्ष्य हुनसक्छ ? – **अरुण नेपाल** १३
◆ **आवरण**
हतियार व्यवस्थापनपछिको राजनीति - **विष्णु रिजाल** १५
◆ **दस्तावेज**
परिवर्तित परिस्थिति र पार्टीको धारणा १७
परिवर्तिन राजनीतिक परिदृश्य २०
नेकपा (एमाले) को केन्द्रीय कमिटीको बैठकबाट पारित प्रस्ताव २२
सरकार-माओवादीबीच सम्पन्न शान्ति सम्झौता २३
◆ **अर्थ**
मुद्रा र मौद्रिक नीतिबारे जान्नैपर्ने कुराहरू – **डा. गोविन्दबहादुर थापा** २८
◆ **कथा**
विद्रोह – **विवश वस्ती** ३०
◆ **विश्व**
बाइबल वाचनले पनि जिताएन - **अग्निशिखा** ३१
◆ **चिनारी**
प्रेरणादायी नेतृ कमरेड मानवी- **कमला पराजुली** ३२
◆ **संस्मरण**
भारत प्रवासमा सांस्कृतिक कामको थालनी- **लक्ष्मण रायमाझी** ३५
◆ **सिद्धान्त/दर्शन**
माओवादीका भनाइ कति सत्य, कति असत्य ? - **लीला गिरी/भूमिश्वर ढकाल** ३७
◆ **इतिहास**
मातृकालाई यो चयन स्वीकारयोग्य भएन - **डिल्लीराम मिश्र** ३९
◆ **कृति**
सामयिक मुद्दामा बहस ४०

# cfufdL Jo:t b'O{ dlxgfx?

*केन्द्रीय कमिटीको तेह्रौँ बैठकले संविधानसभाको निर्वाचनलाई लोकतान्त्रिक गणतन्त्रको अभियानसँग जोडेर लैजाने निर्णय गरेको छ । हामीले पहिले एक चक्र सक्याएका छौँ लोकतान्त्रिक गणतन्त्रको*

*अभियानमा । संविधानसभाको निर्वाचन जतिजति नजिक आउँदै जान्छ, त्यतित्यति हाम्रो पार्टीले लोकतान्त्रिक गणतन्त्रको नारालाई गाउँमा मात्र होइन, वडा, टोल र आँगनसम्म पुऱ्याउनुपर्छ ।*

*अहिले पनि राजनीतिक अवस्था तरल छ र राजतन्त्र जोगाउन चाहने सामन्ती तत्त्व पानी धमिलो देख्नेबित्तिकै माछा मार्ने दाउ पर्खिएर बसिरहेको छ । जानेर होस् या नजानेर, नेपाली काङ्ग्रेसका पाका नेताहरू यही सामन्ती निरङ्कुशताको षड्यन्त्रलाई फाइदा पुऱ्याउने गरी पानी धमिल्याउने काम गरिरहेका छन् । नेपाली काङ्ग्रेसका पाका नेताहरू आमजनताको भावनाको प्रतिनिधित्व गर्न सकिरहेका छैनन् । तिनीहरू राजालाई जोगाउने दुस्वप्नमा यतिबेला पनि रमाइरहेका छन् ।*

*अहिलेको राजनीतिमा यो अत्यन्तै गम्भीर तथा नकारात्मक पक्ष हो । नेपाली काङ्ग्रेससँग परम्परागत मतदाताहरू अहिले पनि ठूलै सङ्ख्यामा छन् । काङ्ग्रेस पार्टीले राजतन्त्र र गणतन्त्रका बारेमा ठोस निर्णय नगरेको अवस्थामा त्यस्ता मतदाताका बीचमा अन्योल बढ्ने कुरा पनि निश्चित छ । यस्तो अवस्थामा हाम्रो पार्टीका स्थानीय कार्यकर्ताले, काङ्ग्रेस पार्टीका युवा नेता-कार्यकर्ताहरूलाई लोकतान्त्रिक गणतन्त्रमा जान, आफ्नो पार्टी नेतृत्वलाई गणतान्त्रिक आन्दोलनको नेतृत्व गर्न प्रेरित गर्न सघाउनुपर्दछ । स्वयम् नेपाली काङ्ग्रेसको केन्द्रदेखि स्थानीय तहसम्मै एउटा गणतान्त्रिक डोरी बाटिएको छ । त्यो डोरीलाई बलियो बनाउन हाम्रो पार्टीले तलदेखि माथिसम्मै राजनीतिक, वैचारिक बहस र छलफल चलाउनुपर्छ-सबै राजनीतिक दलका बीचमा ।*

*हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूले प्रजातान्त्रिक काङ्ग्रेससँगको सम्बन्धलाई सुमधुर बनाउनुपर्छ । यस्तो सम्बन्धले त्यस पार्टीका नेता-कार्यकर्तालाई गणतन्त्रमा जान सघाउ पुग्नेछ । त्यस पार्टीका जिल्ला सभापतिहरूले पार्टीलाई गणतन्त्रमा जान सुझाव दिइसकेका छन् । त्यस पार्टीभित्र लोकतान्त्रिक गणतन्त्रको भावधारा विस्तारै बलियो हुँदै गइरहेको छ । त्यो पार्टीका नेता-कार्यकर्तासम्म लोकतान्त्रिक गणतन्त्र नेपालको विचारलाई बलियो बनाउन पनि हाम्रो पार्टीका नेता-कार्यकर्ताको सहयोग प्रभावकारी हुनसक्छ ।*

*बाँकी रहेका वामपन्थी पार्टीहरूमा, उसै पनि हाम्रो जिम्मेवारी बढी छ । माओवादी पार्टीका नेता र कार्यकर्ताहरू आफ्नै हिंसात्मक विगतबाट चिथोरिएका छन् । तिनले सच्चा लोकतान्त्रिक गणतन्त्र ल्याउने आन्दोलनमा समाहित हुन आफ्नो बन्दुके विगतलाई तिरस्कार गर्नैपर्छ । त्यसैले स्थानीय तहमा माओवादी नेता तथा कार्यकर्तासँगको गम्भीर राजनीतिक-वैचारिक बहसलाई बाक्लो बनाएर माओवादीको सोचको रूपान्तरणमा सहयोगी बन्ने जिम्मेवारी हाम्रा नेता-कार्यकर्ताको काँधमा आइपरेको छ ।*

*हामी काङ्ग्रेस होइनौँ, हुन सक्दैनौँ । हामी माओवादी होइनौँ, हुन सक्दैनौँ । हामी नेपाली राजनीतिमा आफ्नै जनताको बहुदलीय जनवादको परिचय लिएर उपस्थित भएका छौँ । वैयक्तिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, मानवअधिकारको सम्मान, आवधिक निर्वाचनलाई हामीले नै सबैभन्दा बढी मर्यादा दिएका छौँ गएको १५ वर्षको खुला राजनीतिको मैदानमा । हाम्रो यो परिचय नै नेपाली राजनीतिमा हाम्रो नेतृत्वको आधार हो ।*

*यस आधारलाई अझै बलियो बनाएर नेकपा (एमाले) को सूर्य चिन्हलाई गाउँगाउँ र घरघरमा पुऱ्याउनु हाम्रा हरेक सदस्यको दायित्व बनेको छ ।* ■

# लोकतान्त्रिक गणतन्त्रका लागि मोर्चा किन ?

' ईश्वर पोखरेल

शान्तिपूर्ण जनक्रान्ति-२०६३ द्वारा निरङ्कुश राजतन्त्र पराजित त भएको छ तर मुलुकबाटै राजतन्त्र समाप्त गर्नुपर्ने उद्देश्य भने पूरा भइसकेको छैन। राजाले उपभोग गर्दै आएका प्रायः सम्पूर्ण परम्परागत अधिकारहरू कटौती त गरिएका छन् तर सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफ्नो दृढ अभिमतका साथ राजतन्त्र समाप्त भएको घोषणा गर्न बाँकी नै छ। शान्तिपूर्ण जनक्रान्तिको सिलसिला अहिले पनि जारी छ। किनभने, क्रान्तिकारी आन्दोलनमा लाखौंलाख जनताले सडकमा राजतन्त्र उन्मूलनका लागि व्यक्त गरेको उत्कट चाहना र उद्घोष अहिले नै पूरा भइसकेको छैन। यही पूरा हुन बाँकी रहेको जनचाहनालाई उच्च महत्त्व दिँदै नेकपा (एमाले) ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि आफ्नो सम्पूर्ण शक्ति परिचालित गर्ने (एउटा विशेष अभियान नै सञ्चालन गर्ने) तथा यसका लागि अन्य सबै सकारात्मक पक्षहरूलाई गोलबन्द गर्ने नीतिसमेत लिएको छ। यही नीतिलाई कार्यान्वयन गर्नका लागि 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' निर्माणका लागि आवश्यक पहल र प्रयत्न गर्ने औपचारिक फैसलासमेत नेकपा (एमाले) ले गरेको छ।

नेकपा (एमाले) ले यो निर्णय ०६३ साउनको तेस्रो सातादेखि भदौको पहिलो सातासम्म चलेको केन्द्रीय कमिटीको बाह्रौं बैठकमा गरिसकेको थियो। तर, शान्ति प्रक्रिया राम्ररी अगाडि नबढिरहेको अवस्थामा यो निर्णय कार्यान्वयनको प्रक्रिया अगाडि बढ्न सकिरहेको थिएन। यसैबीच, ०६३ कात्तिक २२ गते नेकपा (माओवादी) सम्मिलित आठ राजनीतिक दलहरूबीच सहमति कायम भई सार्वजनिक गरिएका 'निर्णयहरू' तथा यिनै निर्णयमा आधारित भएर ०६३ मङ्सिर ५ गते सम्पन्न भएको 'शान्ति सम्झौता' ले नेकपा (एमाले) को 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' निर्माणका लागि पहल र प्रयत्न गर्ने निर्णय कार्यान्वयनको सम्भावना प्रवल बनेको छ।

नेपालको जनआन्दोलनको इतिहासमा २०६३ को आन्दोलन राजतन्त्रलाई समूल अन्त्य गर्ने अत्यन्त प्रवल सम्भावनाका साथ देखापरेको थियो। आन्दोलनमा जनताको सशक्त सहभागिता, यसको प्रतिरोधी चरित्र तथा विस्तारको हिसाबले यो सम्भावनालाई बुझ्न सकिन्छ। तर, आन्दोलनरत सात राजनीतिक दल तथा नेकपा (माओवादी) समेतले ऐतिहासिक '१२ बुँदे' समझदारीको सीमाका कारण तत्काल राजाका सम्पूर्ण परम्परागत अधिकारहरू कटौती गर्ने र राजतन्त्रको फैसला चाहिँ सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको प्रत्यक्ष र सशक्त जनअभिमतबाट टुङ्गो गर्ने भन्ने कुरालाई स्वीकार गरिएको थियो। स्पष्ट छ, जनताको यो अभिमत 'जनमतसङ्ग्रह' बाट मात्र प्रकट हुन सक्थ्यो। शताब्दीयौंदेखि जनता र लोकतन्त्रका लागि प्रमुख समस्या बन्दै आएको राजतन्त्रको विषयलाई यसरी नै टुङ्गो लगाउनु उचित हुन्थ्यो। यो विषय जनतामाथि भरोसा गर्ने, जनतालाई साँचो अर्थमा सार्वभौमसत्ता सम्पन्न बनाउने उत्कृष्ट र पारदर्शी प्रजातान्त्रिक विधि हुन सक्थ्यो। तर, 'कात्तिक २२' गते 'निर्णयहरू' सार्वजनिक गरिरहँदा आठ राजनीतिक दलहरू सर्वसम्मत बन्न तयार भएनन्। नेकपा (एमाले) ले भगीरथ प्रयत्न गर्दा पनि पार्टीहरू राजी हुन सकेनन्। त्यस्तो अवस्थामा सामूहिक निर्णयलाई कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ नेकपा (एमाले) ले 'जनमतसङ्ग्रह' बाट राजतन्त्रको टुङ्गो लगाउनुपर्ने सुविचारित र दूरगामी महत्त्व राख्ने अडानलाई नेपाली जनतासमक्ष 'राजनीतिक नासो' का रूपमा सार्वजनिक गर्न चाह्यो।

'जनमतसङ्ग्रह' बाट राजतन्त्रका सम्बन्धमा अन्तिम फैसला गर्ने कुरामा सहमति हुन नसक्नुलाई नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने एउटा सुगम औसर गुमेको ठानेको छ। यस्तो औसर गुम्नुपछाडिका यथार्थ कारण के के हुन् भन्ने कुराको आउने दिनमा समीक्षा हुने नै छ। तर पनि, लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने उद्देश्यलाई साकार रूप दिन थप पहल र प्रयत्न गर्नुपर्ने जिम्मेवारीलाई नेकपा (एमाले) ले फेरि पनि अगाडि बढाउन चाह्यो। 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' गठनको प्रस्ताव यसैको परिणाम हो। केन्द्रीय कमिटीको तेह्रौं बैठकले मोर्चा निर्माणसम्बन्धी ठोस प्रस्तावको निर्णय गरिरहँदा यही राजनीतिक निष्कर्षलाई अगाडि बढाउन चाहेको हो।

**१. लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा गठनका मुख्य उद्देश्यहरू के के हुन् ?**

- आठ राजनीतिक दलहरूका तर्फबाट केही समय पहिले आगामी जेठ (०६४) मा संविधानसभाको निर्वाचन गर्ने घोषणा गरिएको छ। तर, घोषित मितिमा निर्वाचन हुन नदिने उद्देश्यबाट षड्यन्त्रपूर्ण गतिविधिहरू सुरु भएका छन्। पराजित भएका तर समाप्त नभइसकेका प्रतिगामीहरू यस किसिमका आपराधिक धन्दामा लागिसकेका छन्। लोकतन्त्रका पक्षधर राजनीतिक शक्तिहरू खासगरी तिनको नेतृत्व तहका यथास्थितिवादी चिन्तन र कतिपय आचरणका कारण प्रतिगमनकारीहरूले आफ्ना लागि अनकूल वातावरण बनाइरहेका छन्। यस्तो परिस्थितिमाझ आगामी जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन सम्पन्न गराउने कामका लागि 'लोकतान्त्रिक गणतन्त्र' का लागि साझा मोर्चा उपयुक्त र प्रभावकारी उपकरण बन्न सक्छ।

यसरी, यो मोर्चा शान्तिपूर्ण जनक्रान्तिमा सडकमा अभिव्यक्त जनताको चाहनालाई साकार रूप दिन अत्यन्त सहयोगी-उपयोगी हुने भएका कारण पनि अपरिहार्य भएको हो ।

- संविधानसभाको निर्वाचनमा कुनै न कुनै आवरणमा राजतन्त्र राख्न चाहनेहरू सङ्गठित रूपमा प्रकट हुने कुरा निश्चितप्रायः छ । यस्ता तत्त्वहरू अनेक नामका गठबन्धनबाट मैदानमा देखापर्ने छन् । यस्तो सम्भावनालाई ख्याल गर्दै लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूले आपसी समझदारी र एकतालाई मजबुत बनाउनु आवश्यक छ । संविधानसभाको निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक दल तथा व्यक्तिहरूलाई विजयी बनाउने उद्देश्यका साथ अहिलेदेखि नै लाग्नुपर्छ । यही उद्देश्यका लागि 'गणतान्त्रिक मोर्चा' आवश्यक छ । 'मोर्चा' लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने अत्यन्त प्रभावकारी हतियार बन्नसक्छ ।

- संविधानसभाबाट बन्ने नयाँ संविधानले लोकतान्त्रिक गणतन्त्रलाई स्थापित गर्ने र संस्थागत गर्नेछ । तर, यसरी प्राप्त हुने गणतन्त्र राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा अग्रगामी चरित्र बोकेको हुनेछ भन्ने कुरा राजनीतिक दलहरूले आफ्नो प्रतिबद्धताका रूपमा सार्वजनिक गर्दै आएका छन् । नयाँ बन्ने संविधानले राज्यको पुनःसंरचना र लोकतन्त्रलाई समावेशी स्वरूप प्रदान गर्ने कुरा सबैको साझा प्रतिबद्धता हो । संविधानसभामा लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूको बाहुल्यले मात्र यी कुरालाई प्राप्त गर्न सकिन्छ ।

- 'मोर्चा' मा सहभागी राजनीतिक दल, समूह तथा व्यक्तिहरूको पारस्परिक सहमतिका आधारमा राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका न्यूनतम साझा कार्यक्रम निश्चित गर्ने र त्यसलाई कार्यान्वयन गर्नका लागि पनि मोर्चागत संयन्त्रको आवश्यकता छ । अर्थात्, यी उद्देश्यका लागि पनि 'गणतान्त्रिक मोर्चा' बन्नु आवश्यक छ ।

**२. लोकतान्त्रिक गणतन्त्रका लागि साझा मोर्चाले के-कस्ता कामहरू गर्नुपर्छ ?**

- संविधानसभाको निर्वाचन बिथोल्ने वा बिथोल्न चाहने प्रतिगामीहरूका जस्तासुकै षड्यन्त्रहरूलाई पनि समयमै चिन्हित गर्ने र तिनलाई पराजित गर्ने काममा लागिहाल्नुपर्छ । यस्तो काम लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूको साझा काम हो । संयुक्त प्रयत्नबाट यो साझा काम गरिनुपर्छ । यतिबेला एउटा कटु वास्तविकता के देखिँदैछ भने लोकतन्त्रकै पक्षधर शक्तिहरूका बीचमा यथास्थितिवादी चिन्तन, अभिव्यक्ति तथा आचरणहरू पनि प्रकट हुने गरेका छन् । अहिले यो प्रवृत्ति संविधानसभाको निर्वाचनलाई यो वा त्यो बहानामा विलम्ब गर्ने वा पर सार्ने ठोस अभिव्यक्तिका रूपमा प्रकट हुन थालिसकेको छ । यस्तो स्थितिका बीचमा लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूले घोषित मितिमा संविधानसभाको निर्वाचन सम्पन्न गर्नका लागि संयुक्त रूपमा जनपरिचालन गर्नुपर्दछ । जनपरिचालनद्वारा सिर्जना गरिने जनदबाबले मात्र संविधानसभाको निर्वाचनलाई हुन नदिने, पर सार्ने प्रतिगामी षड्यन्त्र तथा विलम्ब गर्ने यथास्थितिवादी सोचलाई पराजित गर्न सकिन्छ ।

- कात्तिक २२ गतेको आठ दलको संयुक्त 'निर्णय' मा मिश्रित निर्वाचन प्रणालीलाई स्वीकार गरिएको छ । पार्टीले खडा गरेका उम्मेदवारलाई मत दिने र पार्टीलाई मत दिने दुई किसिमको मतदान गर्ने प्रणालीलाई स्वीकार गरिएको छ । यो भनेको 'दुई मतपत्रको प्रणाली' हो । यो प्रणालीका आधारमा सङ्गठित र एकताबद्ध पहल र प्रयत्न गर्नु आवश्यक छ । पहिले नै, संविधानसभाको निर्वाचनलाई पूर्ण रूपले समानुपातिक बनाउन सकिएन । यसले संविधानसभाको गठनलाई नै समावेशी नबनाउने भयो । पछि, स्वीकार गरिएको 'मिश्रित प्रणाली' अन्तर्गत आधा प्रतिनिधिलाई पनि समानुपातिक बनाउन नसक्ने हो भने संविधानसभामा जनताको संलग्नता र सहभागिता साँघुरिन जाने निश्चित छ । त्यसैले यस्तो नहोस् भन्नका लागि पनि 'दुई मतपत्र' प्रणालीका आधारमा निर्वाचन गराउने कुरामा विशेष ध्यान पुऱ्याउनैपर्छ ।

- गठन हुनै लागेको अन्तरिम विधायिका तथा अन्तरिम सरकारमा प्रतिनिधित्व गर्ने लोकतान्त्रिक गणतन्त्रका पक्षधर पार्टी, समूह तथा व्यक्तिहरूको उपस्थितिलाई संविधानसभाद्वारा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने साझा उद्देश्यका लागि परिचालित गर्नुपर्छ । अन्तरिम विधायिका र अन्तरिम सरकार लोकतान्त्रिक आन्दोलनका उपज भएका कारणले यी संयन्त्रहरूलाई त्यो उद्देश्य प्राप्तिका लागि अधिकतम रूपमा प्रयोग गरिनैपर्छ । यस कामका लागि 'गणतान्त्रिक मोर्चा' ले भूमिका खेल्नुपर्छ ।

- लोकतान्त्रिक गणतन्त्रको पक्षमा व्यापक रूपमा जनमत निर्माण गर्न त्यसका पक्षधरहरूले संयुक्त रूपमा जनपरिचालनका कामहरू गर्नुपर्छ । जुलुस, सभा, गोष्ठी, अन्तरक्रिया, सांस्कृतिकसभा, छलफल-बहस आदि कार्यक्रमहरूलाई संयुक्त रूपमा सञ्चालन गर्नुपर्छ ।

- 'संविधानसभाको निर्वाचनमा, दल छनोट गर्ने निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर पार्टी, समूह र व्यक्तिहरूले मैत्रीपूर्ण प्रतिस्पर्धाको मान्यताका आधारमा सहयात्रा गर्ने । उम्मेदवार छनोट हुने निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक पार्टी तथा समूहहरूले कुनै ठाउँमा अरू दलको समर्थनमा आफ्नो दलको सदस्य आफ्नै दलको चुनाव चिन्हमा उम्मेदवार बन्ने र कुनै ठाउँमा आफ्नो दलले अरू दलको उम्मेदवारलाई सोही दलको चुनाव चिन्हका आधारमा सहयोग गर्ने गरी चुनावी तालमेल कायम गर्ने ।' यो कामका लागि 'मोर्चा' ले समन्वयकारी र आवश्यकताअनुसार नेतृत्वदायी भूमिकासमेत खेल्नेछ । माथि उल्लेख गरिएका कामहरू मात्र होइन, 'मोर्चा' ले अरू पनि आवश्यक कामहरू गर्न सक्नेछ । त्यस्ता कामहरू निर्धारित समयमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कुरालाई सुनिश्चित गर्नका लागि हुनेछन् । लोकतान्त्रिक गणतन्त्रका

पक्षधर उम्मेदवारहरूलाई विजयी बनाउनका लागि हुनेछन् । संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रसहितको नयाँ संविधान निर्माण गर्न आवश्यक ठानिएका अन्य कामहरू पनि 'मोर्चा' ले गर्न सक्नेछ ।

**३. मोर्चाको संरचनात्मक स्वरूप सम्बन्धमा थोरै कुरा**

केन्द्रमा र सम्भव भए जिल्ला तहसम्म मोर्चाको संयन्त्र निर्माण गर्न उपयुक्त देखिन्छ । यस्तो संरचनामा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहने सम्पूर्ण राजनीतिक दल, समूह तथा व्यक्तित्वहरू सम्मिलित हुनुपर्दछ । यस्तो मोर्चामा राजनीतिक दल, समूह तथा सङ्गठित क्षेत्रको नागरिक समाज दलगत तथा समूहगत हैसियतमा र व्यक्तिहरूले व्यक्तिगत हैसियत सङ्गठित हुन पाउनुपर्दछ । सहमतिका आधारमा 'मोर्चा' सञ्चालनको विधि तथा आचारसंहिता निर्माण गरिनुपर्छ । 'मोर्चा' आवश्यकताको उपज हो भने सहमतिबाटै यसको सुपरिचालनलाई सम्भव बनाइनुपर्छ ।

'लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूबीचको संयुक्त मोर्चा निर्माणको सम्भावनालाई कात्तिक २२ गते सहमतिका आधारमा सार्वजनिक गरिएका निर्णयहरू र मङ्सिर ५ गते सम्पन्न 'शान्ति सम्झौता' ले ढोका खोलिदिएको छ भने निकट भविष्यमा गठन हुने अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकारले यो प्रक्रियालाई गति दिने कुरामा विश्वास गर्न सकिन्छ । ■

# अन्तरिम संसद्, सरकार र हाम्रो भूमिका

' रघु पन्त

**अन्तरिम संविधान**

२०४६ सालको जनआन्दोलनको बलमा बनेको नेपाल अधिराज्यको संविधान-०४७ लाई अब नेपालको अन्तरिम संविधान-०६३ ले केही दिनभित्रै विस्थापित गर्दैछ । ०४७ सालको संविधान नेपालको इतिहासमा अहिलेसम्मको सबैभन्दा प्रगतिशील र प्रजातान्त्रिक संविधान थियो । यो संविधानलाई हटाएर तत्कालका लागि आउने अन्तरिम संविधान अस्थायी भए पनि सारवस्तुमा यो ०४७ को संविधानभन्दा बढी प्रगतिशील र लोकतान्त्रिक हुनेछ । अन्तरिम संविधान-०६३ ले अझ बढी जनमुखी, प्रगतिशील र लोकतान्त्रिक संविधान निर्माण गर्न संविधानसभाको निर्वाचनका लागि आधारभूमि तयार गरिदिनेछ ।

संविधानसभा संविधान निर्माण गर्ने सबैभन्दा लोकतान्त्रिक विधि हो । यो विधि र प्रक्रियाबाट नेपाली जनताले संविधान निर्माणका लागि प्रत्यक्ष भूमिका खेल्ने र संविधानमाथि स्वामित्व कायम गर्ने मौका पाउनेछन् । जनताबाट निर्वाचित प्रतिनिधिहरूले संविधान निर्माण गर्ने कार्यसूची विगत ५५ वर्षदेखि अधुरो रहँदै आएको कार्यसूची हो । ००७ सालको परिवर्तनदेखि आजसम्म नेपाली राजनीतिमा संविधानसभा एउटा महत्त्वपूर्ण राजनीतिक विषय बनिरह्यो । ००७ सालको परिवर्तनपछि राजा त्रिभुवनले नेपाली जनतासामु उभिएर जनताका निर्वाचित प्रतिनिधिहरूले संविधानसभामार्फत संविधान बनाएर शासन गर्नेछन् भन्ने घोषणा गरे पनि त्यो घोषणा कहिल्यै पूरा भएन । राजा त्रिभुवनदेखि राजा ज्ञानेन्द्रसम्म प्रत्येक राजाले जनतालाई झुक्याउने र जनताको सम्पूर्ण अधिकार खोसेर एकलौटी शासन गर्ने निरङ्कुश तरिका जारी नै राखे ।

०६२-६३ को सशक्त र संयुक्त जनसङ्घर्षले राजा ज्ञानेन्द्रलाई झुकाएपछि मात्र यतिबेला संविधानसभामा जान सकिने आधार तयार भएको छ । अन्तरिम संविधान-०६३ संविधानसभालाई कार्यरूप दिने मूल ढोका हो, जसबाट छिरेर मात्र हामी संविधानसभाको चरणमा पुग्न सक्छौँ ।

अन्तरिम संविधान-०६३ तयार भइसकेको छ र केही दिनभित्रै त्यो जारी हुनेछ । सात दलको संयुक्त सरकार र नेकपा (माओवादी) बीच सहमति भइसकेको उक्त अन्तरिम संविधानमाथि पुनःस्थापित प्रतिनिधिसभाले व्यापक रूपमा छलफल गरेर केही थपघट गर्न चाहेमा थपघटसमेत गरेर त्यसलाई पारित गर्नेछ । त्यसपछि मात्र अन्तरिम संविधान-०६३ ले पूर्ण रूपमा वैधता पाउनेछ र त्यो कार्यान्वयन हुने बाटो खुला हुनेछ ।

अन्तरिम संविधान सङ्क्रमणकालीन संवैधानिक र राजनीतिक दस्तावेज हो । यो अन्तरिम काललाई दिशानिर्देश गर्ने अत्यन्त महत्त्वपूर्ण संवैधानिक र राजनीतिक मार्गनिर्देशन पनि हो । यसैको जगमा उभिएर अन्तरिम संसद् र अन्तरिम सरकारको गठन हुनेछ । त्यसैले अन्तरिम संविधान-०६३ को भूमिका नेपालको राजनीतिक र संवैधानिक इतिहासमा अत्यन्त महत्त्वपूर्ण रहनेछ ।

अन्तरिम संविधानलाई संविधानसभाले बनाउने संविधानले विस्थापित गर्ने भए पनि यसले पछि बन्ने संविधानका लागि आवश्यक कतिपय विषय र सङ्केतहरू आफूभित्र बोकेको हुनेछ । संविधानसभाले कस्तो संविधान बनाउनुपर्छ भन्ने विषयमा पनि अन्तरिम संविधानले केही न केही दिशानिर्देश गर्नेछ र भावी संविधानको रूपरेखाको अन्दाज अन्तरिम संविधानबाटै गर्न सकिनेछ । त्यसैले अन्तरिम संविधान-०६३ यतिबेला चासो र चिरप्रतीक्षित विषय बन्न गएको हो ।

नेपाल अधिराज्यको संविधानको विस्थापन गर्ने, संवैधानिक शून्यता कायम हुन नदिएर राज्यलाई विधिका आधारमा अघि बढाउने र संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्ने लक्ष्य बोकेको अन्तरिम संविधानले राज्यको गति र परिवर्तनलाई समेत निरन्तरता दिनेछ । अन्तरिम संविधान त्यस्तो महत्त्वपूर्ण संवैधानिक दस्तावेज बन्नेछ, जसले हिंसा, हत्या, द्वन्द्व र आपसी लडाइँको दशकलाई विगतका रूपमा र नयाँ संविधान निर्माण, शान्तिको स्थापना, राजनीतिक स्थिरता र मेलामिलापका दिनहरूलाई भविष्यका रूपमा बोकेको हुनेछ । यस अर्थमा विगतको अवशान र भविष्यको आगमनको जीवन्त साक्षी बन्नेछ अन्तरिम संविधान-०६३ । बीसौं शताब्दीको अन्त्य र एक्काइसौं शताब्दीको भावनालाई बोकेको हुनेछ अन्तरिम संविधान-०६३ ले । त्यसैले यो अन्तरिम संविधान नेपालको राजनीतिक इतिहासको एउटा महत्त्वपूर्ण कालखण्डको जीवन्त संवैधानिक र राजनीतिक साक्षी मात्र होइन, मार्गद्रष्टा र भविष्यद्रष्टाका रूपमा समेत हाम्रा लागि महत्त्वपूर्ण सावित हुनेछ ।

## अन्तरिम संसद्

अब बन्ने अन्तरिम संसद् नेपालको इतिहासको पहिलो अन्तरिम संसद् हुनेछ । नेपालमा जसरी अन्तरिम संसद् बन्दैछ, सम्भवतः त्यसरी अन्य कुनै देशमा पनि बनेको छैन । तीन सय ३० जना सदस्य रहने अन्तरिम संसद् सङ्ख्यात्मक रूपमै पनि अहिलेसम्मको सबैभन्दा ठूलो संसद् हुनेछ । ०४७ सालको संविधानले दुई सदनात्मक संसद्को गठन गरेको थियो । जसमा प्रतिनिधिसभामा दुई सय पाँच जना र राष्ट्रिय सभामा ६० गरी जम्मा २ सय ६५ जना सदस्य रहने प्रावधान थियो । अन्तरिम संसद् एक सदनात्मक संसद् हुनेछ, जसमा राष्ट्रियसभाका लोकतान्त्रिक र निर्वाचित सदस्यहरूका साथै पुनःस्थापित प्रतिनिधिसभाका लोकतान्त्रिक सांसदहरू समेत रहनेछन् । अन्तरिम संसद्मा नेकपा (माओवादी) द्वारा मनोनीत, सात दलद्वारा मनोनीत केही प्रतिनिधिहरू समेत रहनेछन् । जनताद्वारा निर्वाचित, विद्रोही दल र मूलधारका दलहरूद्वारा समेत मनोनीत सदस्यहरू रहने अन्तरिम संसद्को गठन आफैंमा पनि नयाँ खालको छ ।

यो अन्तरिम संसद्ले सङ्क्रमणकालको एउटा महत्त्वपूर्ण कालखण्डमा व्यवस्थापिकाको भूमिका खेल्ने मौका र चुनौती दुवै पाएको छ । यो संसद्मा दुई भिन्न पृष्ठभूमिका सदस्यहरू रहनेछन् । मूलधारमा रहेर जनताको विश्वासको मत जितेर त्यसैमा आधारित रहँदै आफ्नो राजनीतिक मान्यतालाई अघि बढाउँदै आएका राजनीतिक दलका नेता र प्रतिनिधिहरू यो संसद्मा सङ्ख्यात्मक रूपमा पहिलो स्थानमा हुनेछन् भने दोस्रो शक्तिका रूपमा विद्रोही माओवादी नेता-कार्यकर्ताहरू हुनेछन् ।

अन्तरिम संसद् सङ्क्रमणकालीन संसद् हो, जसले मुलुकको अस्थिर र तरल राजनीतिक परिस्थितिलाई स्थिरता, शान्ति र नयाँ संवैधानिक-राजनीतिक परिस्थितितर्फ अघि बढाउनेछ । यसका सामु ऐन-कानुनको निर्माण र पहिलेका नियमित कार्यहरू भन्दा पनि राजनीतिक र संवैधानिक दायित्वहरूलाई पूरा गर्नुपर्ने र निकास दिनुपर्ने चुनौतीहरू रहनेछन् ।

अन्तरिम संसद् नेकपा (माओवादी) को त्यस्तो राजनीतिक पाठशाला हुनेछ, जहाँबाट उनीहरूले संवैधानिक परिपाटी, शान्तिपूर्ण राजनीतिक प्रक्रिया र संसदीय राजनीतिको पाठ सिक्नेछन् । मूलधारका राजनीतिक दलहरू र नेकपा (माओवादी) का नेता-कार्यकर्ताहरूको बहस र द्वन्द्वको राजनीतिक थलोका साथसाथै समस्याहरूको समाधान र द्वन्द्वको निकास आपसी सहमतिका आधारमा खोज्ने थलो पनि अब अन्तरिम संसद् नै बन्नेछ । अन्तरिम संसद्मा बन्दुकले होइन तर्कले, धम्कीले होइन बहसले, बलले होइन बुद्धि र विवेकले अनि एक-अर्कालाई समाप्त होइन सम्मान गर्ने संस्कृतिले प्रश्रय पाउनेछ । नेकपा ( माओवादी) का नेता-कार्यकर्तालाई सुरु-सुरुमा अप्ठ्यारो लाग्न सक्छ संसद्मा तर स्वाभाविक रूपमा विस्तारै उनीहरूले संसदीय विधि र प्रक्रिया सिक्नेछन् ।

यो अन्तरिम संसद् क्रान्तिकारी बन्नैपर्नेछ किनभने यसका सामु रहेका कार्यसूचीहरू अत्यन्त महत्त्वपूर्ण र परिवर्तनसँग जोडिएका छन् । यसले संविधानसभाको निर्वाचनलाई निर्विघ्न रूपले सम्पन्न गर्न र सङ्क्रमणकालमा अराजकता उत्पन्न हुन नदिन आवश्यक ऐन-कानुनहरूको तर्जुमा समेत गर्नेछ । यो संसद्ले अन्तरिम सरकारको निर्माण गर्नेछ र त्यसलाई आफ्ना कामहरूका लागि मार्गनिर्देशनसमेत गर्नेछ ।

भविष्यमा संसद्मा नेकपा (माओवादी) को भूमिका कत्तिको रचनात्मक र प्रभावकारी हुनेछ भन्ने कुराको झझल्को यही अन्तरिम संसद्ले दिनेछ । जेठ महिनामा संविधानसभाको निर्वाचन भयो भने यो अन्तरिम संसद्को आयु छ महिना जतिको हुनेछ । छ महिना जतिको समय अन्तरिम संसद्कै लागि पनि छोटो समय नै हो । त्यसैले यो अन्तरिम संसद्ले छोटो समयमै आफ्नो उपयोगिता र भूमिकालाई स्थापित गरेर देखाउन सक्नुपर्दछ ।

अन्तरिम काल जति छोटो भयो, त्यति नै त्यो मुलुकका लागि हितकारी हुन्छ । तोकिएको समयभित्र कामहरू नहुनु भनेको जटिलताहरू उत्पन्न हुनु हो । अन्तरिम काल लम्बियो भने त्यसले नयाँ-नयाँ संवैधानिक, राजनीतिक र मनोवैज्ञानिक समस्याहरू उत्पन्न गर्छ । द्वन्द्व र अविश्वासहरू बढाउँछ । त्यसैले अन्तरिम संसद्को मूल लक्ष्य भनेको आगामी जेठ महिनाभित्र संविधानसभाको निर्वाचन निर्विघ्न रूपले सकेर नयाँ संविधान निर्माणको कामको थालनी गर्नु हो ।

राजनीतिक अविश्वास, द्वन्द्व, आपसी प्रतिस्पर्धाहरूको व्यवस्थापन र संयोजन गर्दै मेलमिलाप, विश्वास र सहकार्यको भावना र व्यवहारलाई अघि बढाउने प्रमुख थलो हुनेछ अन्तरिम संसद् । यो संसद्मा द्वन्द्वहरू र मतभिन्नताहरू पनि अभिव्यक्त

हुनेछन् । चर्काचर्की त पहिलेका संसद्हरूमा पनि हुन्थे भने यसमा पनि हुनेछन् । तर, संसद्को विशेषता भनेकै चर्काचर्की, मतभिन्नता र द्वन्द्वहरूको आपसी सहमतिमा व्यवस्थापन हो । संसद्को यो मूल विशेषता अन्तरिम संसद्मा अझ प्रखर र मूर्त रूपले देखापर्नेछ । क्रान्तिकारी र अग्रगामी परिवर्तनका विषयहरूलाई आफ्नो प्रमुख कार्यसूची बनाउनुपर्ने र एघारवर्षे लामो हिंसात्मक द्वन्द्वलाई समाप्त पारेर मुलुकलाई रूपान्तरणको बाटोतर्फ लैजानुपर्ने कठिन काम अन्तरिम संसद्ले गर्नुपर्दछ ।

## अन्तरिम सरकार

अन्तरिम सरकार संयुक्त सरकार पनि हो । संसद्भित्र रहेका दुई ठूला र प्रमुख दलहरूसहितको संयुक्त सरकार पहिले पनि गठन भएको थियो । अहिले पनि सात दलको संयुक्त सरकार क्रियाशील छ र यही संयुक्त सरकारसँग वार्ता, युद्धविराम, शान्ति सम्झौता र सहमति गर्दै नेकपा (माओवादी) अन्तरिम संसद् र सरकारमा सहभागी हुन तयार भएको छ। नेकपा (माओवादी) सहितको अन्तरिम सरकार आठ दल सामेल भएको संयुक्त सरकार पनि हो ।

नेपालमा संयुक्त सरकार सञ्चालनको अनुभव त्यति लामो र सुखद छैन । संसदीय व्यवस्थामा प्रधानमन्त्री निर्णायक हुने हुँदा सरकार संयुक्त भए पनि सरकारको सञ्चालन चाहिँ संयुक्त जस्तो नदेखिने र प्रधानमन्त्रीको इच्छाअनुसार चल्ने र चलाउने व्यवहार देखिएको छ । प्रधानमन्त्री र प्रधानमन्त्रीको पार्टीको हस्तक्षेपले गर्दा संयुक्त सरकारका सहयात्रीहरूमा छटपटी र असन्तोष बढ्ने र त्यसले संयुक्त सरकारको काम-कारबाही प्रभावकारी एवम् सुचारु हुन नसकेको देखिएको छ । अहिलेकै सात दलको सरकार पनि यही प्रवृत्तिको सिकार भएर प्रभावकारी बन्न सकेको छैन। सरकारमा देखापरेको यही अन्तरविरोध, एकलौटी प्रवृत्ति र अनमेलले गर्दा नयाँ-नयाँ समस्याहरू समेत देखापर्न थालेका छन् ।

अब अन्तरिम सरकार गठन गर्दा वर्तमान सरकारमा देखापरेका यी समस्याहरू फेरि देखा नपरुन् भनेर अहिलेदेखि नै सतर्क हुनुपर्दछ। अन्तरिम सरकारले गर्ने काम, त्यसको कार्यविभाजनका आधार, कार्यपद्दति जस्ता विषयहरूमा पहिले नै न्यूनतम साझा कार्यक्रम बनाउनुपर्दछ । अन्तरिम सरकारमा मन्त्रालयका बाँडफाँटका आधारलगायतका विषयमा किचलो भयो भने त्यसले जनतामा राम्रो सन्देश जाँदैन । अन्तरिम सरकारको मूल काम भनेको संविधानसभाको निर्वाचनलाई घोषित मितिमा निष्पक्ष, स्वतन्त्र र विश्वस्त ढङ्गले सम्पन्न गर्नु हो । सरकार भएपछि त्यसले दैनिक शासन सञ्चालनको जिम्मेवारी पनि पूरा गर्नैपर्छ, त्यसैले छोटै समयका लागि भए पनि सुशासनको अनुभूति अन्तरिम सरकारले जनतालाई दिन सक्नुपर्दछ ।

संविधानसभाको निर्वाचन नहोस् भन्ने प्रतिगामी षड्यन्त्रलाई ध्वस्त पार्दै निर्वाचन गर्नु, मेलमिलाप, शान्ति, सहअस्तित्व र सहकार्यको कार्यसंस्कृतिको निर्माण गर्नु र राज्यको उपस्थितिलाई लोकतान्त्रिक ढङ्गले बलियो गरी जनतामा स्थापित गर्नु अन्तरिम सरकारका प्राथमिक कामहरू हुन् ।

नेकपा (माओवादी) ले आफ्नो चिन्तन र कार्यशैलीलाई फेर्न सकेन भने र नेपाली काङ्ग्रेसले पनि आफ्नो अहम्, एकलकाँटे प्रवृत्तिलाई कम गर्न चाहेन भने अन्तरिम सरकार पनि अन्तरविरोध ग्रस्त बन्नेछ । नेकपा (माओवादी) मा सहअस्तित्व र सहकार्यको संस्कार अहिलेसम्म पनि देखापर्न सकेको छैन । अहिले पनि माओवादी कार्यकर्ताहरू बलजफ्ती चन्दा उठाउने, अरू दलका कार्यकर्ताहरूलाई धम्काउने, अरू दललाई राजनीतिक गतिविधि गर्न नदिने निरङ्कुश र पेलाहा शैलीबाट अघि बढ्न चाहन्छन् । यस्तो कार्यशैली माओवादी नेता-कार्यकर्ताहरूमा कायमै रहयो भने अन्तरिम सरकारको सञ्चालनमा माओवादी पक्षबाटै व्यवधान खडा हुनेछ । त्यसैले अन्तरिम सरकारको सफलताका लागि नेकपा (माओवादी) मा लोकतान्त्रिक रूपान्तरण अति आवश्यक छ ।

सरकारमा गएर सरकारी संयन्त्रलाई पनि सञ्चालन र सँगसँगै समानान्तर गतिविधिहरू पनि चलाउन खोज्ने नेकपा ( माओवादी) को चिन्तन र व्यवहारमा परिवर्तन आएन भने अन्तरिम सरकार गम्भीर सङ्कटमा पर्नेछ । सरकारमा देखापर्ने यो सङ्कटले मुलुकमा राजनीतिक द्वन्द्वलाई अप्रत्यासित रूपमा बढाउनेछ र यसको असर अन्तरिम संसद्मा समेत पर्नेछ । त्यस्तो अवस्थामा अन्तरिम संसद् विवाद र द्वन्द्वको थलोमा परिणत हुने खतरा बढ्छ ।

भाग र अधिकार खोज्ने तर त्यसअनुरूप गम्भीर, जिम्मेवार र परिपक्व व्यवहार नगर्ने माओवादीको प्रवृत्तिले गर्दा नै उसप्रति राजनीतिक दलहरू र आमजनता विश्वस्त हुनसकेका छैनन् । आफ्नो आलोचनाप्रति पटक्कै सहिष्णु व्यवहार देखाउन नसक्ने, आलोचना गर्नेहरूलाई आफ्नो कट्टर विरोधी ठानेर उनीहरूसँग बदला लिन खोज्ने र अरूको अस्तित्वलाई समाप्तै पार्न खोज्ने जस्ता गैरलोकतान्त्रिक आचरण माओवादीको आमचरित्रका रूपमा देखापरेको छ । आफ्नो लोकतान्त्रिक रूपान्तरण नगर्ने हो भने नेकपा (माओवादी) एउटा विश्वासयोग्य र लोकतान्त्रिक राजनीतिक शक्तिका रूपमा जनतामा स्थापित हुन सक्दैन ।

अन्तरिम सरकारको सफलताका लागि नेकपा (माओवादी) मा उत्तरदायी आचरण र गम्भीरताको विकास हुनु आवश्यक छ । अन्तरिम सरकारलाई आ-आफ्नो शक्ति सुदृढीकरणका लागि नभएर देशको राजनीतिक भविष्यको सुदृढताका लागि प्रयोग गर्ने दूरदृष्टि सबै राजनीतिक दलहरूमा हुनुपर्दछ अनि मात्र अन्तरिम सरकारले सफल ढङ्गले आफ्नो उत्तरदायित्वलाई पूरा गर्न ठीक ढङ्गले कार्य सम्पादन गर्न सक्छ ।

## अन्तरिम संसद र सरकारमा एमालेको भूमिका

नेकपा (माओवादी) मा उग्रवामपन्थी चिन्तन र अव्यावहारिक हठहरू देखिन्छ भने नेपाली काङ्ग्रेसमा दक्षिणपन्थी चिन्तन र यथास्थितिवादी प्रवृत्ति तथा व्यवहार मौजुद छ । नेकपा (एमाले) ले अन्तरिम संसद् र सरकारमा आफ्नो उपस्थितिका कारणले नेपाली काङ्ग्रेसलाई अग्रगामी बनाएर यथास्थितिवादबाट अघि बढ्न घच्घच्याउन सक्छ भने आफ्नो सन्तुलित दृष्टिकोणका आधारमा नेकपा (माओवादी) लाई उग्रवामपन्थी चिन्तन र अव्यावहारिक हठहरूबाट मुक्त हुन प्रेरित गर्न सक्छ ।

आफ्नो राजनीतिक र दलीय स्वार्थ पूरा गर्न कतिपय राजनीतिक अडानहरू छाडिदिएर नेपाली काङ्ग्रेससमक्ष लत्रने प्रवृत्ति नेकपा
(माओवादी) मा देखिएको छ भने माओवादीलाई उपयोग गरेर आफ्नो दलीय स्वार्थ पूरा गर्न माओवादीप्रति तुष्टीकरणको व्यवहार गर्ने प्रवृत्ति नेपाली काङ्ग्रेसमा देखापरेको छ । नेपाली काङ्ग्रेस र नेकपा (माओवादी) मा रहेका यस्ता गलत प्रवृत्तिहरू विरुद्ध नेकपा (एमाले) ले संसद् र सरकारभित्र वैचारिक बहस र संघर्षसमेत चलाउनुपर्ने आवश्यकता छ ।

लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि अन्तरिम सरकारले बाटो खुला गर्न सकोस् र जनतालाई शान्ति सुरक्षा र सुशासनको प्रत्याभूति सरकारले दिन सकोस् भन्नेतर्फ नै नेकपा (एमाले) को मूल ध्यान केन्द्रित हुनुपर्दछ । अन्तरिम संसद्लाई सङ्क्रमणकालीन क्रान्तिकारी संसद्का रूपमा रूपान्तरण गर्न नेकपा (एमाले) ले आफ्नो ध्यान लगाउनेछ भने अन्तरिम सरकारलाई सफल पार्न पनि सम्पूर्ण शक्ति लगाउनेछ । अन्तरिम संसद् र सरकारमा नेकपा (एमाले) को उपस्थितिले अग्रगामी परिवर्तनलाई अघि बढाउन सकियोस् र राज्यको पुनःसंरचना गर्दै नयाँ नेपाल निर्माणको ढोका खोल्न सकियोस् भन्नेतर्फ नेकपा (एमाले) ले आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेछ ।

संसद् सरकार सञ्चालनका आफ्ना विगतका अनुभवहरूको समीक्षा गर्दै भावी दिनहरूमा क्रान्तिकारी उत्साह, गतिशीलता र अठोटका साथ नेकपा (एमाले) अघि बढ्नुपर्ने आवश्यकता छ । नेकपा (एमाले) का सामु यतिबेला जति सम्भावनाहरू छन्, तीभन्दा बढी चुनौतीहरू छन् । चुनौतीहरूको सामना गरेर मात्र सम्भावनाहरूलाई पनि आफ्नो पक्षमा प्रयोग गर्न सकिन्छ । अन्तरिम संसद् र सरकारको समेत एक प्रमुख सहभागी र देशको एउटा प्रमुख राजनीतिक शक्ति भएको नाताले नेकपा (एमाले) को काँधमा उत्तरदायित्वहरूको भारी छ । ती उत्तरदायित्वहरूको भारीलाई बहन गर्ने आफ्नो क्षमता र कौशललाई नेकपा (एमाले) ले सावित गरेर देखाउनुपर्दछ र यसो गर्न नेकपा (एमाले) समर्थ पनि छ ।

अन्तरिम संसद् र सरकारलाई अग्रगामी परिवर्तनका लागि राजनीतिक दलहरूको सहकार्यको थलो र लक्ष्यप्राप्तिको माध्यमका रूपमा स्थापित गरेर देखाउन त्यसका लागि आवश्यक न्यूनतम र साझा कार्यक्रम, कार्यपद्दति र आचारसंहिताहरूको निर्माणका लागि नेकपा (एमाले) ले अगुवाको भूमिका खेल्नुपर्दछ । देशलाई लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याएर पुँजीवादी क्रान्तिको एउटा चरण सम्पन्न गर्ने, संविधानसभामार्फत नयाँ, लोकतान्त्रिक र क्रान्तिकारी संविधान निर्माण गर्ने र मुलुकमा अग्रगामी परिवर्तनलाई अघि बढाउने लक्ष्यका साथ नेकपा (एमाले) ले आफ्नो भूमिकालाई अन्तरिम संसद् र सरकारमा प्रभावकारी तरिकाले अघि बढाउन लाग्नुपर्दछ । संसद् र सरकारका कामहरूलाई सङ्गठनको विस्तार र पार्टीको लोकप्रियताका लागि सहयोगी बनाउन सकियोस् भन्नेतर्फ गम्भीरतापूर्वक ध्यान दिएर लाग्नुपर्दछ । अन्तरिम संसद् र सरकारमा पार्टीको भूमिका देश, जनता, परिवर्तन र पार्टीका लागि परिणामदायी बनाउने ठोस योजना यही कारणले अहिलेको सन्दर्भमा महत्त्वपूर्ण बनेको हो भन्ने कुरालाई कदापि बिर्सनु हुँदैन ।

अन्तरिम संसद् र सरकारमा सबै सहभागी दलहरू जिम्मेवार भएर लागिपर्नु पर्दछ । अन्तरिम संसद् र सरकार नेकपा (एमाले) का साथसाथै अन्य दलहरूको पनि योग्यता र क्षमता जाँचिने परीक्षण थलो हो । ■

# प्ररायुसङ्घमा नयाँ नेतृत्व, एकतिहाइ सिट महिलालाई

'युवाको चाहना : गणतन्त्रको स्थापना' भन्ने मूल नारासहित करिब एक लाख जनसमुदायको उपस्थितिमा प्रजातान्त्रिक राष्ट्रिय युवासङ्घको छैटौं राष्ट्रिय सम्मेलन नेकपा (एमाले) का महासचिव नेपालले गएको मङ्सिर १६ गते सहिद मैदान विराटनगरमा जनसमुदायको विशाल उपस्थितिमा उद्घाटन गर्नुभएको थियो । उद्घाटन कार्यक्रमको अध्यक्षता सङ्घका अध्यक्ष गोकर्णराज विष्टले गर्नुभएको थियो ।

उक्त अवसरमा उपप्रधानमन्त्री तथा सङ्घका संस्थापक अध्यक्ष केपी शर्मा ओली, एमाले स्थायी समिति सदस्यहरू भरतमोहन अधिकारी र अशोकुमार राई, महिला नेतृ यशोदा अधिकारी र विभिन्न देशी-विदेशी युवासङ्घ, सङ्गठनका प्रतिनिधिहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । उद्घाटन समारोहमा एमाले केन्द्रीय सल्लाहकार समितिका सभापति कमल कोइराला, पार्टी केन्द्रीय सदस्यहरू भीम आचार्य, सुरेश कार्की, स्थानीय विकासमन्त्री राजेन्द्रप्रसाद पाण्डे, सङ्घका पूर्वअध्यक्ष पशुपति चौलागाईंलगायतका पूर्व युवा नेताहरूको समेत उपस्थिति थियो ।

प्रजातान्त्रिक राष्ट्रिय युवासङ्घ, नेपालको छैटौं राष्ट्रिय सम्मेलनले अजम्बर राई काङमाङको अध्यक्षतामा ७५ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मतिले चयन गरेको छ ।

सङ्घको उपाध्यक्षमा गरिमा शाह, महासचिवमा इन्द्रलाल सापकोटा, सचिवमा हस्त पण्डित र कोषाध्यक्षमा महेश बस्नेत चुनिनुभएको छ । नवनिर्वाचित सचिवालय सदस्यहरूमा राजेन्द्रप्रसाद जोशी, निरज आचार्य, इजन बराल, माधव अर्याल, स्वयम्भूराज डङ्गोल, हरिबहादुर राई, सत्यनारायण यादव, होम थापा, राजीव पहारी, सूर्यबहादुर शाही, दिलकुमारी पन्त, चमिना भट्टराई, प्रेम महर्जन, सङ्ग्रामजीत लामा, केशव विष्ट, लक्की शेर्पा, झपट रावल, हीरा केसी र श्रीप्रसाद साह हुनुहुन्छ ।

त्यसैगरी केन्द्रीय सदस्यहरूमा उदय राई, बाबुराम थापा, राजेश बस्नेत, ईश्वरमणि राउत, लक्ष्मीनारायण यादव, बेचुराज तिमल्सिना, हरिदेव गिरी, सुदर्शन मिश्र, रामेश्वर श्रेष्ठ, कमलराज पाठक, अनिरुद्र राव, ज्ञानबहादुर थापा, ऋषिराम पाण्डे, वासुदेव घिमिरे, बालकृष्ण सुवेदी, देवेन्द्रराज पाण्डे, हिराचन्द्र केसी, गोविन्दकुमार पुन, सूर्य ढकाल, चन्द्रबहादुर बुढा, चेतनराज गिरी, जीवनकुमार बम, नरेशकुमार शाही, नरेन्द्र विष्ट, अम्बिका खनाल, निमा बस्नेत, निरु पाल, विमला खनाल, जुना बस्नेत, मञ्जु यादव, विमला मानन्धर, मीना श्रेष्ठ, निर्मला प्रजापति, उर्मिला कर्माचार्य, चन्दा कुशवाह, पार्वती सिलवाल, सावित्री मल्ल, भगवती विष्ट, नरकुमारी गुरुङ, भूमिका लिम्बू सुब्बा, अनिता लामा, शाहजहाँ खातुन, माया चौधरी, सविता रसाइली, धनकुमारी सुनार, गोविन्द भट्टराई, धनप्रसाद तामाङ, पासाङ शेर्पा, ज्ञानकुमार श्रेष्ठ, विनोदकुमार पासवान र होमबहादुर नेपाली हुनुहुन्छ । देशभरिका नौ सय ४७ पुरुष र तीन सय २५ महिला गरी एक हजार दुई सय ७२ जना प्रतिनिधि रहेको छैटौँ सम्मेलनद्वारा निर्वाचित नेतृत्वलाई अध्यक्ष मण्डलका अध्यक्ष भीम आचार्यले शपथ गराउनुभएको थियो भने निवर्तमान केन्द्रीय कमिटीका अध्यक्ष गोकर्णराज विष्ट र महासचिव रवीन्द्र अधिकारीले बधाई तथा शुभकामना दिनुभएको थियो । नवनिर्वाचित केन्द्रीय कमिटीका अध्यक्ष राईले सम्मेलनको समापनमा प्रतिबद्धता मन्तव्य राख्दै सङ्घलाई छैटौँ राष्ट्रिय सम्मेलनको भावनाअनुरूप गतिशील र संयोजनकारी नेतृत्व प्रदान गर्ने बताउनुभएको थियो । ■

# शान्ति सम्झौतापछिको स्थिति र हाम्रो नीति

**' युवराज ज्ञवाली**

सात दल र नेकपा (माओवादी) बीचको सहमतिअनुसार आगामी २०६४ जेठ महिनाभित्रैमा संविधानसभाको निर्वाचन गर्ने सहमति भएको छ । ००७ सालमै राजा त्रिभुवनले दुई वर्षभित्रमा संविधानसभाको निर्वाचन गर्ने घोषणा भए पनि प्रमुख रूपले राजाहरूकै षड्यन्त्रका कारणले आजसम्म पनि त्यो विषयले सार्थकता पाएन । यसपटक पनि षड्यन्त्र हुँदैन भन्ने सुनिश्चित आधार छैन । त्यसैले यस सम्बन्धमा राजनीतिक पार्टीहरूमा उच्च किसिमको सतर्कताको आवश्यकता छ । राजा ज्ञानेन्द्र अहिले अधिकारविहीन छन् तर उनी चुप लागेर बसेका छैनन् । जेठभित्रै यो चुनाव नहोस् भन्नका लागि अनेक किसिमका प्रयत्नहरू हुनसक्ने सम्भावनालाई समयमै देख्न सक्नुपर्छ र सोहीअनुसारको तयारीमा जुट्नुपर्छ । वर्तमान सरकारले वार्ता प्रक्रियालाई समयमै टुङ्ग्याउन सकेको र अहिले जुन काम भइरहेको छ, त्यसलाई अलि पहिले नै सम्पन्न गर्न सकेको भए, संविधानसभाको निर्वाचनका लागि पर्याप्त समयावधि बाँकी रहने थियो । अन्तरिम संविधानका लागि बनेको मस्यौदा कमिटी निर्माण गर्दा भएको गम्भीर त्रुटि र अन्य कतिपय कारणले पनि वार्ता प्रक्रिया समयमै टुङ्गो लाग्न सकेन, जसको कारणले गर्दा जेठभित्रमा चुनाव हुने कुरामा आशङ्का उत्पन्न भएको छ । यदि जेठभन्दा पछि चुनाव सार्ने अवस्था आयो भने ००७ सालदेखिको इतिहास दोहोरिने सम्भावना बढेर जान्छ । त्यसैले बिनाविलम्ब संविधानसभाको निर्वाचनका लागि गर्नुपर्ने कामलाई तीव्र रूपमा अघि बढाउनु जरुरी छ ।

हाम्रो पार्टीले जनमतसङ्ग्रहबाट राजतन्त्रबारे निर्णय गर्ने र समानुपातिक निर्वाचन प्रणालीका आधारमा संविधानसभाको निर्वाचन गर्नुपर्ने प्रस्ताव राखेको भए पनि प्रमुख रूपले नेपाली काङ्ग्रेसको हठको कारणले उक्त प्रस्तावमाथि सहमति हुन सकेन । तर पनि, संविधानसभाको पहिलो बैठकले सामान्य बहुमतका आधारमा राजतन्त्रबारे टुङ्गो लगाउने भन्ने सहमति भएको हुनाले त्यसलाई आधार मानेर मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको निष्कर्षमा पुऱ्याउन सकिने सम्भावना अझै पनि प्रबल रूपमा रहेकै छ । संसारको इतिहासमा राजतन्त्रको अन्त्यका लागि लाखौँ मानिसको बलिदान भएको छ तर यतिबेला नेपाली जनताका सामु शान्तिपूर्ण प्रक्रियाद्वारा राजतन्त्र हटाउन सकिने अत्यन्त राम्रो र अनुकूल सम्भावना देखापरेको छ । यस सम्भावनालाई सफलतामा पुऱ्याउनका लागि अधिकतम रूपमा प्रयास गर्नु जरुरी छ । यदि यसपटक पनि राजतन्त्रलाई ढाल्न सकिएन भने नेपालको राजनीतिमा लामो समय राजा कायम रहने अवस्था आउँदैन भन्न सकिँदैन । त्यसपछि दक्षिणपन्थी र

वामपन्थीबीचको ध्रुवीकरणले नेपालको राजनीतिमा सुधारवाद हावी हुने र क्रान्तिकारी प्रक्रिया पहिलेकै जस्तो रणनीतिक लक्ष्यमा सीमित रहने अवस्था आउन सक्छ ।

संविधानसभा संविधान निर्माण गर्ने सर्वोत्तम प्रजातान्त्रिक प्रक्रिया हो । तर, यो आफैँमा लक्ष्य भने होइन । वर्तमान सन्दर्भमा, संविधानसभाको निर्वाचनको एक मात्र उद्देश्य राजतन्त्रको अन्त्य नै हो । राजतन्त्रको अन्त्य साध्य हो भने संविधानसभा साधन मात्र हो । तर, यसलाई नै उद्देश्यका रूपमा बुझ्ने दृष्टिकोणका कारणले जनमतसङ्ग्रहको महत्त्वलाई देख्न नसक्ने गम्भीर त्रुटि हुन पुग्यो । हाम्रो फरक मत अहिले कार्यान्वयन हुन सक्तैन, त्यसैले सहमतिका विषयहरूलाई नै प्रमुख जोड दिँदै संविधानसभामा गणतन्त्रवादीहरूले अत्यधिक बहुमत हासिल गर्ने दिशातर्फ अघि बढ्नुबाहेक हाम्रासामु अर्को विकल्प छैन । सात दल र माओवादीबीचको सहमतिले एकातिर संविधानसभाबाट गणतन्त्र ल्याउने ढोका खोलिदिएको छ भने अर्कोतिर दिगो शान्तिका लागि एउटा बलियो आधार निर्माण गरेको छ । त्यसैले यसको ठूलो ऐतिहासिक महत्त्व रहन गएको छ । सेना र हतियार व्यवस्थापनको सम्बन्धमा सहमति भइसकेको अवस्थामा अब अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार निर्माण गर्ने कार्यलाई दिनरात खटेर यथाशीघ्र सम्पन्न गर्नु जरुरी छ । सरकार बनाउँदा व्यक्ति विशेषका बारेमा निर्णय गर्नुभन्दा पहिले अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रम, आचारसंहिता, विभिन्न महत्त्वपूर्ण राजनीतिक नियुक्तिसम्बन्धी नीति, संविधानसभाको निर्वाचनको मिति, स्थानीय निकायको पुनःगठनसम्बन्धी ठोस मापदण्ड मन्त्रालयको बाँडफाँटजस्ता विषयमा सहमति कायम गर्नुपर्छ । यस्ता महत्त्वपूर्ण विषयमा सहमति कायम नगरीकन व्यक्ति छान्ने काम गरियो भने फेरि पनि त्यो अन्तरिम सरकार प्रधानमन्त्रीको स्वविवेकमा चल्ने र त्यसले राजनीतिक पार्टीहरूबीच गम्भीर मतभेद उत्पन्न हुनसक्छ । जनआन्दोलनपछि बनेको सरकारले वार्ता सफल पार्ने काम गऱ्यो भने अब बन्ने सरकारले लोकतान्त्रिक गणतन्त्रका लागि सङ्घर्ष गर्ने महत्त्वपूर्ण मोर्चाको काम गर्नुपर्छ । त्यसैले अन्तरिम सरकारको अझ ठूलो महत्त्व छ । विगत ११ वर्षदेखिको युद्धको अन्त्य भएको घोषणा त भयो तर राजतन्त्रको अन्त्यको घोषणा गर्नु त्यसभन्दा कठिन र बढी चुनौतीपूर्ण छ । त्यसैले कार्यक्रमबिना सरकारमा जानु गम्भीर गल्ती हुनेछ ।

जनक्रान्तिका रूपमा उठेको संयुक्त जनआन्दोलनमा आमनेपाली जनताको मुख्य माग राजाबिनाको प्रजातन्त्र नै थियो । त्यसैले आन्दोलनकारी सबै राजनीतिक पार्टीहरू गणतन्त्रको दिशातर्फ अघि बढ्नुबाहेक अर्को विकल्प छैन । संविधानसभाको निर्वाचनपछि पनि राजतन्त्र कायमै रहने अवस्था आयो भने मुलुकका लागि ठूलो दुर्भाग्य हुनेछ । त्यसको अर्थ मुलुक सुधारवादको गम्भीर दलदलमा फस्नेछ ।

विगतमा हाम्रो पार्टीले गणतन्त्रलाई रणनीतिक र प्रचारात्मक नाराका रूपमा अघि बढाउँदै आएको थियो भने केन्द्रीय कमिटीको एघारौँ बैठकदेखि त्यसलाई मूल कार्यनीतिक नाराका रूपमा अघि बढाएको छ । यसरी राजतन्त्रको अन्त्य कसरी गर्न सकिन्छ ? पार्टीको सम्पूर्ण ध्यान त्यसमै केन्द्रित हुनुपर्छ । कार्यनीति परिस्थितिअनुरूप निर्धारित गर्ने विषय हो । अहिलेको आत्मगत र वस्तुगत परिस्थिति गणतन्त्रका लागि अत्यन्त अनुकूल बनेको छ । यो अनुकूलतालाई कुशलतासाथ उपयोग गर्न सकिएन भने मुलुकले अग्रगामी फड्को मार्न सक्तैन । यसरी राजतन्त्र नै अहिले प्रमुख शत्रु र निषेध गर्नुपर्ने शक्तिका रूपमा रहेको छ ।

संविधानसभाको निर्वाचनमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसबीच प्रमुख प्रतिद्वन्द्विता रहने कुरा पनि स्पष्ट नै छ । नेपाली काङ्ग्रेसको उद्देश्य बुर्जुवा सुधारवादसम्म मात्र सीमित छ । तर, नेपाली समाजमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत अनेक सवालमा क्रान्तिकारी परिवर्तनको आवश्यकता छ । नेपाली जनताको समग्र मुक्ति अहिलेको आवश्यकता हो । नेकपा (एमाले) लोकतान्त्रिक गणतन्त्र हुँदै जनताको बहुदलीय जनवाद र समाजवादको दिशातर्फ अघि बढ्ने पार्टी हो । यसरी अब पनि मुलुकलाई बुर्जुवा सुधारवादको घेराभित्र सीमित गर्ने कि क्रान्तिकारी परिवर्तनको दिशातर्फ अघि बढ्ने ? नेपालको राजनीति त्यसको अन्तरिम फैसला गर्ने विन्दुमा आइपुगेको छ । अहिलेको अवस्थामा नेकपा (एमाले) को विजय भनेको निश्चित नेता र कार्यकर्तालाई सांसद र मन्त्रीको कुर्सीमा पुऱ्याउने र प्रगतिशील सुधारको काम गर्ने मात्र नभई क्रान्तिकारी प्रक्रियालाई सफलताको विन्दुमा पुऱ्याउने कुरा हो । त्यसैले नेकपा (एमाले) को पार्टी पङ्क्तिले यो विषयलाई अत्यन्त गम्भीर रूपमा लिनु जरुरी छ ।

नेपाली काङ्ग्रेसको नेतृत्व अहिले पनि संवैधानिक राजतन्त्रकै वरिपरि चक्कर काटिरहेको छ । यसको अर्थ वामपन्थीहरूको बढ्दो प्रवाहलाई रोक्नका लागि काङ्ग्रेसले राजासँग अघोषित कार्यगत एकता गर्न खोजेको प्रस्ट हुन्छ । तर, काङ्ग्रेसको एघारौँ महाधिवेशनले राजतन्त्रबारे निरपेक्ष रहने नीति पारित गरेको हुनाले चौतर्फी प्रयास गर्ने हो भने नेपाली काङ्ग्रेसलाई पनि गणतन्त्रका लागि सहमत गराउन सकिने आधार विद्यमान छ । यदि काङ्ग्रेस यस कुरामा सहमत भयो भने नेपाली जनताले दुई सय ३८ वर्षको इतिहासमा सबभन्दा ठूलो ऐतिहासिक विजय हासिल गर्ने कुरा प्रायः सुनिश्चित थियो । काङ्ग्रेस गणतन्त्रका लागि तयार भएन भने अबको निर्वाचनमा राजतन्त्रवादी र गणतन्त्रवादीबीच तीव्र ध्रुवीकरण र कठोर प्रतिस्पर्धा हुनेछ । तसर्थ, अहिले नेपाली काङ्ग्रेसलाई गणतन्त्रका लागि तयार पार्ने कुरामा जोड दिँदै गणतन्त्रवादीबीचको कार्यगत एकता एवम् सहकार्यलाई तीव्र रूपमा अघि बढाउनु जरुरी छ ।

संविधानसभाको चुनाव समानुपातिक निर्वाचन प्रणालीका आधारमा सम्पन्न हुन सकेमा गणतन्त्रवादीहरूको अत्यधिक बहुमत आउने प्रायः निश्चित थियो । त्यो सम्भावना सफलतामा परिणत हुन नपाओस् भनेर नै नेपाली काङ्ग्रेसले दुई सय पाँच

निर्वाचन क्षेत्रमा बहुमतीय आधारमा निर्वाचन गर्नुपर्ने विषयमा अडान लियो । तर, यस विषयमा माओवादीले समेत आफ्नो अडान छाड्नुको पछाडि गम्भीर रहस्य लुकेको देखिन्छ । यसले अन्ततः सबभन्दा बढी नोक्सान स्वयम् माओवादीलाई हुनेछ । माओवादीले अहिलेको यति राम्रो सम्भावनालाई ठीक किसिमले उपयोग गर्ने कुरामा किन ध्यान दिएनन् ? उनीहरूसँग गम्भीर छलफल गर्नु जरुरी छ ।

यसबीच, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का जिल्ला सभापतिहरूको भेलाले गणतन्त्रमा जानुपर्ने सुझाव दिएको छ । कार्यकर्ताको दबाबका कारण नेतृत्वले पनि गणतन्त्रमा जाने विचार बनाएको देखिन्छ । त्यति मात्र होइन, नेपाली काङ्ग्रेससँग पार्टी एकता गर्नका लागि गणतन्त्रलाई आधार बनाउनुपर्छ भन्ने कुरा काङ्ग्रेस (प्रजातान्त्रिक) बाट आउने गरेको छ । यो अत्यन्त सकारात्मक पक्ष हो । यदि काङ्ग्रेस (प्रजातान्त्रिक) ले यस विषयमा अडान लिन सक्यो भने त्यसले निकै ठूलो प्रभाव पार्नेछ । त्यसैले गणतान्त्रिक मोर्चा बनाउँदा अन्य विभिन्न पक्षका साथै काङ्ग्रेस (प्रजातान्त्रिक) लाई पनि उक्त मोर्चामा सामेल गर्नु जरुरी छ । यदि नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ले गणतन्त्रको अडान लिन सक्यो भने यसले नेपाली काङ्ग्रेसलाई गणतन्त्रमा जान बाध्य पार्नुका साथै आफ्नो पक्षमा ठूलो जनमत निर्माण गर्नसक्नेछ ।

यतिबेला राजा राख्ने मान्यतामा अडिएको कुनै पनि राजनीतिक पार्टीले जनताको बीचमा गएर प्रचार गर्न पनि लाज मान्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ । त्यसका लागि वामपन्थी र गैरवामपन्थी समूह एवम् व्यक्तित्वहरूसमेत सामेल भएको बृहत् गणतान्त्रिक मोर्चा निर्माण गर्नु अति जरुरी छ । त्यसको साङ्गठनिक ढाँचाका बारेमा सर्वप्रथम केन्द्रबाट सुरुवात गर्ने र त्यसपछि मात्र जिल्ला-जिल्लामा निर्माण गर्नुपर्छ । अहिले जसरी माओवादीहरूले गणतान्त्रिक मोर्चा निर्माण गरेका छन्, त्यसको कुनै महत्त्व छैन । किनभने, त्यसलाई उनीहरूले आफ्नो भ्रातृ सङ्गठनजस्तो बनाइरहेका छन् । यस्तो तरिकाले गणतन्त्रको प्रभाव र प्रचारलाई सङ्कुचित बनाउँछ । उनीहरूले यस्तो मोर्चा बनाउँदा बृहत् राजनीतिक हितलाई भन्दा आफ्नो दलगत स्वार्थलाई प्राथमिकतामा राखेर बनाएका छन् ।

एक्काइसौँ शताब्दीको वर्तमान नेपालको सन्दर्भमा राजतन्त्रको अन्त्यको अर्थ केवल राजाको हातबाट राजनीतिक पार्टीको हातमा सत्ता हस्तान्तरण मात्र होइन, नेपाली धर्तीबाट सामन्तवादको समूल अन्त्य पनि हो । त्यस्तै नेपाली जनताको उन्नति, प्रगति र समावेशी लोकतन्त्रको स्थापनासँगै स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण पनि हो । त्यसैले लोकतान्त्रिक गणतन्त्रको स्थापनाको अर्थ नेपाली जनताको मुक्ति हो । आफूलाई मार्क्सवादी ठान्ने हरेक पार्टी र व्यक्तिहरूले अन्य धेरै कुरालाई थाती राखेर आफ्ना निजी स्वार्थ, महत्त्वाकाङ्क्षा र दलगत स्वार्थलाई बिर्सेर जनताको मुक्तिको यस अवसरलाई अधिकतम रूपमा उपयोग गर्न सक्नुपर्छ । जनताको मुक्तिको तुलनामा अन्य सबै कुरा अत्यन्तै गौण विषयहरू हुन् । वर्तमान स्थितिमा जे-जस्तो काम गर्दा लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितता हुन्छ, त्यो नै वर्तमान नेपाली राजनीतिको मार्क्सवाद हो । जे काम गर्दा उक्त लक्ष्य प्राप्त गर्न सकिन्छ, त्यो नै क्रान्तिकारिता हो । यसपटक गणतन्त्रको स्थापना हुन नसक्नुको अर्थ नेपालका मार्क्सवादीहरूभित्र रहेको गैरमार्क्सवादी र अक्रान्तिकारी चिन्तन र प्रवृत्ति नै त्यसको जिम्मेवार हो । चुनौती र जटिलताहरू धेरै छन् तर त्यसको तुलनामा सम्भावना र अवसरवादीहरू बढी छन् । नेपालका कम्युनिस्ट नेताहरूले मार्क्सवादको सार, त्यसको गहिराइ र गम्भीरतालाई कत्तिको बुझेका छन्, उनीहरू जनताको मुक्तिका लागि कत्तिको समर्पित छन्, त्यसको वास्तविक परीक्षण यसैपटक हुनेछ । समस्याहरू धेरै छन् तर ती प्रत्येक समस्याको समाधान पनि छ । समस्या मात्र देख्ने तर समाधान नदेख्नेहरूले मार्क्सवादलाई ठीक ढङ्गले बुझेका छैनन् भन्ने ठान्नुपर्छ । किताबमा मार्क्सवाद पढ्न जति सजिलो छ, व्यवहारमा लागू गर्ने मार्क्सवादी कैयौँ गुणा कठिन छ ।

अब नेकपा (एमाले) ले माओवादी र काङ्ग्रेस (प्रजातान्त्रिक) सँग गम्भीर छलफल चलाउनुपर्छ र साझा गणतान्त्रिक मोर्चा बनाउने निर्णय गर्नुपर्छ । त्यसमा विभिन्न वामपन्थी र गैरवामपन्थी समूह र व्यक्तिहरूलाई सामेल गर्नुपर्छ । उक्त मोर्चाले मुलुकका सबै जिल्लामा संयुक्त रूपमा बृहत् सभा र ऱ्यालीहरू गर्नुपर्छ । त्यस्तै, अर्कोतिर मिल्न सक्ने जति कम्युनिस्ट समूहहरूबीच पार्टी एकता गर्नुपर्छ । वर्तमान सन्दर्भमा खासगरी नेकपा (एमाले) र माओवादीबीचको सहकार्यलाई अघि बढाउनेबारे ध्यान दिनु जरुरी छ । उक्त दुई पार्टीबीच अन्तरविरोध बढ्नुको अर्थ गिरिजाप्रसाद कोइरालाले भनेझैँ राजाका लागि 'स्पेस' दिने कुरा मात्र हो । त्यसले एकातिर राजाको जीत हुनेछ भने अर्कोतिर कम्युनिस्टहरूको हार हुनेछ ।

दक्षिणी एसियाका मुलुकहरूमा निर्वाचनको समयमा पैसा, गुण्डा र प्रशासन प्रयोग गरेर त्यसमा विजयी भएको नाटक गर्ने प्रवृत्ति बढेर गएको छ । यदि संविधानसभाको निर्वाचनमा पनि त्यही विकृतिले प्रवेश पाउने हो भने त्यो नेपाली जनता, हाम्रो देश, लोकतन्त्र र कम्युनिस्ट आन्दोलनका लागि दुर्भाग्य हुनेछ । त्यसैले निर्वाचन जति शान्तिपूर्ण र निष्पक्ष हुन्छ, गणतन्त्रको पनि त्यत्ति नै सुनिश्चितता हुन्छ । तसर्थ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नका लागि के-कस्ता उपायहरू अपनाउने भन्नेबारे समयमै स्पष्ट हुनुपर्छ र तदनुरूप अघि बढ्नुपर्छ ।

■

# संविधानसभा र लोकतान्त्रिक गणतन्त्र

**' टीकाराम भट्टराई**

एक देशमा एउटा मात्र कम्युनिस्ट पार्टी हुन्छ, नेपालमा माओवादीबाहेक अन्य कुनै कम्युनिस्ट पार्टी छैन र हतियार र सेनाबिनाको पार्टी कम्युनिस्ट पार्टी हुन सक्दैन, सशस्त्र क्रान्तिका लागि वस्तुगत अवस्था परिपक्व भइसकेको छ भन्ने प्रस्थापनाका आधारमा सशस्त्र क्रान्तिको माध्यमद्वारा सर्वहारा वर्गको अधिनायकत्व स्थापना गर्ने लक्ष्यका साथ सुरु भएको माओवादी हिंसात्मक आन्दोलनले मङ्सिर ५ गतेबाट औपचारिक रूपमा विश्राम लिएको छ । नाम जेसुकै दिएको भए तापनि माओवादीहरू अब बहुदलीय प्रतिस्पर्धासहितको संसदीय व्यवस्थामा आइपुगेका छन् । तत्कालीन संसद्मा नौ सिट ल्याएको माओवादीले त्यसैका विरुद्धमा हतियार उठाएर करिब १५ हजार जनताको बलिदानपछि माओवादी चाँडै संसद्मा औपचारिक रूपमा प्रवेश गर्दैछ ।

अब नेपाली राजनीतिमा माओवादीले आफूलाई एमालेभन्दा भिन्न देखाउन निकै ठूलो कसरत गर्नुपर्नेछ । कार्यक्रमिक दृष्टिकोणले बहुदलीय प्रतिस्पर्धा, संसदीय व्यवस्था, मानवअधिकारका मूल्य र मान्यताप्रतिको दृढता र शान्तिपूर्ण आर्थिक-सामाजिक रूपान्तरण तथा राजनीतिक रूपमा मार्क्सवाद र लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने एमाले र त्यही अवस्थामा आइपुगेको माओवादीलाई नेपाली वाम मतदाताले कुन रूपमा भिन्न देख्लान् यो एउटा अहम् प्रश्न भएको छ । मङ्सिर ५ गतेको ऐतिहासिक सहमतिलाई प्रचण्डले निरन्तरताको क्रमभङ्ग भनेका छन् तर कुनचाहिँ क्रमको भङ्ग कसरी भयो उनले भन्न सकेका छैनन् । सारभूत रूपमा त्यो सम्झौता जेठ ४ को प्रतिनिधिसभा घोषणाभन्दा भिन्न छैन र जेठ ४ को घोषणा तत्कालीन मालेका महासचिव मदन भण्डारीले वर्तमान संविधान जारी हुँदा राखेका आलोचनात्मक समर्थनका २७ बुँदाभन्दा फरक छैन । निरन्तरताको क्रमभङ्गको अर्थ साविक राज्यसत्ताको औपचारिक विघटन भई साविकका सबै संरचनाहरूको क्रान्तिकारी पुनःगठन गरिनु हो तर संसदीय व्यवस्था, बहुदलीय प्रतिस्पर्धा, शान्तिपूर्ण परिवर्तनप्रतिको प्रतिबद्धता, खुला र उदारवादी अर्थतन्त्रलाई स्वीकार गरेर आएको माओवादीले कुनचाहिँ निरन्तरतालाई भङ्ग गर्न सफल भयो ? यसको जवाफ सायद माओवादीसँग हुने छैन । निरन्तरताको क्रमभङ्ग हुनलाई कम्तीमा तीनवटा विषयको क्रमभङ्ग हुनु जरुरी छ । एक, राजतन्त्रको औपचारिक रूपमा अन्त्य, वर्तमान केन्द्रीकृत राज्यसत्ताको विघटन र सामन्तवादको जग र साम्राज्यवादको निर्देशनमा चलिरहेको वर्तमान अर्थव्यवस्थाको अन्त्य गरी पुँजीवादी अर्थतन्त्रको प्रादुर्भाव हुनु अनिवार्य छ तर अहिले त्यो अवस्था उत्पन्न भइसकेको छैन । तसर्थ, मङ्सिर ५ गतेको सहमति केवल माओवादीले लिएको कार्यनीति र रणनीतिको निरन्तरताको क्रमभङ्ग हो । किनभने, उनीहरूले जुन प्रस्थापना र विश्वासका आधारमा ०५२ सालमा हतियार उठाएका थिए, त्यसलाई औपचारिक रूपमा समाप्त गरेको घोषणा गरेका छन् । क्रान्तिकारीहरूले निरन्तरताको क्रमभङ्ग भन्नुको अर्थ राज्यव्यवस्थाको निरन्तरताको क्रमभङ्ग हो, आफ्नो दल विशेषको नीतिको क्रमभङ्ग होइन । तसर्थ, माओवादीहरू आफ्नो पार्टीको कार्यनीति र रणनीतिको क्रमभङ्गलाई राज्यको क्रमभङ्गसँग जोडेर जडसूत्रवादमा अभ्यस्त आफ्ना कार्यकर्ताहरूमा भ्रम छरिरहेका छन् । जसरी लेनिनले रुसी क्रान्ति सफल भएपछि निरन्तरताको क्रमभङ्ग भएको घोषणा गरेका थिए, अहिले प्रचण्डले त्यही शब्द दोहोर्‍याएर क्रान्ति सम्पन्न भएको भ्रम छरेर आफ्नो कथित क्रान्तिकारितालाई बचाउने प्रयास गरिरहेका छन् ।

राजतन्त्रलाई जनमतसङ्ग्रहको माध्यमद्वारा टुङ्गो लगाउने विषयमा समेत माओवादीसमेतको असहमति प्रकट भएका कारणले भारी जनमतका माध्यमद्वारा राजतन्त्रलाई बिदा गर्ने नेपाली जनताको अठोट पूरा हुन सकेन । तसर्थ, राजतन्त्रलाई व्यापक जनमत, प्रजातान्त्रिक विधि र आमजनताको दबाबका कारणले समाप्त गर्ने एउटा सुन्दर अवसरलाई गुमाउन हामी बाध्य भएका छौँ । तर पनि, हामीसँग अझै एउटा विधि बाँकी रहेको छ । संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रलाई बिदा गर्ने जुन सहमति आठ दलका बीचमा भएको छ, यो अवसरलाई उपयोग गरी सामन्तवादको अवशेषका रूपमा रहेको राजतन्त्र नेपाली भूमिबाट सदासदाका लागि अन्त्य गरी पुँजीवादी क्रान्तिको चरणमा प्रवेश गर्नु आजको हाम्रो दायित्व हो । अब बन्ने संविधानसभामा गणतन्त्रवादीहरूको कम्तीमा दुईतिहाइ बहुमत प्राप्त भयो भने मात्र राजतन्त्रको अन्त्य हुने सम्भावना रहन्छ । संविधानसभा यस्तो एउटा सभा हो, जसको निर्णय सकेसम्म सर्वसम्मत नभए पनि दुईतिहाइ बहुमतबाट गरिनुपर्दछ । जनमतसङ्ग्रह र संविधानसभाका बीचमा रहेको प्रमुख अन्तर नै यही हो कि जनमतसङ्ग्रहमा सामान्य बहुमतबाट जुनसुकै विषयको निर्धारण गर्न सकिन्छ तर संविधानसभाबाट त्यसो गरिनु उपयुक्त मानिँदैन । यसका पछाडि केही निश्चित कारणहरू रहेका छन् । एक, संविधानसभाका सदस्यहरू स्वयम् जनता नभएर जनताका प्रतिनिधिहरू मात्र हुन् । दोस्रो, संविधानसभाका

सदस्यहरूलाई राजनीतिक दलको ह्वीप जारी गरिँदैन र अन्तिम कारण यो हो कि संविधानसभाका सदस्यहरूलाई विभिन्न शक्तिकेन्द्रहरूले प्रभावित गर्न सक्छन् । तसर्थ, सामान्य बहुमतका आधारमा राजतन्त्रको भविष्य निर्धारण गर्ने लक्ष्यका साथ चुनावमा जानु प्रत्युत्पादक हुने भएकाले सामान्य बहुमतका आधारमा राजतन्त्रलाई समाप्त गर्ने सहमति भए तापनि दुईतिहाइ मतको लक्ष्य र योजनाका साथ निर्वाचनको तयारी र त्यसका लागि गणतन्त्रवादी शक्तिहरूको एकता वा सहकार्य गर्नु आवश्यक देखिन्छ । संविधानसभाका विश्वव्यापी मान्यता र अभ्यासहरूलाई हेर्दा पनि संविधानसभाले गर्ने निर्णय सामान्य बहुमतका आधारमा गरेको देखिँदैन । धेरैपटक उदाहरण लिने गरिएको दक्षिण अफ्रिका होस् वा पूर्वी टिमोर, केन्या होस् वा बोलिभिया, ती सबै देशका संविधानसभाहरूमा दुईतिहाइ वा सोभन्दा माथिको बहुमतका आधारमा मात्र कुनै पनि निर्णय भएको देखिन्छ । तसर्थ, सामान्य बहुमतका आधारमा राजतन्त्रको विषय निर्धारण गर्ने आठ दलको सहमति आधारभूत रूपमा सही नै भए तापनि गणतन्त्रलाई सुनिश्चित गर्नका लागि गणतन्त्रवादीहरूको दुईतिहाइ बहुमत संविधानसभामा हुनु अनिवार्य देखिन्छ । माथि चर्चा गरिएझैँ सामान्यतया संविधानसभाको निर्वाचनमा दलीय ह्वीप जारी नगरिने हुनाले गणतन्त्रवादी दलबाट निर्वाचित हुने र मतदान गर्ने बेलामा अन्य शक्तिको अनुचित प्रभावमा परेर राजतन्त्रको पक्षमा पनि केही सदस्यहरू जान सक्छन् भन्ने मान्यतालाई पनि दृष्टिगत गरिनुपर्ने हुनाले समेत गणतन्त्रवादीहरूको संविधानसभामा दुईतिहाइ बहुमत हुनु आवश्यक देखिएको छ ।

संविधानसभाका सदस्यहरूमध्ये गणतन्त्रवादी र राजतन्त्रवादीहरूको बीचमा करिबकरिब आधाआधा वा थोरै मतको मात्र अन्तर हुने अवस्था उत्पन्न भयो भने संविधानसभाका सदस्यहरूले आ-आफ्नो ढङ्गले दुईवटा संविधानको मस्यौदा गर्ने खतरातर्फ पनि सचेत हुनु आवश्यक छ । यस प्रसङ्गमा भारतको संविधानसभाका सदस्यहरूमध्ये करिब ३० प्रतिशतमा रहेका मुस्लिम लिगका सदस्यहरूले बहुमतको निर्णय मान्न अस्वीकार गरेका कारणले भारतबाट पाकिस्तान अलग भएको दुःखद इतिहासबाट पनि हामीले शिक्षा लिएर संविधानसभामा गणतन्त्रवादीहरूको दुईतिहाइ परिणाम आउने योजना र लक्ष्य निर्धारण गर्नु आवश्यक देखिन्छ । त्यसैगरी, इटलीको संविधानसभामा पनि राजतन्त्र र गणतन्त्रको बीचमा विवाद आएपछि सन् १९४६ मा जनमतसङ्ग्रहको माध्यमद्वारा त्यहाँ यो विषयको टुङ्गो लगाइएको इतिहासलाई हेर्दा अहिले आठ दलले जेसुकै सहमति गरे तापनि हाम्रो पार्टीले भनेजस्तो यो विषय पुनः जनतामा आउने प्रवल सम्भावनालाई पनि हामीले इन्कार गर्न सक्दैनौँ ।

संविधानसभाको पहिलो बैठकद्वारा राजतन्त्रलाई सदाका लागि नेपाली धर्तीबाट बिदा गरेर गणतन्त्रको स्थापना गर्ने आठ दलको सहमतिलाई साकार पार्नका लागि केही नीतिगत विषयमा आठ दल तयार हुनुपर्दछ । त्यस्ता विषयहरूमा १६ वर्ष उमेर पुगेका व्यक्तिहरूलाई मतदानको अधिकार दिइनुपर्दछ, जनआन्दोलनमा जनधनको नोक्सानी गर्ने तत्कालीन शासकहरूलाई दण्डित गरिनुपर्दछ । संविधानसभाको अर्थ, महत्त्व र आवश्यकताका बारेमा खास गरी ग्रामीण जनस्तरमा व्यापक प्रचार-प्रसार गर्नुपर्दछ, संविधानसभा समावेशी हुनका लागि सिमान्त वर्गका व्यक्तिहरूलाई आरक्षणको व्यवस्था गरिनुपर्दछ, वर्तमान केन्द्रीकृत राज्यको पुनःसंरचना गरिनुपर्दछ र नेपाली सेनाको व्यापक लोकतान्त्रीकरण गरिनुपर्दछ । यी नीतिगत विषयमा आठ दल तयार हुने हो भने देशमा गणतन्त्रको माहोल बन्नेछ र राजतन्त्रवादीहरू जनतामा जाने हिम्मत गर्ने छैनन् । तर, वैशाख ११ गतेदेखि आजको मितिसम्मको घटना विश्लेषण गरेको अवस्थामा सुरुका केही महिना राजावादी शक्तिहरू आन्दोलनकारी शक्तिहरूसँग डराएको देखिएका थिए भने हाल आएर उनीहरूमा उत्साह बढेको देखिन्छ भने त्यसको ठीकविपरीत आन्दोलनकारी शक्तिहरूमा भने उत्साहमा निरन्तर कमी आएको देखिन्छ । यसो हुनुमा काङ्ग्रेसको नेतृत्व भएका कारणले सरकारले जनअपेक्षाअनुरूप काम गर्न र जनआन्दोलनका अपराधीहरूलाई कारबाही गर्न गरिरहेको ढिलासुस्तीजस्ता कारणहरू जिम्मेवार छन् । तर, संविधानसभाको निर्वाचनसम्म यसरी नै आन्दोलनकारीहरूको उत्साहमा कमी आउने र राजावादीहरूको उत्साह बढ्दै जाने अवस्था आयो भने संविधानसभाको निर्वाचनमा राजावादीहरूको स्थान राम्रै सङ्ख्यामा सुरक्षित हुने खतरा देखिन्छ । तसर्थ, सरकारी काम-कारबाहीमा तीव्रता र जनआन्दोलनका अपराधीहरूमाथि कानुनबमोजिमको कारबाहीलाई सरकारले जतिसक्दो चाँडो अघि बढायो, त्यति नै गणतन्त्रवादीहरूको मनोबल उँचो हुँदै जाने देखिन्छ ।

अर्को महत्त्वपूर्ण विषय संविधानसभाको पहिलो बैठकबाट जुनसुकै परिणाम आए पनि मलाई मान्य हुनेछ भन्ने प्रतिबद्धता हालसम्म राजाबाट आएको छैन । संविधासभाको पहिलो बैठकसम्म राजालाई राख्ने सर्वदलीय सर्वसम्मत सहमति भइसकेको अवस्थामा प्रधानमन्त्रीले राजालाई यो विषयमा बोल्न लगाउनुपर्दछ ताकि संविधानसभाको पहिलो बैठकले गणतन्त्रको पक्षमा निर्णय गर्‍यो भने भोलिपल्ट राजा नागरिक भएर बस्न तयार रहून् । यदि यो विषयमा राजाले अग्रिम प्रतिबद्धता जाहेर नगर्ने हो भने संविधानसभाको निर्णय कार्यान्वयन हुने कुरामा पुनः शङ्काको स्थिति आउने वा समग्र शान्ति प्रक्रिया अवरुद्ध हुने खतरातर्फ पनि नेपाली जनता सजग र सचेत हुनु आवश्यक देखिन्छ । हाल दरबारमा मौन बसेका राजाको समग्र शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचन वा परिणामप्रति उनको के विचार रहेको छ भन्ने विषयमा नेपाली जनता अनभिज्ञ रहेका छन् । मौनम् सम्मति लक्षणम् भन्ने आधारमा मात्र यो विषयलाई हेरिनु हुँदैन र राजालाई अविलम्ब संविधानसभाको बैठकको निर्णय मलाई मान्य हुनेछ भन्ने सार्वजनिक अभिव्यक्ति दिन लगाउनुपर्दछ । यो विषयमा माओवादीसमेतको मौनताले यो विषयलाई अझ रहस्यमय बनाएको छ ।

संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नका लागि संविधानसभाका हरेक चरणमा जनताको प्रत्यक्ष सहभागिता आवश्यक पर्दछ । संविधान निर्माणको दृष्टिकोणले संविधानसभा सबभन्दा सहभागितामूलक र जनतालाई पूर्ण सार्वभौम बनाउने विधि भए तापनि यसका प्रक्रियालाई अवलम्वन गर्न सकिएन भने यो विधि चुनौतीपूर्ण हुने विश्वका विभिन्न देशमा भएका

असफल इतिहासहरूले सिद्ध गरिसकेका छन् । प्रत्यक्ष निर्वाचनद्वारा संविधानसभाको निर्वाचन गरी संविधानको निर्माण गर्ने विधि वास्तवमा इन्डिकेटरहरूका आधारमा सफल विधि मानिएको छैन । यसलाई सफल बनाउने एउटै आधार हो, यो प्रक्रियामा जनतालाई बढीभन्दा बढी सहभागी गराउने । अनि, जनतालाई बढीभन्दा बढी सहभागी गराउनका लागि समयतत्त्व नै प्रदान हुन्छ । संविधानसभाको तयारी, निर्वाचन र संविधान लेखनको तीनै चरणमा जनताको अधिकतम् सहभागिता नै संविधानसभाको केन्द्रीय सारतत्त्व हो । यदि यी सम्पूर्ण प्रक्रियामा जनतालाई उत्साहजनक रूपमा सहभागी गराउन सकिएन भने संविधानसभाद्वारा संविधानको निर्माण गरिनुको औचित्य स्थापित नहुने त छँदैछ, त्यसपछि बन्ने संविधानप्रति जनताले अपनत्व महसुस गर्ने छैनन् र त्यसविरुद्ध आइपर्ने चुनौतीलाई सामना गर्न जनता तयार नहुन सक्छन् । हामीले अब बन्ने संविधानका सबै चरणहरूमा जनताको उत्साहजनक सहभागिता गराउन सकेनौँ भने भावी संविधानलाई पनि जनताले आफ्नो सम्पत्तिको रूपमा ग्रहण गर्न नसक्ने अवस्था उत्पन्न हुन सक्ने भएकाले त्यो सम्भावित खतराबाट जोगाउनका लागि र संविधान मेरा लागि मैले बनाएको हो भन्ने भावना आमजनतामा पुऱ्याउनका लागि संविधानसभाको प्रक्रियाले केही समय लिन सक्दछ । यदि संविधानसभाको माध्यमबाट साँच्चिकै गणतन्त्रको स्थापना गर्ने हो भने जनतालाई व्यापक बलियो बनाउनु जरुरी छ । त्यसका लागि माथि उल्लेख गरिएजस्तो केही नीतिगत कुराहरूमा राजनीतिक नेतृत्व तयार हुनुपर्दछ र राजनीतिक दलहरूलाई आमजनतामा जाने र शदियौँदेखिको राजतन्त्रको विरुद्धमा जनमत निर्माण गर्नका लागि केही समयसमेत आवश्यक देखिन्छ । ■

# राजनीतिक आन्दोलनमा विधि लक्ष्य हुनसक्छ ?

**' अरुण नेपाल**

युद्ध सुरु गरेको एक दशकपछि नेकपा (माओवादी) ले प्रारम्भमा एजेन्डा नै नबनेको विषयमा सम्झौता गरेर 'जनयुद्ध' समापन गरेको छ । नौलो जनवादी राज्यसत्ता प्राप्त गर्नका लागि 'जनयुद्ध' सुरु गरिएको थियो । एक दशकअघि 'जनयुद्ध' सुरु गर्दा प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न यो बाटो लिइएको घोषणा गरिएको थियो । युद्धप्रति जनविश्वास सिर्जना गर्न यसलाई अन्तिमसम्म पुऱ्याउने प्रतिबद्धताका साथ त्यसबेला अध्यक्ष प्रचण्डले 'नयाँ जनवादी गणतन्त्र नेपालको निर्माण गर्ने सहिदहरूको सपना साकार पार्न 'जनयुद्ध' लाई अन्तसम्म लैजाने पार्टीको प्रतीज्ञा' बारम्बार दोहोऱ्याएका थिए । यसका निमित्त माओवादीले जीवनको मूल्यसहितको कोटा चुक्ता गर्न कार्यकर्ताहरूलाई आह्वान गरेको थियो । फलस्वरूप एक दशकका बीचमा १५ हजारभन्दा बढी जनताले क्रान्तिका निमित्त कोटा चुक्ता पनि गरे । माओवादी 'जनयुद्ध' को औपचारिक समापन भएको अवस्थामा विगतका प्रतीज्ञा, बलिदान र प्राप्त भएका उपलब्धिहरूको मूल्याङ्कन र समीक्षा गर्न माओवादीका लागि मात्रै होइन, राष्ट्रकै लागि समेत आवश्यक भएको छ ।

'जनयुद्ध' ले केही वर्ष पार गर्दा नगर्दै नेकपा (माओवादी) ले नौलो जनवादी राज्यसत्ताप्रति अविश्वास गर्न थालिसकेको थियो । यसको स्थानमा २१औँ शताब्दीमा जनवादको प्रस्ताव 'फिट' गरियो । यो प्रस्तावका धेरै पक्षहरू अहिलेसम्म पनि प्रस्ट हुन सकेका छैनन् । यसको आर्थिक कार्यक्रमबारे माओवादीले कुनै अवधारणा प्रस्तुत गरेको छैन । यसका राजनीतिक पक्षहरू प्रस्ट छैनन् । एकातिर चीनको सांस्कृतिक क्रान्तिलाई आदर्श मानिएको छ भने अर्कोतर्फ पार्टी, सेना र राज्यलाई प्रजातान्त्रीकरण गर्ने विषय उठाइएको छ । दुई विपरीत ध्रुवीय मान्यतालाई गन्जागोल पारेर जोड्ने प्रयत्नले उनीहरूको प्रस्ताव अस्पष्ट, भ्रमपूर्ण र अव्यावहारिक बन्न पुगेको छ । यी सबै कुराका बाबजुद यो प्रस्तावलाई माओवादी पार्टी नयाँ जनवादबाट पछि हटेको प्रमाण भने अवश्य मान्न सकिन्छ ।

राज्यसँग सम्झौता गर्ने विन्दुसम्म आइपुग्दा नयाँ जनवाद मात्र होइन, एक्काइसौँ शताब्दीमा जनवादको प्रस्तावसमेत कहाँ पुगेको छ भनेर खोजी गर्नुपर्ने अवस्था बनेको छ । पछिल्ला घटनाहरूमा माओवादीको अडान र विश्लेषण हेर्दा अन्तरिम सरकारमा उनीहरूको उपस्थिति, संविधानसभाको निर्वाचन र आफ्ना छापामारहरूलाई 'क्यान्टोनमेन्ट' मा राख्नेजस्ता विषयहरूलाई नै लक्ष्य मानेको महसुस हुन्छ । एउटा कम्युनिस्ट पार्टीका लागि यी वा यस्ता विषयहरू लक्ष्य हुन सक्दैनन् । माओवादीकै शब्दमा यिनीहरू त केवल 'बुर्जुवा प्रजातान्त्रिक विधिहरू' मात्र हुन् । सामाजिक क्रान्तिको आह्वान गरेर हजारौँ जनतालाई बलिदान गरेको पार्टीले केवल बुर्जुवा त्यो पनि विधिलाई मात्र विजय ठान्नु कति उपयुक्त हुन्छ, विचारणीय सवाल हो ।

माओवादीका पछिल्ला लेख र अभिव्यक्तिहरू हेर्दा उनीहरूले लोकतान्त्रिक गणतन्त्रलाई महत्त्वका साथ उल्लेख गरेको पाइन्छ । नेपालको सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रको स्थापना निश्चय नै महत्त्वपूर्ण छ । राजतन्त्रको प्रतिगामी र प्रतिक्रियावादी भूमिकाले गर्दा अब नेपाली समाजका निमित्त राजतन्त्रको उपस्थिति अनावश्यक मात्र होइन, बाधकसमेत हुन पुगेको छ ।

त्यसैले सिङ्गो राष्ट्र गणतन्त्रतर्फ उन्मुख भएको हो । तर, यहाँनेर के बुझ्नुपर्दछ भने लोकतान्त्रिक गणतन्त्र सामाजिक परिवर्तन होइन । न यो नयाँ जनवाद हो, न त समाजवाद नै ! लोकतान्त्रिक गणतन्त्र भारत, फ्रान्स, जर्मनी आदि देशहरूमा अभ्यास भइरहेको जस्तै पुँजीवादी प्रकृतिको गणतन्त्र हो । जनवादी गणतन्त्रलाई लक्ष्य बनाएर चलाइएको हिंसात्मक आन्दोलन लोकतान्त्रिक गणतन्त्रमा समापन हुनुलाई अरूले अन्यथा ठान्न जरुरी छैन, किनभने जुन परिस्थितिमा र जसरी नेकपा (माओवादी) ले युद्ध सुरु गरेको थियो, त्यसबाट लक्ष्य प्राप्त हुन पटक्कै सम्भव थिएन । यो 'जनयुद्ध' उग्रवामपन्थी चिन्तनको उपज मात्र थियो । उग्रवामपन्थी चिन्तन र व्यवहारले समाजको क्रान्तिकारी रूपान्तरण गर्न नसक्नु स्वाभाविक थियो र यसको कतै न कतै अवसान हुनु अनिवार्य थियो । अहिले त्यही भइरहेको छ । यसबेला मोहनविक्रम सिंहले ०५३ सालतिर माओवादी 'जनयुद्ध' का सन्दर्भमा उग्रवामपन्थी अवसरवादी राजनीतिको दक्षिणपन्थी अवसरवादका रूपमा पतन हुनु निश्चित छ भनेर गरेको टिप्पणी मननयोग्य र छलफल हुनु आवश्यक विषय बन्न गएको छ ।

आन्दोलनको हिंसात्मक रूपलाई प्रयोग गरेकैले माओवादीले आफूलाई क्रान्तिकारी ठान्ने गरेको पाइन्छ । हिंसालाई व्यवहारमा उतार्न प्रयत्न नगरेकै कारणले माओवादीले अन्य कम्युनिस्ट पार्टीहरूलाई संशोधनवादी, दक्षिणपन्थी आदि आरोप पनि लगाउने गरेको छ । निरपेक्ष हिंसाको दिशालाई परिवर्तनको एक मात्र बाटो ठान्ने दृष्टिकोण उनीहरूमा रहेको अर्को गम्भीर भड्काउ हो । वास्तवमा सङ्घर्षको चरित्रलाई सापेक्षतामा बुझ्नुपर्दछ । परिस्थितिले आन्दोलनको कस्तो मार्ग उपयुक्त हुन्छ भन्ने कुरा निर्धारण गर्दछ । सामाजिक परिवर्तनका लागि कुनै एउटा मात्र विधि सदासर्वदा साश्वत हुन सक्तैन । तर, नेकपा (माओवादी) ले एक दशकसम्म यसै गर्‍यो । आफ्नो जडसूत्रीय र मनोगत आग्रहलाई जबरजस्ती ठीक सावित गर्न त्यसले नेपालको इतिहासलाई समेत तोडमरोड गरी गलत ढङ्गले प्रस्तुत गर्ने प्रयत्न गर्‍यो । नेपालको राजनीतिक आन्दोलनको समीक्षा गर्दै माओवादीले 'आज जनसमुदायले जेजति सुधार र स्वतन्त्रताको उपभोग गरिरहेका छन्, ती सबैका पछाडि पनि जनताको त्याग, बलिदान र हिंसात्मक सङ्घर्षकै प्रमुख भूमिका रहेको' निष्कर्ष निकाल्न पुग्यो । इतिहासबारे यो निष्कर्ष मनोगत, एकलकाँटे र यथार्थ विपरीत छ ।

जनताले उपयोग गरिरहेका सम्पूर्ण अधिकारको पृष्ठभागमा लामो समयसम्म नेपालीहरूले गरेको अथक सङ्घर्ष, बलिदान र त्यागको निर्णायक भूमिका छ भन्नेबारेमा कसैको विमति हुँदैन । किनभने, यो सत्य हो । तर, यसका पछाडि हिंसात्मक सङ्घर्षको प्रमुख भूमिका छ भन्ने निष्कर्ष चाहिँ पूर्ण सत्य होइन । विगत आधा शताब्दीको बीचमा नेपालमा अनेकौँ आन्दोलनहरू भएका छन् । यी आन्दोलनहरूका आ-आफ्नै रूप र चरित्र पनि छन् । ००७ सालको आन्दोलन हिंसात्मक चरित्रको थियो तर त्यो सम्पूर्णतः हिंसात्मक मात्रै थिएन । राणा शासनका विरुद्ध दक्षिणी तराई क्षेत्रबाट सशस्त्र आन्दोलन थालिएको थियो तर राणाशाहीविरोधी आन्दोलन यतिमा मात्रै सीमित थिएन । त्यसबेला राणाहरूको नाकैमुनि काठमाडौँका जनताले विशाल जनप्रदर्शनहरू आयोजना गरिरहेका थिए । सशस्त्र फौज उपत्यकामा प्रवेश गर्नुअगाडि नै राणा शासन ढल्नुले ००७ सालको परिवर्तनका निमित्त शस्त्रबल मात्र होइन, अन्य विभिन्न पक्षहरूले पनि भूमिका निर्वाह गरेका थिए भनेर बुझ्न सकिन्छ । ००७ सालको परिवर्तन त्यस ढङ्गले हुनुका पछाडि मूलतः तीनवटा कारणहरू पाउन सकिन्छ । प्रथम, राणाशाहीका विरुद्ध देशमा हिंसात्मक आन्दोलन प्रारम्भ भएको थियो । दोस्रो, राजधानीलगायतका स्थानमा राणा शासनका विरुद्ध अपूर्व रूपले जनता सडकमा उत्रिरहेका थिए । तेस्रो, परिस्थिति आफ्नो पकडबाट फुत्किने चिन्ताले भारतको मध्यस्थतामा राजा, राणा र काङ्ग्रेसले सत्ता भागबण्डाको सम्झौता गरे । यो सबैको परिणामस्वरूप मुक्तिसेना काठमाडौँ नभित्रीकन नै राणा शासन ढल्यो । यसप्रकार नयाँदिल्लीमा भएको सम्झौतालाई छोड्ने हो भने ००७ सालको परिवर्तन हिंसात्मक र शान्तिपूर्ण आन्दोलनको संयोजित रूप थियो भनेर मान्न सकिन्छ ।

०१७ सालको घटनापछि नेपालमा हिंसात्मक आन्दोलनका प्रयत्नहरू नभएका होइनन् । नेपाली काङ्ग्रेस र तत्कालीन नेकपा (माले) ले परिवर्तनका लागि हिंसात्मक विधि प्रयोग गर्ने भरमग्दुर प्रयत्न गरेको हो । तर, ती प्रयत्नहरू उपलब्धिबिना नै समाप्त हुन पुगे । त्यसपछि नेपालको राजनीति एक-दुई अपवादका घटनालाई छोडेर पूर्णतः शान्तिपूर्ण आन्दोलनको चरणमा प्रवेश गरेको पाइन्छ । त्यसको प्रकट रूप ०३६ सालको विद्यार्थी आन्दोलनलाई मान्न सकिन्छ । हिंसात्मक आन्दोलनले हल्लाउन नसकेको राजतन्त्र र पञ्चायती व्यवस्थालाई यो आन्दोलनले जरैबाट हल्लाइदियो । निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको विकल्प छान्न जनमतसङ्ग्रह घोषणा गर्न राजालाई बाध्य पार्‍यो । ०३६ सालको आन्दोलनले निर्माण गरेको धरातलमा ०४६ सालको संयुक्त जनआन्दोलन सफल भयो । धेरै दृष्टिबाट यो आन्दोलन महत्त्वपूर्ण थियो । यसले प्रथमपटक सैद्धान्तिक रूपमा मात्रै भए पनि जनतालाई सार्वभौम शक्ति स्वीकार्न राजालाई बाध्य बनायो । नेपाली जनताले अहिले प्रयोग गरिरहेको विभिन्न अधिकार र स्वतन्त्रतालाई विगतका यिनै आन्दोलनहरूको पृष्ठभूमिमा बुझ्नुपर्दछ । यहाँ के प्रस्ट हुनुपर्दछ भने ०३६ र ०४६ दुवै शान्तिपूर्ण चरित्रका आन्दोलन थिए ।

०६२-०६३ को दोस्रो जनआन्दोलन धेरै दृष्टिबाट महत्त्वपूर्ण छ । आन्दोलनले निरङ्कुश राजतन्त्रको ढाड फेरि सोझिन सम्भव नहुने गरी भाँचिदिएको छ । यसले जनतालाई इतिहासमै पहिलोपटक सबैभन्दा बढी अधिकार सम्पन्न बनाएको छ । र, सामन्तवादको अन्त्य गर्ने ढोका खोलिदिएको छ । यसबाहेक यो आन्दोलनले केवल हिंसाको बलमा मात्रै राजनीतिक-सामाजिक परिवर्तन सम्भव छ भन्ने मान्यतालाई पुनः अर्कोपटक गलत सावित गरेको छ । सामन्ती सत्तालाई बलपूर्वक ध्वंस गर्न दस वर्षसम्म माओवादीले सञ्चालन गरेको 'जनयुद्ध' ले राजतन्त्रलाई ध्वंस गर्न सकेन बरु त्यसलाई जनताको अधिकार अपहरण गरेर निरङ्कुश शासक बन्ने अनुकूलता थपिदियो । तर, छोटो समय र कम क्षतिको शान्तिपूर्ण जनविद्रोहले सामन्ती

राजतन्त्रलाई उठ्नै नसक्ने गरी पछारिदियो । ठूलो रक्तपात र बलिदान गर्दा समेत पूरा हुने लक्षणसम्म नदेखिएको अन्तरिम सरकार र संविधानसभा निर्वाचनको माग केवल १९ दिनमै पूरा हुने अवस्था बन्यो ।

विगत पचास वर्षको अनुभव र दोस्रो जनआन्दोलनको सफलतासम्मको समीक्षा गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने नेपालमा राजनीतिक एवम् सामाजिक परिवर्तनको बाटो भनेको व्यापकतम् जनताको सहभागितामा हुने विद्रोहात्मक चरित्रको जनआन्दोलन नै हो । व्यवहारले बारम्बार पुष्टि गरिसक्दासमेत नेकपा (माओवादी) यो यथार्थतालाई सहजतापूर्वक स्वीकार्न सकिरहेको छैन । उनीहरूमा अझै सैन्य उन्माद कायम छ । माओवादीले विकास गर्न प्रयत्न गरेको 'फ्युजन' को सिद्धान्तले अझै पनि आन्दोलनको हिंसात्मक चरित्रको मोहलाई छोड्न सकेको पाइँदैन । राज्य-माओवादी संवाद र सहमतिहरूमा सेना र बन्दुकलाई हरक्षण प्राथमिकता दिने माओवादी व्यवहारसमेत यही दृष्टिकोणबाट निःसृत छन् ।

हिंसात्मक आन्दोलनलाई जनताले कसरी ग्रहण गर्दछन् भन्ने कुरा अर्को महत्त्वपूर्ण विषय हो । माओवादीले भनेजस्तो नेपालजस्तो तेस्रो विश्वको उत्पीडित राष्ट्रमा परिवर्तनका लागि दीर्घकालीन 'जनयुद्ध' नै उपयुक्त र एक मात्र बाटो हो भने यसलाई जनताले दह्रो समर्थन गर्नुपर्थ्यो । हिंसात्मक युद्ध जनताका निमित्त आवश्यक हुन्थ्यो भने युद्ध अन्त गर्न भएको राज्य-माओवादी सम्झौतालाई उनीहरूले स्वागत गर्ने होइन, विरोध गर्नु पर्दथ्यो । किनभने, आफ्नो आवश्यकताको अवसान जनताका लागि स्वीकार्य हुन सक्तैन । तर, युद्ध अन्त्य भएकोमा जनताले कतै पनि आपत्ति, असन्तुष्टि र विरोध गरेको पाइएन, बरु स्वागत गरेको पाइयो । यो व्यावहारिक अनुभवबाट पनि प्रस्ट हुन्छ नेपालका लागि 'जनयुद्ध' आवश्यकता होइन, जबरजस्ती लादिएको बोझ मात्र हो ।

बाहिरबाट हेर्दा नेकपा (माओवादी) मा एउटा ठूलो समस्या देखिन्छ । त्यसले बलिदान र त्याग त गरेको छ तर त्यसको तुलनामा उपलब्धि भने न्यून भएको छ । उपलब्धिलाई त्याग, बलिदान र लगानीको सापेक्षतामा निष्पक्ष तुलना गर्दा सहजै यस्तो निष्कर्ष निकाल्न सकिन्छ । युद्ध सुरु गर्दाका लक्ष्यहरूबाट पार्टी विमुख भएको छ र केवल प्रक्रियालाई नै माओवादीले लक्ष्य मान्न थालेको छ । हिंसाको अनिवार्यताको सिद्धान्तलाई घटनाक्रमहरूले गलत सावित गरेका छन् । क्रान्तिको प्रमुख हतियार ठानिएको सेनालाई 'क्यान्टोनमेन्ट' मा बन्द गर्नुपर्ने परिस्थिति बनेको छ । राजनीतिक रूपमा यथास्थितिवादी शक्तिसँग तात्कालिक लाभका लागि अडान र मान्यताहरूको सौदाबाजी गर्नु परिरहेको छ । तैपनि, विजयी शक्तिका रूपमा प्रस्तुत हुनुपर्ने बाध्यता त्यहाँभित्र छ । अझैसम्म पनि माओवादीबाट भइरहेका कुटपिट, जोरजबरजस्ती, अपहरण, दबाब, कर, चन्दा सङ्कलन, विरोधी पार्टीका नेता-कार्यकर्तामाथि हातपात र दुर्व्यवहार, भड्किलो र तामझामपूर्ण प्रस्तुति आदिलाई यही सन्दर्भमा बुझ्न सकिन्छ । ■

# हतियार व्यवस्थापनपछिको राजनीति

' विष्णु रिजाल

सात दल र माओवादीबीच कात्तिक २२ गते सम्पन्न ऐतिहासिक सहमतिका जगमा उभिएर सरकार र माओवादीबीच मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता र मङ्सिर १२ गते हतियार व्यवस्थापन सम्झौता सम्पन्न भएपछि नेपाली राजनीतिमा हतियारको संलग्नता अन्त्य हुने भएको छ । दुवै सम्झौतापछि हतियारका बलमा राजनीति गर्दै आएको माओवादी विधिवत् र औपचारिक रूपमा शान्तिपूर्ण राजनीतिमा सक्रिय हुने मार्ग प्रशस्त भएको छ । माओवादी 'जनयुद्ध' को विधिवत् समाप्तिले मुलुकबाट हिंसा, हत्या र आतङ्कको राजनीति सदाका लागि समाप्त हुने र दिगो शान्ति स्थापना हुने आशा पलाएको छ ।

**'जनयुद्ध' को अवसान**

मङ्सिर ५ गते सरकार र माओवादीबीच सम्पन्न ऐतिहासिक सहमतिको सबैभन्दा प्रमुख र सार पक्ष हो- ०५२ फागनु १ गतेदेखि जारी माओवादी 'जनयुद्ध' को अवसान । माओवादी आफ्नो 'जनयुद्ध' समाप्त भएको घोषणा गर्दै शान्तिपूर्ण राजनीतिमा सहभागी हुन सहमत भएको सो दिन नेपाली राजनीतिका लागि जति सुखद छ, शान्तिपूर्ण प्रतिस्पर्धा र पहलकदमीमा विश्वास राख्ने नेकपा (एमाले) का लागि त्यसभन्दा कम सुखद छैन । एक्काइसौं शताब्दीमा बन्दुकको बलमा सत्ता स्थापना  र सञ्चालन

गर्न सकिँदैन भन्ने मान्यताको विजयका रूपमा यो घटना देखापरेको छ । मूल रूपमा माओवादीले अँगालेको विचार, कार्यनीति, कार्यशैली र कार्यदिशामा आएको परिवर्तन तथा शान्तिपूर्ण राजनीतिको विजयका रूपमा शान्ति सम्झौता अगाडि आएको छ ।

सरकार प्रमुख गिरिजाप्रसाद कोइराला र माओवादी प्रमुख पुष्पकमल दाहाल (प्रचण्ड) द्वारा हस्ताक्षरित सो सम्झौता कात्तिक २२ गतेको ऐतिहासिक सहमतिको आत्मसातीकरण थियो । त्यही सहमतिका जगमा उभिएर सरकार र विद्रोही शक्तिका रूपमा दुई पक्षबीच सम्झौतामा हस्ताक्षर भएपछि माओवादीले विधिवत् रूपमा हतियारको राजनीति परित्याग गरेको छ । हतियारको परिचालन, भण्डारण वा प्रदर्शनलाई त्यस सम्झौताले पूर्ण रूपमा अस्वीकार गर्दै त्यसमाथि प्रतिबन्ध लगाएको छ । नेपाली राजनीतिका मूलभूत सवालहरूमा कात्तिक २२ को सहमतिले निर्धारण गरेका सीमाहरूका जगमा उभिएर भएको सो सम्झौता नेपाली राजनीतिलाई सही, शान्तिपूर्ण र लोकतान्त्रिक दिशामा लैजान कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ ।

**हतियार व्यवस्थापन**

वैशाख ११ मा राजा ज्ञानेन्द्रले नेपाली जनताका सामु घुँडा टेकेपछि तय भएको अग्रगमनको यात्रामा माओवादीका हतियारहरू बाधकका रूपमा देखा परेका थिए । निःशस्त्र रहेका राजनीतिक दलहरू माओवादीका हतियारप्रति बढी चिन्तित र संवेदनशील रहेका थिए । माओवादीका हतियार उचित रूपमा व्यवस्थापन नगरी सुरु गरिने कुनै पनि राजनीतिक अभ्यासमा त्यसको छायाबाट मुक्त हुन सक्दैनन् भन्ने मान्यताका आधारमा माओवादीका हतियार व्यवस्थापनका बारेमा निरन्तर रूपमा आवाज उठ्दै आएको थियो । कात्तिक २२ को सहमतिले हतियार व्यवस्थापनको मूलभूत पक्षलाई निश्चित गर्दै एकल ताल्चा मोडलका आधारमा तिनीहरूलाई २१ वटा मुख्य शिविरहरूमा ताल्चा लगाएर राखिने निर्णय गरेको थियो । तर, त्यसका यावत् प्रक्रिया, मोडेल र विधिका बारेमा भने विस्तृत रूपमा कार्ययोजना बन्न सकेको थिएन ।

मङ्सिर १२ गते राष्ट्रसङ्घका महासचिव कोफी अन्नानका स्वकीय प्रतिनिधि इयान मार्टिनका सहयोगीहरूको उपस्थितिमा दुवै पक्षले हतियार तथा सैनिक व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरेपछि त्यसले हतियार व्यवस्थापनलाई मूर्त रूप दिने मार्ग प्रशस्त भएको छ । सम्झौताका आधारमा राष्ट्रसङ्घको भूमिका र नेतृत्वमा हतियार व्यवस्थापनका लागि अब गरिने प्रयत्नले माओवादी लडाकूलाई मर्यादित र सीमाबद्ध मात्र गर्ने छैन, सरकारी सेनालाई पनि निश्चित मात्रामा अनुगमनमा राख्नेछ । सम्झौता भएका बेला मार्टिन न्युयोर्कमा रहेका कारण सम्झौताका कानुनी पक्षहरूका बारेमा राष्ट्रसङ्घका कानुनी विज्ञहरूको अध्ययनपछि सो सम्झौतामा मङ्सिर २२ गते सरकार, माओवादी र राष्ट्रसङ्घबीच त्रिपक्षीय सम्झौता भएको थियो ।

**सम्झौताको महत्त्व**

हतियार व्यवस्थापनका लागि सम्पन्न सम्झौताले दुवै पक्षका खासगरी माओवादीका लडाकूहरूलाई कसरी व्यवस्थित गर्ने भन्नेबारेमा निश्चित कार्यविधि र तरिका निर्धारण गरेको छ । राजनीतिक सङ्गठनका कार्यकर्ताका रूपमा प्रशिक्षित र प्रयोग भइरहेका माओवादी लडाकूलाई निश्चित मापदण्ड र सीमाभित्र राख्नका लागि सो सम्झौताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा विश्वास गर्न सकिन्छ ।

सम्झौतामा त्रिपक्षीय हस्ताक्षर भएपछि नेपालमा हतियार व्यवस्थापन प्रक्रियामा राष्ट्रसङ्घ विधिवत् रूपमा संलग्न भएको छ । अब हतियार व्यवस्थापनको मामिला सरकार र माओवादीबीच मात्र सीमित रहनेछैन र त्यसमा राष्ट्रसङ्घको उपस्थिति पनि अनिवार्य रूपमा हुनेछ । यसले एकातिर हतियार व्यवस्थापनको विश्वसनीयता बढाउनेछ भने अर्कातिर निष्पक्षता र स्थापित मापदण्डहरूको पालना गर्नेछ । यही आधारमा माओवादी लडाकूलाई अनुशासित बनाउँदै उनीहरूलाई पूर्ण रूपमा हतियारबाट अलग गर्ने प्रक्रिया थालनी हुनेछ ।

**सम्झौतामा के छ ?**

सम्झौतामा पुग्नका लागि दुवै पक्षबीच लामो छलफल र अन्तरक्रिया भएको थियो । कतिपय प्राविधिक जटिलताहरूका कारण सम्झौतामा पुग्न ढिलाइ भएको दुवै पक्षले बताएका थिए । १२ पृष्ठ लामो सम्झौतामा दुवै पक्षका हतियार र सेना व्यवस्थापनका विधि र तरिकाहरूका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

सात मुख्य र २१ सहायक शिविरमा बस्ने माओवादी लडाकू र उनीहरूका हतियारहरूको प्रमाणीकरण राष्ट्रसङ्घीय टोलीले गर्नेछ । तर, अनुगमनका लागि दुवै पक्षमा तीन-तीन जना प्रतिनिधिसहित राष्ट्रसङ्घीय टोली नेताको संयोजकत्वमा नौ सदस्यीय संयुक्त अनुगमन समन्वय समिति निर्माण हुनेछ । सो समितिले बाहिरी अनुगमन गरे पनि माओवादीका शिविरभित्र सरकारी र सरकारी ब्यारेकभित्र माओवादीका प्रतिनिधिहरूले प्रवेश गर्न नपाउने व्यवस्था गरिएको छ । सो समितिलाई सघाउन संयुक्त अनुगमन टोलीहरू पनि निर्माण गरिने उल्लेख गरिएको छ ।

माओवादीका मुख्य शिविरहरूलाई केन्द्रविन्दुमा राखेर सम्झौतामा हतियार र सेना व्यवस्थापनको व्यवस्था गरिएको छ । २१ वटा सहायक शिविरको दूरी मुख्य शिविरबाट गाडीमा दुई घण्टाभन्दा बढी नहुने पनि सम्झौतामा उल्लेख छ । त्यसैगरी शिविर सुरक्षाका लागि परिचालित सैनिकले पालना गर्नुपर्ने आचारविधिहरू पनि सम्झौतामै उल्लेख गरिएको छ ।

माओवादी लडाकूलाई पछि राष्ट्रिय सेनामा समायोजन गर्नका लागि न्यूनतम मापदण्डहरू तोकिएको छ । जेठ १२ गते दुवै पक्षबीच आचारसंहितामा हस्ताक्षर भएपछि भर्ना भएका र त्यस दिनसम्म अठार वर्ष पुगिनसकेका माओवादी लडाकूहरूलाई सैनिकको मान्यता नदिने र उनीहरूलाई समग्र प्रक्रियामा समावेश नगराउने सहमति भएको छ । अनुगमनका लागि राष्ट्रसङ्घीय टोलीलाई माओवादीले हरेक शिविरको कमान्ड संरचनासहितको नक्सा, कम्पनी तहभन्दा तलसम्मका कमान्डरहरूको नामावली, सञ्चार प्रणाली, लडाकूहरूको पूरा सूची, प्रकार, सङ्ख्या, क्रमसङ्ख्यासहित सम्पूर्ण हतियारको विवरण, विस्फोटक पदार्थहरूको मात्रा र विवरण तथा शिविर सुरक्षाका लागि खटिएका लडाकू र हतियारको पूरा विवरण उपलब्ध गराउनुपर्नेछ ।

माओवादी लडाकूहरूलाई मुख्य शिविरहरूमा प्रमाणीकरण गरिने भएको छ । माओवादी लडाकूहरूको नाम, उमेर, पद, एकाइसहितको जिम्मेवारी र भर्ती भएको मिति उल्लेख गरेर उनीहरूको प्रमाणीकरण गर्ने सहमति भएको छ । यी सबै विवरण खुलेर दर्ता भएका लडाकूहरू मात्र भविष्यमा राष्ट्रिय सेनामा गाभिनका लागि योग्य मानिनेछन् ।

नेपाली सेनाले ब्यारेकभित्र नियमित अभ्यासहरू गर्न, सरकारी समारोहहरूमा भाग लिन, परेड खेल्न, सीमा सुरक्षा गर्न, उद्धार कार्यका लागि एक ठाउँबाट अर्को ठाउँमा जान, गैरघातक हतियारहरूको नियमित प्रतिस्थापन र आवतजावत गर्न, निजामती प्रशासनले निर्देशित गरेबमोजिम विकास निर्माणका काम गर्न, प्राकृतिक प्रकोपमा उद्धार गर्न, राष्ट्रसङ्घको शान्ति सेनामा जान, विशिष्ट-अति विशिष्ट व्यक्तिहरूको सुरक्षा गर्न, सरकारको निर्देशनमा सुरक्षा कार्य गर्न र राष्ट्र बैंकको ढुकुटीको रक्षा गर्न पाउने भएको छ ।

**हतियार प्रदर्शनमा रोक**

हतियार व्यवस्थापन सम्झौताले हतियारको प्रदर्शन, प्रयोग र परिचालनमा रोक लगाएको छ । सीमित सङ्ख्यामा राखिने हतियारहरू नियमानुसार प्रयोग गर्न पाइए पनि त्यसभन्दा बाहेक हतियारसम्बन्धी कुनै काम गर्न नपाइने कडा प्रावधान राखिएको छ । सम्झौताअनुसार, कुनै पनि किसिमले कानुन उल्लङ्घन गरेर हतियारको ओसारपसार वा प्रदर्शन गर्नमा प्रतिबन्ध लगाइएको छ । त्यसलाई दण्डनीय मान्ने सम्झौता भएको छ ।

आक्रमणको उद्देश्यले एकअर्काका विरुद्ध सेना र हतियारको प्रत्यक्ष वा अप्रत्यक्ष प्रयोग गर्न नपाउने, आन्तरिक रूपले विस्थापित, मानवीय सहायताकर्ता, विकासकर्मीलगायत कुनै पनि गैरसैनिकलाई दुःख दिन तथा उनीहरूका उपकरणहरू लुट्न, एम्बुस, हत्या वा रक्तपातपूर्ण घटना गर्न, अपहरण, गैरकानुनी थुना वा हिरासतमा राख्न, बेपत्ता पार्न, नेपालको आकाशभित्र कुनै प्रकारको आक्रामक हवाई उडानहरू गर्न, सार्वजनिक, निजी, सरकारी, सैनिक र राष्ट्रसङ्घीय सम्पत्ति नष्ट गर्न वा कब्जा गर्न प्रतिबन्ध लगाइएको छ ।

त्यसैगरी इच्छाविपरीत चन्दा वा सामान सङ्कलन तथा विद्यमान कानुनविपरीत कर लगाउन, नागरिक सुरक्षा वा मानवीय सहयोगमा असर पार्ने वा विलम्ब गर्ने काम गर्न, सहायताकर्मी वा विकास एजेन्सीहरूको स्वतन्त्र, सुरक्षित र अप्रभावित गतिविधिमा असर गर्न, जेन्डर-आधारित हिंसा गर्न, मानिस र वस्तुको स्वतन्त्र आवागमनमा कुनै किसिमको प्रतिबन्ध लगाउन र १८ वर्षमुनिका बालबालिकालाई सशस्त्र फौजमा भर्ना गर्न प्रतिबन्ध लगाइएको छ ।

**५ सय २५ हतियार मात्र राख्न पाइने**

माओवादीले आफ्नो शिविरको सुरक्षाका लागि मुलुकभरमा गरी ५ सय २५ हतियार मात्र राख्न पाउने सहमति भएको छ । मुख्य शिविरका सुरक्षाका लागि ३० र सहायक शिविर सुरक्षाका लागि १५ का दरले माओवादीसँग हतियार रहनेछन् । त्यसबाहेक उनीहरूले कुनै हतियार राखेमा, प्रदर्शन गरेमा, परिचालन गरेमा वा प्रयोग गरेमा त्यो दण्डनीय ठहरिने र कानुनबमोजिम कारबाही गर्न दुवै पक्ष सहमत भएका छन् । माओवादीले देशभरिका सबै शिविरमा एकै किसिमका हतियार मात्र राख्न पाउनेछन् ।

माओवादीका हतियार भण्डारणका लागि भारतबाट कन्टेनरहरू झिकाइएको छ । ती कन्टेनरमा राखिएका हतियारहरूलाई स्वचालित यन्त्रका आधारमा राष्ट्रसङ्घले अनुगमन गर्नेछ ।

**अनुगमन कसरी हुन्छ ?**

माओवादीका हतियार शिविरमा राखेपछि कसरी अनुगमन गरिन्छ भन्ने कुरामा पनि सहमति कायम भएको छ । दुवै पक्षबीच भएको सम्झौतामा यसबारे उल्लेख छ :

१. विशेष क्षेत्रलाई ताल्चासहितको ढोका राखिएको पर्खालले घेरिनेछ । पर्खालमा निषेधित क्षेत्र थाहा हुने गरी सङ्केत राखिनेछ ।

२. हतियार भण्डारण डिपो सेतो पोतिएका बाकस र सुरक्षित हतियार भण्डारका लागि दराजबाट बनेको हुनेछ । यसमा हतियारको किसिम, क्रमसङ्ख्यासहितको सूची हुनेछ ।

३. राष्ट्रसङ्घले उपलब्ध गराएको एकल ताल्चा भण्डार बाकसमा लगाइएको हुनेछ । उक्त ताल्चाको साँचो प्रमुख शिविर कमान्डरसँग रहनेछ । भण्डारण क्षेत्रको गतिविधिलाई २४ घण्टा निरीक्षण क्यामराले खिचिरहनेछ र त्यसलाई शिविरमा रहेको राष्ट्रसङ्घ कार्यालयले अनुगमन गर्नेछ । अँध्यारोमा स्वचालित रूपले फ्लडलाइटले प्रकाश दिनेछ ।

४. राष्ट्रसङ्घले निरीक्षण यन्त्र उपलब्ध गराउनेछ, जसले कुनै पनि भण्डारण बाकसको ढोका खोलेमा सङ्केत दिनेछ ।

५. राष्ट्रसङ्घको कार्यालय र शिविर कमान्डरका कार्यालय दुवै ठाउँमा बज्ने गरी सचेत घण्टी जडान गरिनेछ । उक्त प्रणाली बाकसको ढोका सेफबटम प्रयोग नगरी खोलेमा सक्रिय हुनेछ ।

६. राष्ट्रसङ्घीय अनुगमनकर्ताले हतियार भण्डारण क्षेत्र र बाकसहरूको निरीक्षण माओवादी सैनिक प्रतिनिधिको उपस्थितिमा गर्नेछ ।

माओवादीका हतियार बराबरका लडाकूहरू शिविरमा बस्नेछन् । माओवादीकै हतियार सङ्ख्या बराबर नेपाली सेनाका हतियारमा पनि ताल्चा लगाउने सहमति भएको छ ।

**अबको राजनीति**

माओवादीका हतियार व्यवस्थापन गर्न प्रक्रिया सुरु भएको छ । राष्ट्रसङ्घले हतियारहरूको प्रमाणीकरण गर्ने प्रक्रिया अझै सुरु भइसकेको छैन । हतियार व्यवस्थापन मूर्त रूपमा सुरु भएपछि अन्तरिम संविधान, अन्तरिम सरकार र अन्तरिम विधायिका बन्ने सम्भावना छ । तर, माओवादी लडाकूहरू क्याम्पमा बस्न प्रक्रिया सुरु गरेपछि सरकारले उनीहरूको भरणपोषणका लागि

१७ करोड रुपियाँ निकास दिएको छ। विधिवत् र औपचारिक रूपमा माओवादी राज्यको अङ्ग नभए पनि उनीहरूका लडाकू राज्यको लालनपालनमा बस्न थालेका छन्। तर पनि, स्थानीय रूपमा जथाभावी चन्दा उठाउने, जनतालाई दुःख दिने, फरक विचार राख्ने राजनीतिक कार्यकर्तामाथि बलप्रयोग गर्नेजस्ता प्रवृत्तिहरू अझै देखिनु दुःखको कुरा हो। प्रतिस्पर्धाप्रति अभ्यस्त नभएका माओवादीले राजधानीमै जिफन्टका कार्यकर्तामाथि आक्रमण गरेर आफ्नो निरङ्कुश र अलोकतान्त्रिक चरित्र प्रदर्शन गरेका छन्।

माओवादीले शान्तिपूर्ण राजनीतिमा अभ्यस्त हुनका लागि धेरै मिहिनेत गर्नुपर्नेछ। कार्यथलोमा मजदुर नेतामाथि र क्याम्पसमा विद्यार्थीमाथि आक्रमण जारी राखेर उनीहरूले जुन असहिष्णु र सैन्यवादी चरित्र देखाएका छन्, त्यसले अझै उनीहरू बन्दुकको धङधडीबाट मुक्त हुन सकेका छैनन् भन्ने कुरा देखाउँछ। अब माओवादी नेतृत्वले आफ्ना कार्यकर्तालाई शान्तिपूर्ण, प्रतिस्पर्धात्मक र खुला राजनीतिका लागि प्रशिक्षित गर्नुपर्छ। अनि मात्र, मुलुकमा साँचो अर्थमा लोकतान्त्रिक अभ्यास हुन सक्छ।

अस्वाभाविक रूपमा अरू कुनै पार्टीको बुइँ चढेर राजनीति गर्ने मनोरोगबाट माओवादी मुक्त भयो भने नेपाली राजनीतिमा उसले पनि आफूलाई एक प्रतिस्पर्धायोग्य राजनीतिक दलका रूपमा स्थापना गर्न सक्नेछ। अन्यथा, हतियारको पराजयसँगै माओवादीले राजनीतिक रूपमा पनि त्यही नियति बेहोर्नुपर्नेछ भन्दा हतार हुनेछैन। ■

# परिवर्तित परिस्थिति र पार्टीको धारणा

**शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयहरूको समीक्षा**

सात राजनीतिक दल र नेकपा (माओवादी) का बीचमा ऐतिहासिक १२ बुँदे समझदारी भएको आज ठीक एक वर्ष पूरा भएको छ। नेकपा (माओवादी) लाई शान्तिपूर्ण जनआन्दोलनमा ल्याउन र यो सहमति गराउन सिलिगुडी, लखनऊ, रोल्पा र दिल्लीसम्म पुगेर नेकपा (एमाले) ले पटक-पटक प्रयत्न गरेको थियो। यसबीचमा, शान्तिपूर्ण जनक्रान्तिको स्वरूप लिएको ऐतिहासिक जनआन्दोलन सम्पन्न भएको छ र मुलुक दिगो शान्ति, लोकतन्त्र र अग्रगमनका पक्षमा एकपछि अर्को उपलब्धि हासिल गर्दै अघि बढिरहेको छ। जनआन्दोलनको विकासका क्रममा हाम्रो पार्टीसमेतको अग्रसरतामा कायम भएको सात राजनीतिक दल र नेकपा (माओवादी) बीचको १२ बुँदे सहमतिले कात्तिक २२ गतेको शीर्ष वार्ताको ऐतिहासिक निर्णय र यही मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौतापछि नयाँ उचाइ प्राप्त गरेको छ। यस ऐतिहासिक घटनापश्चात् संवैधानिक व्यवस्थाका विरुद्ध हतियार उठाएर विद्रोहमा उत्रिएको नेकपा (माओवादी) संवैधानिक शक्तिमा रूपान्तरण हुने प्रक्रिया औपचारिक रूपमा नै आरम्भ भएको छ। अब ऐतिहासिक जनआन्दोलनबाट प्राप्त कार्यभारहरू पूरा गर्दै नेपाली समाजको क्रान्तिकारी रूपान्तरणतर्फ अघि बढ्न सकिने वस्तुगत र आत्मगत आधार निर्माण भएको छ। सशस्त्र सङ्घर्षद्वारा केन्द्रीय सत्ता कब्जा गर्ने उद्घोषका साथ 'जनयुद्ध' मा उत्रिएको नेकपा (माओवादी) संविधानसभा निर्वाचनको प्रक्रियाद्वारा निशस्त्र हुन र संवैधानिक शक्तिमा रूपान्तरित हुन मञ्जुर भएको छ। हामीले गत कात्तिक २२ गते आठ दलका नेताहरूको शीर्ष बैठकमा भएको उक्त सहमति र मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिसकेका छौँ र अब उक्त सहमति र सम्झौताको कार्यान्वयनमा हामीले सक्रिय र निष्ठापूर्ण प्रयत्न गर्नुपर्दछ।

ऐतिहासिक जनआन्दोलनको नेतृत्वकर्ता सात राजनीतिक दल र विद्रोही नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकले कात्तिक २२ गतेका दिन लिएका निर्णयहरू र सोही निर्णयहरूका आधारमा यही मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको ऐतिहासिक महत्त्व रहेको छ। राजतन्त्रका बारेमा फैसला जनमतसङ्ग्रहबाट हुनुपर्दछ र संविधानसभाको गठन समानुपातिक निर्वाचनका आधारमा हुनुपर्दछ भन्ने हाम्रो पार्टीको अडान रहेको थियो। शीर्ष बैठकले यसअनुरूप निर्णय गर्न सकेन तापनि हामीले उक्त बैठकका निर्णयलाई ऐतिहासिक महत्त्वको घटनाका रूपमा लिँदै स्वागतसमेत गरिसकेका छौँ। वास्तवमा कात्तिक २२ गते भएको उक्त सहमति नेपालको राजनीतिक इतिहासकै दूरगामी एवम् क्रान्तिकारी महत्त्वको घटना हो। हामी उक्त सहमतिलाई अझ ज्यादा सुस्पष्ट र क्रान्तिकारी बनाउन चाहन्थ्यौँ। त्यसो हुन नसक्दा हामीले आफ्नो फरक मत उल्लेख गरेका छौँ। तर, हाम्रो पार्टीको फरक मतको अर्थ उक्त सिङ्गो निर्णयप्रति हाम्रो असहमति थियो भन्ने होइन। त्यसको अर्थ उक्त सहमति राम्रो छ, यदि

हामीले राखेको मतलाई समेत समावेश गरिएको हुन्थ्यो भने सहमति अझ ज्यादा राम्रो हुने थियो भन्ने हो। हाम्रो मतलाई स्वीकार गरिएको भए लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि अरू बढी अनुकूलता सिर्जना हुने थियो भन्ने हो।

उक्त ऐतिहासिक राजनीतिक सम्झौता र मङ्सिर ५ गतेको ऐतिहासिक शान्ति सम्झौतामा सबै पक्षबाट विगतका सहमतिहरूको कार्यान्वयनप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ। सेना र हतियारको व्यवस्थापनका सन्दर्भमा प्रक्रिया र कार्यसूची तयार गरिएको छ। अन्तरिम संविधानका अन्तरवस्तुहरूमा सहमति कायम गरिएको छ। अन्तरिम संविधान जारी गर्ने प्रक्रिया, राजतन्त्रको अवस्था, अन्तरिम व्यवस्थापिकाको संरचना, अन्तरिम सरकार, न्यायपालिका, संवैधानिक अङ्ग, स्थानीय निकाय, नागरिकता समस्याको समाधान, संविधानसभाको निर्वाचन, राज्यको पुनःसंरचना र समाजिक-आर्थिक रूपान्तरणजस्ता विषयवस्तुहरू उक्त ऐतिहासिक निर्णयमा समावेश गरिएका छन्। द्वन्द्व पीडितहरूको पुनःस्थापन र अनुगमन संयन्त्रका सन्दर्भमा समेत सहमति कायम गरिएको छ। आगामी जेठ महिनाभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने, संविधानसभाको प्रथम बैठकबाट राजतन्त्रको भविष्यका बारेमा फैसला गर्ने र राज्यको पुनःसंरचना, समावेशी लोकतन्त्र तथा सामाजिक-आर्थिक रूपान्तरणलाई सुनिश्चित तुल्याउने स्पष्ट उद्देश्य लिइएको छ। सात दल र माओवादीको शीर्ष नेतृत्वको बैठकले लिएको उक्त निर्णयहरू र तिनै निर्णयहरूका आधारमा भएको शान्ति सम्झौताका विशेषता, उपलब्धि र कमी-कमजोरीहरू निम्नानुसार छन् :

**शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयहरूको विशेषता**

■ मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न प्रमुख राजनीतिक दलहरू नै अग्रसर भएका छन्। कात्तिक २२ गतेका दिन भएको निर्णय र मङ्सिर ५ गते भएको शान्ति सम्झौतालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकेको खण्डमा नेपालमा ११ वर्ष पहिले सुरु भएको नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित सशस्त्र सङ्घर्षको शान्तिपूर्ण समाधान हुनेछ। जनआन्दोलनको पृष्ठभूमिमा नै सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानका लागि यस प्रकारको विशिष्ट अवस्थाको सिर्जना भएको हो। जनआन्दोलनको पूर्वसन्ध्यामा सात राजनीतिक दल र नेकपा (माओवादी) का बीचमा कायम भएको १२ बुँदे सहमतिले ऐतिहासिक जनआन्दोलनलाई सफल तुल्याउन महत्त्वपूर्ण योगदान गरेको थियो र त्यही सफलताको जगमा नै कात्तिक २२ गतेको ऐतिहासिक महत्त्वको राजनीतिक निर्णय र मङ्सिर ५ गतेको शान्ति सम्झौता सम्भव भएको छ।

■ सात दल र माओवादी शीर्ष नेतृत्वको बैठकको सफलता र शान्ति सम्झौताको कार्यान्वयन सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानमा मात्रै सीमित छैन। यी सहमतिहरूले नेपाली राजनीतिमा ००७ सालदेखि प्रतिगामी षड्यन्त्रको सिकार बनेर थाती रहेको संविधानसभाको निर्वाचनलाई सुनिश्चित तुल्याएको छ। संविधानसभाको निर्वाचनद्वारा जनआन्दोलनको भावनाअनुरूप लोकतान्त्रिक गणतन्त्र, दिगो शान्ति र अग्रगमनतर्फ अघि बढ्न सकिने सुनिश्चित आधार तयार गरेको छ। हाम्रो पार्टीले सात राजनीतिक दल र माओवादीबीच शान्ति वार्ताका क्रममा कुनै खास विषयमा मात्र केन्द्रित नभएर वार्तालाई सामग्रिक रूपमा अघि बढाउनु पर्दछ भन्ने दृष्टिकोण राखेको थियो। ऐतिहासिक सहमति र सम्झौताले पार्टीको उक्त दृष्टिकोणलाई पनि सही प्रमाणित गरिदिएको छ।

■ जनआन्दोलनको नेतृत्वकर्ता सात राजनीतिक दल र विद्रोही नेकपा (माओवादी) का बीचमा १२ बुँदे ऐतिहासिक सहमति कायम गरिँदाको अवस्थामा प्रक्रियागत प्रश्नमा गम्भीर असहमति देखिएको थियो। त्यसैगरी वैशाख ११ को राजाको घोषणापछि सात राजनीतिक दलहरू आफ्नो मार्गचित्रका आधारमा अघि बढ्न खोज्दा पनि नेकपा (माओवादी) को गम्भीर असहमति रहेको थियो। तर, यसपटकको शिखर बैठकका निर्णय र शान्ति सम्झौताले सात दलले अघि सारेको प्रतिनिधिसभालाई प्रस्थान विन्दु बनाउने र संविधानसभालाई निकास विन्दु बनाउने भन्ने निर्णयको सार्थकतालाई पुष्टि गरेको छ र १२ बुँदे सहमतिमा टुङ्गो लाग्न नसकेको प्रक्रियागत प्रश्नलाई समेत समाधान गरिदिएको छ।

■ प्रतिनिधिसभाको घोषणा, शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयहरूपछि नेपालको राजनीतिमा राजाको भूमिका वैधानिक रूपले नै समाप्त गर्न बाँकी भए पनि व्यवहारतः समाप्त भएको छ। शिखर बैठकका निर्णय र शान्ति सम्झौतामा राजतन्त्रबारे 'मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन' भनेर स्पष्ट रूपमा किटानी गरिएको छ। राजा वीरेन्द्रको परिवारको सम्पत्तिलाई ट्रष्ट बनाएर राष्ट्रहितमा सदुपयोग गर्ने र राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त सम्पत्ति राष्ट्रियकरण गर्ने सहमति भएको छ। राजतन्त्र कायम राख्ने वा नराख्ने भन्ने बारेमा संविधानसभाको पहिलो बैठकको साधारण बहुमतले टुङ्गो लगाउने निर्णय भएको छ। गत जेठ ४ गतेको प्रतिनिधिसभाको बैठकले सुरु गरेको राजाका अधिकारहरू कटौती गरी अधिकारविहीन बनाउँदै जनताको कठघरामा उभ्याउने प्रक्रियालाई यसले अझ विस्तार गरिदिएको छ। अब नेपालको सार्वभौमसत्ता, राजकीय सत्ता र शासनाधिकार वास्तविक अर्थमा नेपाली जनताको हातमा आउने आधार तयार भएको छ। शान्ति वार्तासहितको समग्र राजनीतिक प्रक्रियामा जनआन्दोलनको भावनाअनुरूप राजनीतिक दलहरूको नेतृत्वदायी भूमिका स्थापित भएको छ।

■ ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमिमा सात राजनीतिक दलहरूका बीचमा कायम भएको सहमति, ऐतिहासिक जनआन्दोलनको सफलता र सात राजनीतिक दल तथा नेकपा (माओवादी) को शीर्ष नेतृत्वका बीचमा सम्पन्न शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयहरू मूलतः नेकपा (एमाले) को राजनीतिक कार्यदिशासँग जोडिएका विषयहरू हुन्।

माओवादीहरू शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयका माध्यमबाट लोकतान्त्रिक धारमा आउन र नेपाली काङ्ग्रेस राजतन्त्र निरपेक्ष भएर राज्यको पुनःसंरचनासहितको आर्थिक-सामाजिक परिवर्तनको पक्षमा सहमत हुने कुरामा हाम्रो पार्टीको सचेत र सङ्गठित प्रयत्नको महत्त्वपूर्ण भूमिका रहेको छ । उनीहरूमा आएको यो सकारात्मक परिवर्तन हाम्रो पार्टीले जनताको बहुदलीय जनवादको सिद्धान्तका माध्यमबाट अघि सार्दै आएको कम्युनिस्ट आन्दोलन र मुलुकको लोकतान्त्रीकरण र लोककल्याणकारी राज्यको अवधारणाको सफलता हो । शीर्ष बैठक र शान्ति सम्झौताका निर्णयहरूले आत्मसात गरेका राजनीतिक अन्तरवस्तुहरूको विश्लेषण गर्ने हो भने नेकपा (एमाले) ले स्वीकार गरेको जनताको बहुदलीय जनवादको वैचारिक र राजनीतिक कार्यदिशा स्थापित भएको छ ।

राजतन्त्रको भविष्यको फैसला जनमतसङ्ग्रहबाट गरिनुपर्दछ र संविधानसभाको निर्वाचन समानुपातिक निर्वाचन प्रणालीका आधारमा हुनुपर्दछ भन्ने पार्टीको अडान जनआन्दोलनको भावनाअनुरूप नै छ । नेपाली काङ्ग्रेसको हठका सामु झुकेर नेकपा (माओवादी) र अन्य राजनीतिक दलहरूले सम्झौता गरे तापनि नेकपा (एमाले) ले आफ्नो मत अङ्कित गरेर जनआन्दोलनमा प्रकट भएको जनभावनाको उच्च सम्मान गरेको छ । फरक मतमा दृढताका साथ उभिएका कारणले नेकपा (एमाले) जनताको अभिमतमा विश्वास गर्ने पार्टी हो भन्ने कुरा थप पुष्टि भएको छ ।

**उपलब्धिहरू**

■ शिखर बैठकको सफलतापछि नेपालको राष्ट्रिय राजनीति नेकपा (एमाले) ले अघि सार्दै आएको राजनीतिक मान्यतामा आइपुगेको छ । दीर्घकालीन 'जनयुद्ध' नै नेपाली क्रान्तिको एक मात्र बाटो भएको ठहर गर्दै सशस्त्र सङ्घर्षमा उत्रिएका माओवादीहरू एक्काइसौं शताब्दीको जनवादका नाममा जनताको बहुदलीय जनवादले आत्मसात गरेको शान्तिपूर्ण सङ्घर्ष र प्रतिस्पर्धाको राजनीतिक कार्यदिशाको वरिपरि आइपुगेका छन् ।

■ सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक र शान्ति सम्झौताका निर्णयहरूले ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने नयाँ आधार प्राप्त भएको छ । जनआन्दोलन र त्यसपछिको राजनीतिक सङ्क्रमणको व्यवस्थापनमा समेत पृथक् धारमा रहेका सात राजनीतिक दल र नेकपा (माओवादी) एउटै राजनीतिको मूलधारमा आवद्ध भएका छन् ।

■ जनआन्दोलनको भावनाअनुरूप सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानको प्रक्रिया आरम्भ भएको छ। एक दशकअघिदेखि सशस्त्र सङ्घर्ष गर्दै आएको नेकपा (माओवादी) लोकतान्त्रिक प्रक्रियामा प्रवेश गरेको छ। यसले लोकतन्त्रको संस्थागत विकासका लागि अनुकूलता बढाएको छ र नेपालको लोकतान्त्रिक आन्दोलनमा सशस्त्र सङ्घर्षको अपरिहार्यताको मान्यतासमेत खण्डित भएको छ ।

■ शान्तिवार्ताको आरम्भसँगै हतियारको व्यवस्थापन पहिले कि राजनीतिक समाधान पहिले भन्ने बहस चलेको थियो । हाम्रो पार्टीको बाह्रौं बैठकले भनेझैं समस्याको समग्र समाधान खोज्ने मान्यतालाई शीर्ष बैठक र शान्ति सम्झौताले आत्मसात गरेको छ। हतियारको व्यवस्थापन र राजनीतिक समस्याको एकैसाथ समाधान खोजेर कुन पहिले भन्ने बहसलाई असान्दर्भिक बनाइदिएको छ । राजनीतिक सहमति कायम गर्ने तर शान्ति सम्झौतालाई उपेक्षा गर्ने विगतको कमजोरीलाई समेत अन्त्य गरिदिएको छ । शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा विस्तृत शान्ति सम्झौता भएको छ ।

■ शीर्ष बैठकले हाम्रो विचार र धारणाअनुरूप नै हतियार व्यवस्थापनको कार्यविधि स्वीकार गरेको छ । राज्य र माओवादी दुवै पक्षले उक्त कार्यविधिको पालना गरेको अवस्थामा संविधानसभाको निर्वाचन भयरहित वातावरणमा स्वतन्त्र र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहज हुनेछ ।

■ शीर्ष बैठकको सहमति र शान्ति सम्झौतापछि अब अन्तरिम संविधान जारी हुने भएको छ । अन्तरिम संविधान जारी भएपछि जनआन्दोलनको भावनाअनुरुप अन्तरिम संसद् र अन्तरिम सरकार गठनको मार्ग प्रशस्त हुनेछ र त्यसबाट संविधानसभाको निर्वाचनको प्रक्रियाले थप गति प्राप्त गर्नेछ ।

■ जनआन्दोलनबाट निरङ्कुश राजतन्त्र पराजित भएर किनारा लाग्न बाध्य भए पनि राजतन्त्र पूर्ण रूपमा अन्त्य नभइसकेको वर्तमान अवस्थामा सङ्क्रमणकाललाई सकेसम्म छोटो बनाई संविधानसभाको निर्वाचन सम्पन्न गर्नु जरुरी हुन्छ भन्ने हाम्रो पार्टीको दृष्टिकोणअनुरुप नै आगामी जेठ मसान्तसम्ममा संविधानसभाको निर्वाचन गर्ने प्रतिबद्धता प्रकट भएको छ ।

■ शीर्ष बैठकको सफलतापछि नेकपा (माओवादी) ले आफूलाई शान्तिपूर्ण प्रतिस्पर्धामा विश्वास राख्ने संवैधानिक राजनीतिक शक्तिमा रूपान्तरण गर्ने प्रतिबद्धता सार्वजनिक गरेको छ । बदलिएको राजनीतिक सन्दर्भअनुरूप पार्टी संयन्त्रमा परिवर्तनका लागि कार्यदलसमेत गठन गरेर त्यस दिशामा ठोस पहलको सङ्केत देखाएको छ ।

■ उग्रवामपन्थी दृष्टिकोण र आतङ्ककारी क्रियाकलापका बावजुद माओवादीद्वारा सञ्चालित सशस्त्र विद्रोहको शान्तिपूर्ण र राजनीतिक समाधान खोज्नुपर्दछ भन्ने मान्यता नेकपा (एमाले) ले आरम्भकालदेखि नै अघि सार्दै आएको थियो । अहिले आएर उक्त दृष्टिकोण सही प्रमाणित भएको छ । माघ १९ पछि माओवादीका सन्दर्भमा पार्टीले लिएको संवाद, रूपान्तरण र सहमतिको नीति पनि सही सावित भएको छ र अब केन्द्रीय कमिटीको बाह्रौं बैठकले नेकपा (

माओवादी) प्रति लिएको 'एकता, सङ्घर्ष र एकता' को नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वन गर्न सकिने आधार निर्माण भएको छ ।

**कमी–कमजोरीहरू**

■ लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितताका लागि संविधानसभाको निर्वाचनका क्रममा जनमतसङ्ग्रह गरिनुपर्दछ भन्ने हाम्रो पार्टीको प्रस्ताव नेपाली काङ्ग्रेसको असहमतिका कारणले अस्वीकृत भएको छ । नेपाली काङ्ग्रेसबाहेकका अन्य सबै दलहरू उक्त प्रस्तावमा औपचारिक रूपमा नै सहमत भइसकेको र नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले समेत अनौपचारिक भेटघाटमा आपत्ति नरहेको कुरा बताइसकेको पृष्ठभूमिमा जनमतसङ्ग्रहको प्रस्ताव अस्वीकृत हुनु बैठकको दुःखद पक्ष हो । त्यसैगरी, नेपाली काङ्ग्रेसको हठको विरोधमा सङ्गठित प्रतिवाद गर्नु र साझा अडानमा उभिनुको साटो नेकपा (माओवादी) लगायत अन्य सबै राजनीतिक दलहरू काङ्ग्रेसी हठबाट प्रभावित हुने अवस्था उत्पन्न हुनु बैठकको गम्भीर कमजोरी हो ।

■ संविधानसभाका लागि समानुपातिक निर्वाचन प्रणाली नै उपयुक्त हुन्छ भन्ने नेकपा (एमाले) को दृष्टिकोण जनआन्दोलनको भावनाअनुरूप थियो । यस विषयमा पनि नेपाली काङ्ग्रेसबाहेकका अन्य सबै दलहरूले सहमति जनाइसकेका थिए । यो विषयमा नेकपा (माओवादी) नेपाली काङ्ग्रेसको अडानसँग सम्झौता गर्न तयार भयो । मिश्रित निर्वाचन प्रणालीअन्तर्गत दुई सय पाँच निर्वाचन क्षेत्रमा बहुमतीय प्रणालीअनुरूप निर्वाचन गर्ने कुरा राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रको दृष्टिले पनि अनुपयुक्त छ । यसले एकातिर राज्यको पुनःसंरचनाको कार्यसूचीलाई नै कमजोर बनाउने काम गरेको छ भने अर्कातिर समावेशीकरणको मुद्दालाई पनि दोस्रो प्राथमिकतामा झारिदिएको छ ।

■ मिश्रित निर्वाचन प्रणालीमा जाने सन्दर्भमा दुई सय पाँच निर्वाचन क्षेत्रलाई कायम राख्ने नाममा संविधानसभाको आकारलाई समेत निकै ठूलो बनाउने काम भएको छ । यसले एकातिर राज्यलाई अनावश्यक खर्चको भार थोपर्ने देखिन्छ भने अर्कातिर संविधानसभाको निर्णय प्रक्रियालाई नै बढी बोझिलो र विवादास्पद बनाउन सक्छ ।

■ शीर्ष बैठक र शान्ति सम्झौताको ऐतिहासिक निर्णयपछि त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा अत्यन्त जिम्मेवार हुनुपर्ने नेकपा (माओवादी) मा अझै पनि तदनुरूपको गम्भीरता देखिएको छैन । छापामारहरूलाई अस्थायी शिविरमा राख्न लैजाने सन्दर्भमा जबर्जस्ती सैन्य भर्ती पनि चलिरहेको छ । सर्वसाधारणका अन्नबाली, सम्पत्ति कब्जा गर्ने, धम्क्याउने, आमजनता र पत्रकारमाथि समेत कुटपिट गर्ने र बलजफ्ती कर र चन्दा असुल्ने काम जारी राखिएको छ । विगतमा भएका सहमति र आचारसंहिताअनुरूप काम भएका छैनन् । बरु उल्टो जबर्जस्ती गर्ने र अनेकौं प्रकारले जनतालाई दुःख दिने काम भएको छ । माओवादीको यस प्रकारको व्यवहार र आचरणले शान्ति सम्झौताविरोधी शक्तिहरूलाई प्रोत्साहित गर्ने काम गरेको छ । यस्ता गलत कामहरू सच्याउन माओवादीको नेतृत्व गम्भीर हुन जरुरी छ ।

■ यथास्थितिवादी चिन्तनले ग्रस्त भएको नेपाली काङ्ग्रेस र भर्खर मात्र उग्रवामपन्थी चिन्तनबाट मुक्त हुने प्रक्रियामा प्रवेश गरेको नेकपा (माओवादी) जनमतसङ्ग्रह र समानुपातिक निर्वाचन प्रणालीका विपक्षमा एकै ठाउँ उभिन आइपुग्नु आश्चर्यजनक विषय बनेको छ । नेकपा (माओवादी) ले हतियारको व्यवस्थापनका सन्दर्भमा नेपाली काङ्ग्रेसलाई लचिलो बनाउने नाममा होस् वा नेकपा (एमाले) को स्थान प्राप्त गर्नका लागि काङ्ग्रेसको सहयोग खोज्ने नाममा अग्रगमनका कार्यसूचीहरू र त्यसको प्राप्तिको उपयुक्त प्रक्रियालाई छोडेर नेपाली काङ्ग्रेसको एजेण्डामा सहमति जनाउने गरेको छ । माओवादी नेतृत्वको त्यस प्रकारको भूमिकाले शान्तिवार्ता र संविधानसभाका माध्यमबाट अग्रगामी परिवर्तन हुने कुरामा आशावादी रहेका परिवर्तनका पक्षधर व्यक्ति र शक्तिहरूलाई निरास पार्ने काम गरेको छ ।

*(नेकपा (एमाले) केन्द्रीय कमिटीको तेह्रौं बैठक (७-८, मङ्सिर, ०६३) मा महासचिव कमरेड माधवकुमार नेपालद्वारा प्रस्तुत तथा पारित प्रतिवेदनबाट)*

# परिवर्तित राजनीतिक परिदृश्य

■ शीर्ष बैठक र शान्ति सम्झौतापछि नेपालको राजनीतिमा नयाँ शक्ति सन्तुलनको परिदृश्य देखिएको छ । नेकपा (माओवादी) अन्तरिम व्यवस्थापिकामा आएपछिको अवस्थामा अन्तरिम व्यवस्थापिकामा कम्युनिस्ट क्रान्तिकारी तथा वामपन्थीहरूको बहुमत कायम हुने भएको छ । ऐतिहासिक भूमिका खेल्ने अन्तरिम व्यवस्थापिकामा कायम भएको

वामपन्थीहरूको बहुमतलाई लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र र सङ्घात्मक राज्य स्थापनाका निम्ति कसरी सदुपयोग गर्ने र समाजको क्रान्तिकारी परिवर्तन अर्थात् सामाजिक-आर्थिक क्षेत्रको अग्रगामी रूपान्तरणका लागि कसरी सदुपयोग गर्ने भन्ने सम्बन्धमा अहिलेदेखि नै कम्युनिस्ट तथा वामपन्थीहरूका बीचमा गम्भीर छलफल आरम्भ गरिनुपर्दछ । नेकपा (एमाले) र नेकपा (माओवादी) लाई लडाएर आफूले राज्यसत्तामा वर्चश्व कायम गर्ने प्रतिक्रियावादीहरूको योजनालाई कुनै पनि हालतमा सफल हुन दिनुहुँदैन । पार्टीले अहिलेदेखि नै वामपन्थी दलहरू र जनआन्दोलनका अन्य सहयात्री राजनीतिक दलहरूसँगको सम्बन्धलाई योजनाबद्ध ढङ्गले सुधार्ने पहल गर्नुपर्दछ । यस प्रकारको प्रयासबाट नै अन्तरिम व्यवस्थापिकामा कायम भएको वामपन्थीहरूको बहुमतलाई जनता, राष्ट्र र ऐतिहासिक जनआन्दोलनका पक्षमा सकारात्मक ढङ्गले सदुपयोग गर्न सकिनेछ ।

■ मुलुक संविधानसभाको निर्वाचनतर्फ अग्रसर हुने निश्चितप्रायः भएको छ । संविधानसभाको पहिलो बैठकको सामान्य बहुमतले राजतन्त्रका सम्बन्धमा फैसला गर्ने सहमति भएका कारणले अबको राजनीतिक ध्रुवीकरण एकातिर संवैधानिक राजतन्त्रका पक्षमा रहेका दक्षिणपन्थी शक्तिहरू र अर्कातिर गणतन्त्रका पक्षमा रहेका नेकपा (एमाले) लगायतका वामपन्थी शक्तिहरूका बीचमा हुने सम्भावना छ । शीर्ष बैठकको निर्णयपछि मुलुकमा यस प्रकारको विशिष्ट अवस्था उत्पन्न भएका कारणले लोकतान्त्रिक गणतन्त्रका पक्षधर वामपन्थी र अन्य सबै शक्तिहरूलाई एउटै राजनीतिक मोर्चामा आवद्ध गर्ने नीति अवलम्वन गरिनुपर्दछ ।

■ ऐतिहासिक जनआन्दोलनको सफलतापछि राजसंस्थासँगै किनारामा पुऱ्याइएका दक्षिणपन्थी राजावादी तत्त्वहरू नेपाली काङ्ग्रेसको संरक्षणमा पुग्ने र काङ्ग्रेसले उनीहरूलाई राजनीतिक संरक्षण प्रदान गर्ने अवस्था देखिएको छ, जसले गर्दा नेपाली काङ्ग्रेस अझ बढी यथास्थितिवादी बन्ने सम्भावना छ । यस प्रकारको अवस्था आउन नदिनका लागि दक्षिणपन्थी राजावादी शक्ति र प्रतिगामी तत्त्वहरू विरुद्धको सङ्घर्षलाई अझ तीव्र बनाउनुपर्दछ । कम्युनिस्ट हौवा खडा गरेर दक्षिणपन्थी शक्तिहरूले गणतन्त्रका विरुद्ध मोर्चाबन्दी गर्ने अवस्था आउन नदिन हरसम्भव प्रयत्न गर्नुपर्दछ । नेपाली काङ्ग्रेसभित्रका गणतन्त्रवादीहरूलाई प्रोत्साहन गरी सिङ्गै नेपाली काङ्ग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउने नीति लिनुपर्दछ ।

**सहमति र सम्झौता कार्यान्वयनका सन्दर्भमा हाम्रो भूमिका**

गत कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) को शीर्ष नेतृत्वको बैठकमा र शान्ति सम्झौतामा भएका निर्णयहरू ऐतिहासिक र दूरगामी महत्त्वका छन् । तर, ती निर्णयहरू जति महत्त्वपूर्ण छन्, तिनको सफल कार्यान्वयनको पक्ष पनि त्यति नै चुनौतीपूर्ण छ ।

शीर्ष बैठक र शान्ति सम्झौताको निर्णयका आधारमा हतियार व्यवस्थापनको काम सम्पन्न गर्नुछ र अन्तरिम संविधानलाई शिखर बैठकमा भएको राजनीतिक सहमतिका आधारमा पूर्णता दिनुछ । अहिले सरकार र माओवादीका तर्फबाट जुन गतिका साथ काम भइरहेको देखिन्छ, त्यसले उक्त कार्य तोकिएको समयमा सम्पन्न गर्न कठिन हुने देखिँदैछ । शीर्ष बैठकमा भएका निर्णयहरू क्रमशः तोकिएको समयमा हुन नसक्दाको अवस्थामा समग्र शान्ति प्रक्रिया नै प्रभावित हुने देखिन्छ । हाम्रो पार्टीले सहमतिका आधारमा भएका निर्णयहरूको कार्यान्वयनमा जोड दिनुपर्दछ र अनावश्यक ढिलाइलाई रोक्नका लागि ठोस पहल गर्नुपर्दछ । यसका लागि पार्टीले निम्नानुसारको भूमिका खेल्नुपर्दछ :

■ सात दल र माओवादीको शीर्ष नेतृत्वको बैठक र शान्ति सम्झौतामा भएका ऐतिहासिक महत्त्वका निर्णयहरू विगतदेखि हाम्रो पार्टीसमेतले लिएका नीति र खेल्दै आएको भूमिकाका परिणाम हुन् । शीर्ष बैठकको पछिल्लो समयमा देखिएको जोड-घटाउका कारणले हामीले अघि सार्दै आएका कतिपय मुद्दाहरूलाई उक्त बैठकले सम्बोधन गर्न नसकेको भए पनि जनआन्दोलनको भावनाअनुरूप माओवादीहरू सशस्त्र सङ्घर्षको बाटोबाट शान्तिपूर्ण राजनीतिमा आउनु उल्लेखनीय महत्त्वको घटना हो । यसलाई हाम्रो पार्टीले महत्त्वपूर्ण उपलब्धिका रूपमा लिनुपर्दछ । यसको सफलताका लागि सुरुदेखि अहिलेसम्म हाम्रो पार्टीका तर्फबाट भएका प्रयासहरूलाई जनतामाझ लैजानुपर्दछ ।

■ शीर्ष बैठक र शान्ति सम्झौताले हतियारको व्यवस्थापनका सन्दर्भमा ठोस कार्यसूची अघि सारेको छ । विगतमा हाम्रो पार्टीले भन्दै आएको माओवादी सेनाको व्यवस्थापन र नेपाली सेनाको लोकतान्त्रीकरणको मान्यतालाई आत्मसात गरेको छ । माओवादी सेनाका लडाकूहरूको व्यवस्थापनका सन्दर्भमा अस्थायी शिविरमा राख्ने, प्रमाणीकरण गर्ने, लडाकूहरूलाई हतियारबाट अलग गर्ने र अनुगमन गर्ने कुरालाई अघि सारिएको छ । यस प्रकारको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जोड दिनुपर्दछ । सरकार र माओवादी दुवैका तर्फबाट सेना र हतियारको व्यवस्थापनका सन्दर्भमा भएका सहमतिको कार्यान्वयनमा पार्टीका तर्फबाट सकारात्मक भूमिका खेल्नुपर्दछ ।

■ माओवादी सेना अस्थायी शिविरमा बस्न सुरु गरेपछिको अवस्थामा अनेक बहानामा शान्ति वार्ताविरोधी तत्त्वहरू सल्बलाउन सक्नेछन् । माओवादीहरू अस्थायी शिविरमा गएको र राज्यले शान्ति सुरक्षाको प्रत्याभूति दिन नसकेका ठाउँहरूमा आपराधिक तत्त्वहरूका गतिविधिहरू पनि बढ्न सक्दछन् । यस प्रकारको अवस्था आउन नदिनका लागि सुरुदेखि नै सरकारलाई सजग बनाउनु पर्दछ । शान्ति स्थापनाको प्रक्रियामा नकारात्मक असर पार्ने कुनै पनि प्रकारका गतिविधिहरू हुन दिनुहुँदैन ।

■ हाम्रो पार्टीले असहमति राख्नुका पछाडिका कारण र त्यसको औचित्यका बारेमा पार्टी पङ्क्ति र आमजनसमुदायलाई स्पष्ट पार्नुपर्दछ । राजतन्त्रको भविष्यको निरूपणका सन्दर्भमा सबैभन्दा उपयुक्त विधि जनमतसङ्ग्रह नै हो भन्ने कुरालाई दृढतापूर्वक अघि सार्दै संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रका बारेमा सामान्य बहुमतले निर्णय लिने भन्ने सहमतिलाई परिणाममुखी बनाउन विशेष जोड दिनुपर्दछ । नेपाली काङ्ग्रेसले राजतन्त्रवादीहरूको समर्थनमा चुनाव जित्नका लागि

जनमतसङ्ग्रहलाई अस्वीकार गरेको हो भन्ने वास्तविकता जनस्तरलाई बताउँदै राजतन्त्रलाई टिकाउने प्रयासलाई सफल हुन नदिन पार्टीले आफ्नो शक्तिलाई प्रभावकारी ढङ्गले परिचालित गर्नुपर्दछ। पार्टी पङ्क्ति र आमजनतामा जनमतसङ्ग्रह अस्वीकार गरेका कारणले राजतन्त्र रहने भयो भन्ने प्रकारको अन्योल उत्पन्न नहोस् भन्ने कुरामा ध्यान दिनुपर्दछ। गम्भीर महत्त्वको विषयमा निर्णय गर्न पाउने जनताको अधिकारको पक्षपोषण गरेको अर्थमा जनमतसङ्ग्रहको औचित्यलाई अघि सार्दै संविधानसभाबाट राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने उद्देश्यलाई सार्थक बनाउने कुरामा पार्टीले सक्रियता र गतिशीलता देखाउनुपर्दछ। समानुपातिक निर्वाचन प्रणालीका पक्षमा हामीले राखेको फरक मतको औचित्य जनताका बीचमा प्रस्तुत गर्दै मिश्रित निर्वाचन प्रणालीलाई समेत लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका पक्षमा अघि बढाउन पहल गर्नुपर्दछ।

■ आगामी जेठ महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने निर्णयलाई निर्धारित समयभित्र कार्यान्वयन गर्न र संविधानसभाको निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूको बहुमत आउने अवस्था सुनिश्चित गर्न पार्टी अहिलेदेखि नै क्रियाशील हुनुपर्दछ। संविधानसभाको निर्वाचन मिश्रित प्रणालीका आधारमा सम्पन्न गर्ने कुरामा सहमति भइसकेको अवस्थामा पार्टी कामलाई निर्वाचन प्रणालीका आधारमा पुनःव्यवस्थित गरिनुपर्दछ। मिश्रित निर्वाचनलाई दुई मतपत्र प्रणालीका रूपमा कायम राख्न पार्टीका तर्फबाट विशेष पहल गरिनुपर्दछ। संविधानसभाको पहिलो बैठकले सामान्य बहुमतबाट राजतन्त्रका बारेमा निर्णय लिने विषयमा सहमति भइसकेकाले संविधानसभाको निर्वाचनमा गणतन्त्रका पक्षधर शक्तिहरूको सुस्पष्ट बहुमत आउने अवस्था निर्माण गर्न कोसिस गरिनुपर्दछ। दुई मतपत्र प्रणालीलाई स्वीकार गरिएको अवस्थामा समानुपातिक निर्वाचनका लागि पार्टीका पक्षमा देशभरिबाट अधिकतम मत प्राप्त हुने गरी अभियान सञ्चालन गर्ने र निर्वाचन क्षेत्रमा भने गणतन्त्रवादीहरूको जीत सुनिश्चित हुने गरी चुनावी तालमेल गर्ने नीति अवलम्बन गर्नुपर्दछ। यस प्रकारको नीतिबाट नै संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्र हासिल गर्न सम्भव हुनेछ।

■ कात्तिक २२ गतेको ऐतिहासिक सहमति र शान्ति सम्झौता कार्यान्वयन नहोस् भन्ने चाहने प्रतिगामी तत्त्वहरू विभिन्न हिसाबले सल्बलाउन थालेका छन् र उनीहरूको प्रभाव कुनै न कुनै रूपमा विभिन्न राजनीतिक शक्तिहरूभित्र पर्न सक्तछ। सहमतिमा हस्ताक्षर गर्ने बुर्जुवा सुधारवादी शक्तिहरूले पनि सहमतिको कार्यान्वयन ढिलो गर्न अनेक प्रकारको बहाना गर्न सक्तछन्। हामीले त्यस प्रकारको अवस्था आउन दिनुहुँदैन। सबै सकारात्मक शक्ति र व्यक्तिहरूलाई सङ्गठित गरेर निर्धारित समयमै निर्णयहरूको कार्यान्वयन गर्न अधिकतम प्रयत्न गर्नुपर्दछ। यस सन्दर्भमा हाम्रो भूमिका हरेक हिसाबले जिम्मेवार र अग्रणी हुनुपर्दछ। हाम्रो पार्टीका तर्फबाट छलफलद्वारा टुङ्गो लगाउन बाँकी विषयहरूमा मूर्त प्रस्ताव तयार गर्न र आठ राजनीतिक दलको बैठकबाट पारित गराउन पहलकदमी लिनुपर्दछ। त्यसैगरी सहमति बनेका विषयहरूलाई निर्धारित समयभित्र कार्यान्वयन गर्ने विषयहरूमा पनि हाम्रो पहल र प्रयत्न सङ्गठित र प्रभावकारी हुनुपर्दछ।

सहमति कार्यान्वयनका सन्दर्भमा अन्तरिम संसद्मा मनोनीत गर्ने ४८ जनामध्येको हाम्रो हिस्साको सन्दर्भमा पनि नीतिगत स्पष्टताको खाँचो छ। हामीले सहमतिमा उल्लेख भएबमोजिम नै दलित, महिला, जनजाति, मधेसी र पछाडि परेको क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ। त्यसैगरी, अन्तरिम सरकारमा हाम्रो पार्टीको प्रतिनिधित्वका विषयमा पनि नीतिगत हिसाबले स्पष्ट हुनुपर्दछ। कात्तिक २२ गतेको सहमति र शान्ति सम्झौता कार्यान्वयन गर्नका लागि सशक्त र प्रभावकारी भूमिका खेल्ने गरी अन्तरिम सरकार गठन गरिनुपर्दछ। यसका लागि हामीले हाम्रो भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ। उक्त सहमति र शान्ति सम्झौताको कार्यान्वयनका लागि रचनात्मक र आवश्यक पर्दा दबाबकारी भूमिका निर्वाह गर्नुपर्दछ।

## संसद् र सरकारको कामको समीक्षा

जनआन्दोलनबाट पुनःस्थापित संसद्मा हाम्रो पार्टीका सांसदहरूको भूमिका सशक्त र प्रभावकारी रह्यो। संविधानसभाका लागि संकल्प प्रस्ताव पास गर्ने, जेठ ४ को ऐतिहासिक र क्रान्तिकारी घोषणा जारी गर्ने, महिलालाई अधिकारसम्पन्न बनाउने, सैनिक ऐन निर्माण गर्नेलगायतका महत्त्वपूर्ण कामहरू संसद्ले गरेको छ। विभिन्न समितिहरूमा हाम्रै नेतृत्व र सक्रियतामा राम्रा कामहरू भएका छन्। हाम्रो पार्टीको संसद्मा नेतृत्वकारी भूमिका रह्यो, त्यसलाई अझै सशक्त बनाउन हामीले थप ध्यान दिनुपर्छ।

संयुक्त जनआन्दोलनको सफलतापछि हाम्रो पार्टी वर्तमान संयुक्त सरकारमा सरिक भएको हो। यो सरकारका सामु प्रतिगामी दरबारिया शक्तिलाई कमजोर पार्दै लैजाने, नेकपा (माओवादी) सँग सार्थक ढङ्गले वार्ता प्रक्रियालाई अघि बढाउने, अन्तरिम संविधानको निर्माण र अन्तरिम विधायिका एवम् अन्तरिम सरकारको गठनजस्ता पूर्वकार्यहरू सम्पन्न गर्दै निश्चित समयमा संविधानसभाको निर्वाचन सम्पन्न गर्न आधार निर्माण गर्ने जिम्मेवारी थियो। समय सीमाका हिसाबले केही विलम्ब भए पनि आठ दलका शीर्षस्थ नेताहरूको सक्रियताका कारणले आधारभूत महत्त्वका यी कामहरू पूरा हुने अवस्था सिर्जना भएको छ। तर, वर्तमान सरकार संयुक्त सरकारको संस्कृतिअनुरूप सञ्चालन भएको छैन। विगत संयुक्त जनआन्दोलनमा नीति, विचार, सङ्गठन, आन्दोलन र शहादतका दृष्टिले अग्रस्थानमा रहेको नेकपा (एमाले) लाई उपेक्षा गर्ने, यसको भूमिकालाई न्यूनीकरण गर्ने, यसलाई एक्लो पार्न खोज्नेजस्ता गलत अभ्यासहरू भइरहेका छन्। नेपाली काङ्ग्रेस, खासगरी प्रधानमन्त्रीबाट एकमना सरकारको शैलीमा वर्तमान सरकार सञ्चालन गर्ने प्रयास भइरहेको छ। सुरक्षा अङ्ग, प्रशासनिक संरचना, संवैधानिक अङ्ग, राजनीतिक नियुक्तिजस्ता यावत् क्षेत्रमा काङ्ग्रेसीकरण गर्ने प्रयास भइरहेको छ। काङ्ग्रेसी गुटस्वार्थलाई सहयात्रीहरूले मञ्जुर नगरेका कारणले गर्दा महत्त्वपूर्ण स्थानमा राजनीतिक नियुक्ति हुन सकेको छैन।

समग्रतामा सरकारको र कम्तीमा नेकपा (एमाले) को भूमिकालाई प्रभावकारी बनाउनमा हाम्रो टिमका तर्फबाट पनि आवश्यक र सम्भव सीमासम्मको प्रयत्न भएको छैन । सरकारमा गएका मन्त्रीहरूको टिमलाई हाम्रो तर्फबाट नेतृत्व गर्ने, संरक्षण दिने र उनीहरूको कामलाई राम्ररी संयोजन गर्ने काम हुन सकेन । माओवादीसँगको वार्ता र समग्र शान्ति प्रक्रियामा हाम्रो भूमिका महत्त्वपूर्ण रहेको भए पनि त्यो ओझेलमा परेको जस्तो देखिएको छ । यस्ता अनेकौं कारणले गर्दा पार्टी पङ्क्तिलाई सरकारमा हाम्रो उपस्थिति र भूमिका प्रभावकारी भएको अनुभूति हुन सकेको छैन । तसर्थ, सरकारमा जाने मन्त्रीहरूको आफ्नो कार्य सम्पादन र कार्यशैलीमा गम्भीर ध्यान दिनु आवश्यक छ । अब बन्ने संयुक्त सरकारमा नेकपा (एमाले) को जनाधार र राष्ट्रिय राजनीतिमा यसको भूमिका प्रतिविम्वित हुने गरी पार्टीको दृष्टिकोण, हैसियत र मर्यादाअनुरूप जिम्मेवारी निर्वाह गर्ने कुरामा हाम्रो विशेष ध्यान जानुपर्दछ ।

*(नेकपा (एमाले) केन्द्रीय कमिटीको तेह्रौं बैठक (७-८, मङ्सिर, ०६३) मा महासचिव कमरेड माधवकुमार नेपालद्वारा प्रस्तुत तथा पारित प्रतिवेदनबाट)*

# नेकपा (एमाले) को केन्द्रीय कमिटीको तेह्रौं बैठकबाट पारित प्रस्तावहरू

- २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता-२०६३ लाई केन्द्रीय कमिटीको यो बैठक उच्च मूल्याङ्कन गर्दै हार्दिक स्वागत गर्दछ । ०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय आरम्भ गर्न, राज्यको लोकतान्त्रिक पुनःसंरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न, संविधानसभामार्फत नेपाली जनताको सर्वोच्चता र राजकीय सत्तालाई स्थापित गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने लक्ष्यसम्म देशलाई पुऱ्याउन विस्तृत शान्ति सम्झौताले व्यापक सम्भावनाका ढोकाहरू खोलिदिएको छ । उक्त शान्ति सम्झौता र त्यसअघि भएका विभिन्न सहमति र आचारसंहितालाई पूर्ण रूपले पालन गर्न सम्बद्ध सबै पक्षहरूलाई गम्भीर र जिम्मेवार हुन आग्रह गर्दै यो बैठक शान्ति सम्झौतालाई आफ्ना तर्फबाट कार्यान्वयन गर्न पूर्ण रूपले क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछ ।
- नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली काङ्ग्रेसलगायत सात राजनीतिक दल तथा नेकपा (माओवादी) बीच गत कात्तिक २२ गते भएको सहमतिको यो बैठक हार्दिक स्वागत गर्दछ। सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूबीच भएको उक्त बैठकका निर्णयहरू कार्यान्वयन गर्न नेकपा (एमाले) दृढतापूर्वक लागिरहनेछ र अन्य सम्बद्ध राजनीतिक दलहरूबाट पनि गम्भीर र जिम्मेवार व्यवहारको अपेक्षा गर्दछ ।
- नेपालको कम्युनिस्ट आन्दोलन गठन, विभाजन र पुनःगठनको प्रक्रियाबाट निरन्तर गुज्रँदै आएको छ । कम्युनिस्ट आन्दोलन विभाजित हुँदा लोकतन्त्र र राष्ट्रियता कमजोर भएको छ भने कम्युनिस्ट आन्दोलन सुदृढ हुँदा लोकतन्त्र र राष्ट्रियताका पक्षधर शक्तिहरू बलिया भएका छन् । यतिबेला नेपालमा कम्युनिस्ट आन्दोलन महत्त्वपूर्ण र निर्णायक राजनीतिक शक्तिका रूपमा रहेको छ । तर, यो शक्ति अझै एकीकृत बन्न सकेको छैन । त्यसैले एकीकृत र सुदृढ कम्युनिस्ट आन्दोलनको निर्माण गर्न र देशमा व्याप्त सबै आर्थिक, सामाजिक र सांस्कृतिक समस्याहरूको समाधान गर्न कम्युनिस्ट पार्टीहरूबीच एकता आवश्यक छ । नेकपा (एमाले) को केन्द्रीय कमिटीको यो बैठक सबै कम्युनिस्ट पार्टी, समूह र व्यक्तिहरूलाई कम्युनिस्ट एकता निर्माणका लागि गम्भीरतापूर्वक सामूहिक प्रयास अघि बढाउन हार्दिक आह्वान गर्दछ ।
- नेपाल यतिबेला आफ्नो इतिहासको सबैभन्दा जटिल, कठिन र सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । सामन्तवादी शक्तिहरू राजतन्त्र र पुरानो आर्थिक-सामाजिक संरचना कायमै राख्न प्रयत्न गरिरहेका छन् भने सबै प्रकारका लोकतान्त्रिक शक्तिहरू राजतन्त्र पूर्ण रूपले समाप्त पारेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न कम्मर कसिरहेका छन् । आमनेपाली जनताको विशाल पङ्क्तिसमेत यतिबेला प्रवल रूपले गणतन्त्रको पक्षमा देखापरेको छ । देश नयाँ ध्रुवीकरणतर्फ अघि बढिरहेको बेलामा सम्पूर्ण गणतन्त्रवादी शक्तिहरू एकताबद्ध भएर अघि बढ्नु आवश्यक भएकाले

नेकपा (एमाले) को केन्द्रीय कमिटीको यो बैठक सम्पूर्ण गणतन्त्रवादी शक्तिहरूलाई एकताबद्ध भएर लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि क्रियाशील हुन जोडदार आह्वान गर्दछ ।

- राष्ट्रियसभाका उपाध्यक्ष रामप्रीत पासवानमाथि यही मङ्सिर ३ गते जनकपुरमा भएको आक्रमणको यो बैठक घोर निन्दा र भर्त्सना गर्दै आक्रमणकारीमाथि आवश्यक कारबाही गरियोस् भनी जोडदार माग गर्दछ ।
- तराई जनतान्त्रिक मोर्चा र किराँत वर्कर्स पार्टीसँग पनि वार्ता गरी उनीहरूलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन सरकारले तत्काल वार्ता सुरु गरोस् भनी यो बैठक सरकारको ध्यानाकर्षण गराउँछ ।
- जनआन्दोलनमा भएको दमन र धनजनको क्षतिका सम्बन्धमा छानबिन गरी सुझावसहितको प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोगले भर्खरै आफ्नो प्रतिवेदन पेस गरेको छ। उक्त प्रतिवेदनलाई सार्वजनिक गरी आयोगले दोषी ठहऱ्याई कारबाहीको सिफारिस गरिएकाहरूलाई तत्काल कारबाही गर्न यो बैठक सरकारसँग जोडदार माग गर्दछ ।
- छिमेकी मुलुक भारतको पूर्वोत्तर राज्यहरू मेघालय, आसाम आदिमा नेपाली नागरिकहरूको आवत-जावतमाथि अवरोध उत्पन्न गरी भारतीय प्रहरी-प्रशासनबाट दुःख दिने कामहरू भइरहेका छन् । मेघालयको शिलाङ, वर्निहाट प्रहरी चेकपोस्टबाट नेपाली नागरिकहरूलाई आवागमन गर्न नदिने र अवैध घुसपैठको निहुँमा बलजफ्ती फर्काउने, मेघालयको जयन्तीमा रहेको कोइलाखानीमा काम गर्न नेपालको पूर्वी भेगबाट गएका लाखौं नेपाली मजदुरहरू लुटिने र बेपत्ता हुने जस्ता घटनाहरू भइरहेका छन् । नेपाली नागरिकहरूलाई यसरी लुट्ने र अप्ठ्यारोमा पार्ने काम भारतीय प्रहरी प्रशासनबाट भइरहेकाले अविलम्ब यस्ता गतिविधि रोक्न नेपाल सरकार भारत सरकारसँग कुराकानी गरोस् भनी यो बैठक माग गर्दछ । ■

# सरकार-माओवादीबीच सम्पन्न शान्ति सम्झौता

**प्रस्तावना**

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, आठबुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता, ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरूलगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसङ्घलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनःपुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने सङ्कल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनःसंरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा ०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र नेकपा (माओवादी) का बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ ।

१. **प्रारम्भिक**

१.१ यस सम्झौताको नाम 'विस्तृत शान्ति सम्झौता, २०६३' रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिने छ ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणामार्फत आजैका मितिदेखि लागू हुनेछ ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने/गराउने छन् ।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरू यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसार पछि गरिने सहमति र सम्झौताहरू पनि यसैका अङ्ग मानिने छन् ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सम्झौतामा :

(क) 'युद्धविराम' भन्नाले नेपाल सरकार तथा नेकपा (माओवादी) बीच एकअर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवम् हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।

(ख) 'अन्तरिम संविधान' भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मका लागि जारी गरिने 'नेपालको अन्तरिम संविधान २०६३' लाई जनाउँछ ।

(ग) 'अन्तरिम मन्त्रिपरिषद्' भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने 'अन्तरिम मन्त्रिपरिषद्' लाई जनाउँछ ।

(घ) 'दुवै पक्ष' भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ ।

(ङ) 'प्रचलित कानुन' भन्नाले नेपालको अन्तरिम संविधान-०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ । तर, यस परिभाषाले अन्तरिम संविधान-०६३ जारी हुनुअघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउने छैन ।

(च) 'प्रमाणीकरण' भन्नाले संयुक्त राष्ट्रसङ्घले सेना, लडाकू र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।

३. **राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन**

दुवै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणका नीति तथा कार्यक्रम अवलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन् :

३.१ ०६३ कात्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।

३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका- संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी ०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने ।

३.३ मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्ति (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने । राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुङ्गो लगाउने ।

३.४ विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने ।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने ।

३.६ सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने ।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने ।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरवाचरवालगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२ देशको आर्थिक-सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३ श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवम् आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने ।

**४. सेना र हतियार व्यवस्थापन**

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुनःसंरचना गर्न विगतमा भएका १२ बुँदे समझदारी, आठबुँदे सहमति, २५ बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पाँचबुँदे पत्र र कात्तिक २२ गते सम्पन्न शीर्ष नेताहरूको बैठकका निर्णयहरूअनुरूप निम्न कामहरू गर्ने :

माओवादी सेनाका सम्बन्धमा

४.१ ०६३ साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) का तर्फबाट संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकूहरू (Combatants) निम्न लिखित स्थानहरूमा अस्थायी शिविरहरू (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्रसङ्घद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने ।

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहनेछन् :

१.कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. नवलपरासी, ५. चितवन, ६. सिन्धुली र ७. इलाम । मुख्य शिविरहरू वरिपरि तीन/तीनवटाका दरले सहायक शिविरहरू रहनेछन् ।

४.२ माओवादी सेनाका लडाकूहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठाबाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसङ्घले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसङ्घ, नेकपा ( माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

४.३ माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४.४ माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

४.५ माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाका सम्बन्धमा**

४.६ संयुक्त राष्ट्रसङ्घलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी सङ्ख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसङ्घले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसङ्घ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने ।

४.७ नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यसअन्तर्गत नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्नेलगायतका कामहरू गर्ने ।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, ब्याङ्क, विमानस्थल, विद्युत्गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तरता दिने ।

**५. युद्धविराम**

५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य

५.१.१ दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दछन् :

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एकअर्कोप्रति लक्षित कुनै पनि किसिमको हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

(ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहित रूपमा अर्को पक्षको हातहतियार खानतलासी वा बरामदी गर्ने कार्य,

(ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने कार्य,

(घ) एकअर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

(ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

(च) अपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य

(छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

(ज) हवाई आक्रमण वा बमबारी,

(झ) जमीनमुनि बारुद बिछ्याउने कार्य (माइनिङ) र विध्वंशात्मक कार्य (स्याबोटेज),

(ञ) एकअर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगट्ठा तथा विस्फोटक पदार्थ ओसारपसार वा एकअर्काविरुद्ध सैनिक हर्कत गर्ने छैनन् ।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विस्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरू गैरकानुनी रूपमा ओसारपसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा बरामदी गर्न सक्नेछ ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गोलीगट्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन् ।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एकअर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्नेछन् ।

५.१.५ कुनै पनि नागरिकसभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोशाकसहित उपस्थित हुने छैनन् ।

५.१.६ नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप तथा प्रचलित कानुनबमोजिम कानुन व्यवस्था र शान्ति सुव्यवस्था एवम् अपराध अनुसन्धानको कार्य चालू राख्नेछन् ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्नसमेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८ सशस्त्र द्वन्द्वका क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमीन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

५.२ स्थिति सामान्यीकरणका उपायहरू

५.२.१ इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी सङ्कलन र कर असुली गर्न पाइने छैन ।

५.२.२ आफ्ना कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४ दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनःस्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग गठन गर्न र त्यससमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताका साथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एकअर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्वबसोवासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनःनिर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई स-सम्मान पुनःस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिका आधारमा समाधान गर्न एवम् आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जा गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय सङ्घसंस्थाहरूसमेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न/गराउन दुवै पक्ष सहमत छन् ।

५.२.१० दुवै पक्ष परिवारका कुनै सदस्य एकअर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाब नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनका क्रममा तिनीहरूलाई कुनै पनि किसिमको बाधा-अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

५.२.१२ संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय दातृ समुदायलगायत नेपालस्थित कूटनीतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, प्रेस, मानवअधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरूलाई नेपाल राज्यभित्र कानुनबमोजिम निर्वाध आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरू शिष्ट र मर्यादित ढङ्गले सञ्चालन गर्न प्रतिबद्ध छन् ।

## ६. युद्ध समाप्ति

६.१ ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिका आधारमा सरकार-माओवादीबीच चालू युद्धविरामलाई स्थायी रूप दिँदै ०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं ।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको ०६३ कात्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरू दीर्घकालीन शान्तिका लागि मूल नीतिगत आधार हुनेछन् ।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनतः दण्डनीय हुनेछ ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न र पक्ष-विपक्षमा लाग्न पाउने छैनन् । तर, उनीहरूलाई मताधिकारबाट वञ्चित गरिने छैन ।

## ७. मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन् :

७.१ मानवअधिकार :

७.१.१ दुवै पक्षले मानवअधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्तिउपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जातजाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाका आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिबद्ध छन् ।

७.१.३ दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबर्जस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारबाहीसमेत गर्नेछन् ।

७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य र मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

७.२ बाँच्न पाउने अधिकार

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन ।

७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

७.३.१ दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्तिलगायत कोही पनि यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२ दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् ।

७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोवासको स्थान कानूनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल वासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोवास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् ।

७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, सङ्घसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छन् ।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन् ।

७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवनयापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिबद्ध छन् ।

७.५.२ दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिबद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात् गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवम् पुनःस्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात् गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्ध छन् । दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लङ्घन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन् । शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक-विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य ब्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५ कानूनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्बल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवम् सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

७.६ महिला तथा बालबालिकाको अधिकार

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहारलगायत महिला तथा बालबालिकाविरुद्ध हुने बालश्रमलगायतका सबैखाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र १८ वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिने छन् र तिनीहरूको पुनःस्थापनाका लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

७.७ वैयक्तिक स्वतन्त्रताको अधिकार

७.७.१ दुवै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिनाहातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफूखुशी पेशा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानूनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न/गराउन सहमत छन् ।

**८. मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र**

८.१ दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरूलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रूपमा सच्याउँदै लैजाने गरी वैयक्तिक एवम् सामूहिक रूपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकताअनुसार संयन्त्रहरूको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्रिपरिषद्ले तय गरेबमोजिम हुनेछ ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी संवाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवम् नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरू कार्यान्वयन गर्न अन्तरिम मन्त्रिपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगलगायत आवश्यकताअनुसारका अन्य संयन्त्रहरूको गठन गर्ने र तिनीहरूको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

**९. कार्यान्वयन तथा अनुगमन**

यस सम्झौतामा उल्लेख गरिएको सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनका लागि निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् :

९.१ दुवै पक्ष संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयबाट यस सम्झौतामा उल्लिखित मानवअधिकारसम्बन्धी प्रावधानहरूको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२ दुवै पक्ष संयुक्त राष्ट्रसङ्घको नेपालस्थित मिसनबाट पूर्वप्रेषित पाँचबुँदे पत्र र यस सम्झौतामा उल्लेख भएअनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिबद्धता व्यक्त गर्दछन् ।

९.३ दुवै पक्ष संयुक्त राष्ट्रसङ्घबाट संविधानसभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४ राष्ट्रिय मानवअधिकार आयोगले कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानवअधिकार अनुगमनसम्बन्धी कार्यहरू पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्यसम्पादन गर्ने क्रममा मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लिखित सबै निकायले दिएका प्रतिवेदनहरू बुझ्न, अनुरोध गरेका सूचनाहरू उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन सहमति र छलफलका आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

**१०. विविध**

१०.१ कात्तिक २२ गतेको निर्णयको मर्म र शान्ति सम्झौताको भावनाअनुरूप सरकार वा राज्य संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरूपको संयन्त्र सञ्चालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिनेछ । संशोधन गर्न चाहेमा सोको लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यताप्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानूनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुने छैन ।

१०.४ यो सम्झौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो सम्झौताको प्रस्तावना र अनुसूचीमा संलग्न दस्तावेजहरूका आधारमा दुवै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्नेछ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५ अन्तरिम व्यवस्थापिका- संसद् गठन भएपछि यस सम्झौतामा उल्लिखित 'दुई पक्ष' को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस सम्झौतामा उल्लिखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने/गराउने दायित्व अन्तरिम मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ । सम्झौताको पालना तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनु सबै राजनीतिक दलहरूको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६ सिङ्गो मुलुक संविधानसभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेका बेला आफ्ना समस्या र मागहरूलाई संवाद र वार्ताका माध्यमबाट समाधान गर्न तथा संविधानसभाको निर्वाचन तथा शान्ति-सुरक्षाको स्थितिलाई सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधानसभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सक्रिय सहभागिता जनाई सफल बनाउन नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय सङ्गठनहरू, पत्रकार जगत्, बुद्धिजीवीहरू र आमनेपाली जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र राष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति-सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी- नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौँ ।

**प्रचण्ड** **गिरिजाप्रसाद कोइराला**
अध्यक्ष प्रधानमन्त्री
**नेकपा (माओवादी)** **नेपाल सरकार**
हस्ताक्षर मिति : २०६३/८/५

# मुद्रा र मौद्रिक नीतिबारे जान्नैपर्ने कुराहरू

## ' डा. गोविन्दबहादुर थापा

धेरै मानिसहरूलाई बजारमा मुद्रा (कागजी नोट) कसरी आउँछ ? त्यसको स्रोत के हो ? त्यो कसरी, कहाँ र कसले छाप्दछ ? त्यसरी छापिएका नोटले जनताबाट कसरी विश्वास आर्जन गर्दछन् भन्ने जानकारी भएको पाइँदैन । साथै, मौद्रिक नीति, मौद्रिक अधिकारी आदि भनिन्छ, त्यो भनेको के हो भन्ने कुरा पनि थाहा भएको पाइँदैन । यी कुराहरू सबैले नजानी हुँदैन भन्ने त छैन र नजान्दा पनि काम र व्यवहार त चल्दछ र चली पनि रहेको छ । तर, जान्नु राम्रो हुन्छ । जान्दा बेलाबेलामा सञ्चार माध्यममा आउने यससम्बन्धी कुराहरू बुझ्न सकिन्छ । र, त्यसबाट मुलुक र जनतालाई के लाभ हुन्छ ? आफूले पनि के लाभ लिन सकिन्छ भन्ने कुराको जानकारी हुन्छ ।

**मुद्राको स्रोत**

मुख्य रूपमा मुद्राका दुईवटा स्रोत हुन्छन् : (क) वैदेशिक सम्पत्ति र मुख्यरूपमा विदेशी मुद्रा, र (ख) आन्तरिक कर्जा कारोबार । कुनै पनि मुलुकमा बजारमा मुद्रा आपूर्ति गर्ने यी दुईभन्दा तेस्रो स्रोत हुँदैन । जब कुनै पनि स्रोतबाट (निर्यात, पर्यटन, विदेशी सहायता, रेमिट्यान्स आदि विदेशी मुद्राका प्रमुख स्रोत हुन्) मुलुकमा विदेशी मुद्रा भित्रिन्छ र वाणिज्य बैंकहरूबाट सटही गरिन्छ, सटही गर्न आउने व्यक्ति वा संस्थाले नेपाली मुद्रा लैजान्छ । त्यो व्यक्ति वा संस्थाले त्यो नेपाली मुद्रा बजारमा खर्च गर्दछ । तर, मुलुकभित्र विदेशी मुद्रा भित्रिए पनि बैंकमा सटही गरिएन भने त्यसले नेपाली मुद्रा बजारमा ल्याउँदैन । यसरी वाणिज्य बैंकहरूले विदेशी मुद्रा खरिद गरी नेपाली मुद्रा दिन्छन् । वाणिज्य बैंकहरूले त्यसरी खरिद गरेको विदेशी मुद्रामध्ये त्यस्तो विदेशी मुद्रा खरिद गर्न आउनेहरूलाई बिक्री गर्दछन् र त्यस्तै प्रयोजनका निमित्त केही रकम मौज्दातमा पनि राख्ने गर्दछन् । बिक्रीभन्दा खरिद बढी भई बाणिज्य बैंकहरूसँग विदेशी मुद्राको मौज्दात अधिक हुन गयो भने वाणिज्य बैंकहरूले त्यस्तो अधिक भएको विदेशी मुद्रा नेपाल राष्ट्र बैंकलाई बिक्री गरी नेपाल राष्ट्र बैंकबाट नेपाली मुद्रा लैजान्छन् । वाणिज्य बैंकहरूलाई त्यस्तो अधिक भएको विदेशी मुद्रा नेपाल राष्ट्र बैंकलाई बिक्री गर्नुपर्ने बाध्यता किन हुन्छ भने उनीहरूले विदेशी मुद्रा खरिद गर्दा नेपाली मुद्रा भुक्तानी दिनुपर्ने हुँदा उनीहरूले जति बढी विदेशी मुद्रा खरिद गर्दछन्, त्यति नै मात्रामा उनीहरूसँग नेपाली मुद्राको मौज्दात घट्दै जान्छ र कर्जा दिन वा डिपोजिट लिएको रकम फिर्ता दिन उनीहरूसँग नेपाली मुद्राको अभाव हुन जान्छ । त्यसैले वाणिज्य बैंकहरूले आफूसँग रहेको विदेशी मुद्राको अधिक मौज्दात नेपाल राष्ट्र बैंकलाई बिक्री गरी नेपाली मुद्रा लैजाने गर्दछन् ।

यसरी विदेशी मुद्राको माध्यमबाट बजारमा थप नेपाली मुद्रा आपूर्ति हुने कुरा कुनै एक-दुई वाणिज्य बैंकको विदेशी मुद्राको कारोबारबाट मात्र नभई मुलुकभरिको कुल विदेशी मुद्राको कारोबारको आधारमा हुन्छ । विदेशी मुद्राको मुलुकभरिको कुल कारोबारमा विदेशी मुद्राको बिक्रीभन्दा खरिद वा खर्चभन्दा आम्दानी बढी भयो भने वा विदेशी मुद्राको सञ्चिति बढ्दै भयो भने मात्र त्यो बढी भएको जति विदेशी मुद्रा बराबरको थप नेपाली मुद्रा बजारमा आपूर्ति हुन्छ । विदेशी मुद्रा आम्दानीभन्दा खर्च बढी भई मौज्दात घट्न गयो भने बजारमा नेपाली मुद्रा पनि घट्न जान्छ । किनभने, त्यो स्थितिमा एकातिर विदेशी मुद्राको आर्जन कम भई बजारमा नेपाली मुद्रा कम जान्छ भने बिक्री बढी हुँदा नेपाली मुद्रा बजारबाट बैंकहरूमा फर्किन्छ ।

विदेशी मुद्राका माथि उल्लिखित विभिन्न स्रोतहरू जस्तै खर्चका पनि विभिन्न प्रयोजन हुन्छन् । जस्तै विदेशबाट सामान पैठारी, सरकारी वा निजी क्षेत्रले लिएको वैदेशिक ऋणको साँवाव्याज भुक्तानी, विदेशमा रहेका नेपाली कूटनीतिक नियोगहरूको

खर्च, अध्ययन, स्वास्थ्य उपचार, भ्रमण आदिका निमित्त विदेश जाँदा हुने खर्च आदि विदेशी मुद्रा खर्च हुने प्रमुख प्रयोजन हुन् । अतः यी प्रयोजनहरूमा हुने विदेशी मुद्राको खर्चभन्दा आम्दानीका स्रोतहरूबाट हुने विदेशी मुद्राको आर्जन बढी भयो भने मात्र त्यो बढी भएको जति विदेशी मुद्राबराबरको थप नेपाली मुद्रा बजारमा आपूर्ति हुन्छ । नेपाल राष्ट्र बैंक ऐनले नेपालमा विदेशी मुद्राको व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार र जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई दिएको छ । विदेशी मुद्राको व्यवस्थापन भन्नाले विभिन्न विदेशी मुद्राहरूसँगको नेपाली मुद्राको विनिमय दर (सटही दर वा खरिद बिक्री दर) निर्धारणको व्यवस्था गर्ने, मुलुकभरि विदेशी मुद्राको खरिद-बिक्री गर्ने व्यवस्था मिलाउने, मुलुकलाई (सरकार, बैंकहरू र निजी क्षेत्रलाई) आवश्यक हुने विदेशी मुद्रा आपूर्ति गर्ने व्यवस्था मिलाउने, विदेशी मुद्राको अधिक सञ्चितिको व्यवस्थापन गर्ने आदि भन्ने बुझिन्छ । नेपाल राष्ट्र बैंक ऐनका अतिरिक्त यी कुराहरूलाई व्यवस्थित गर्न विदेशी मुद्रा नियन्त्रण ऐनको पनि छुट्टै व्यवस्था भएको छ । यो ऐनले पनि विदेशी मुद्रासँग सम्बन्धित सम्पूर्ण कुराहरूको नियन्त्रण, नियमन र निर्देशन गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई दिएको छ । नेपालमा मात्र होइन, कुनै पनि मुलुकमा विदेशी मुद्राको व्यवस्थापन गर्ने जिम्मेवारी त्यहाँको केन्द्रीय बैंकलाई दिइएको हुन्छ । त्यही परम्पराअनुरूप नै नेपालमा पनि यो जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई दिइएको हो ।

विदेशी मुद्रा भन्नाले हामीले विश्वका सम्पूर्ण मुलुकहरूका मुद्रा भन्ने बुझ्नु हुँदैन । नेपालसँग व्यापारिक वा अन्य किसिमको राम्रो र पुरानो सम्बन्ध भएका अर्थात् धेरैजसो नेपालभित्र बिक्री वा खरिदको माग आइरहने नेपाल राष्ट्र बैंकले तोकेका मुद्राहरू भन्ने सम्झनुपर्दछ । त्यस्ता मुद्राहरूको अभिलेख नेपाल राष्ट्र बैंकसँग हुन्छ । र, त्यही अभिलेखका आधारमा नेपाल राष्ट्र बैंकले कुनकुन विदेशी मुद्रा नेपालभित्र खरिद र बिक्री दुवै गर्ने र कुनकुन मुद्रा खरिद मात्र गर्ने भनी तोक्दछ । त्यही बमोजिम वाणिज्य बैंकहरूले ती विदेशी मुद्राहरूको कारोबार गर्दछन् । हाल नेपालमा अमेरिकी डलर, बेलायती पाउन्ड, युरो, क्यानेडियन डलर, अस्ट्रेलियन डलर, जापानी ऐन, सिङ्गापुर डलर, भारतीय रुपियाँ आदि मुद्राको खरिद र बिक्री दुवै हुन्छ भने चिनियाँ युवान, साउदी रियाल, कोरियन वन, मलेसियन रिङ्गिट्ट, कुवेती डिनार आदि मुद्राको खरिद मात्र हुन्छ । नेपाल राष्ट्र बैंकले यी दुवैथरी मुद्रामा आवश्यकताअनुसार थपघट गर्दछ । यी बाहेकका अन्य मुद्राहरू आएमा नेपाल राष्ट्र बैंकले चाहेमा प्रमाणीकरणको निमित्त लिन सक्दछ ।

**विदेशी मुद्राको अधिक सञ्चितिलाई नेपाल राष्ट्र बैंकले के गर्दछ ?**

मुलुकमा भित्रिने विदेशी मुद्रा बढ्दै गयो भने त्यस्तो मुद्रा वाणिज्य बैंकहरूबाट नेपाल राष्ट्र बैंकले खरिद गर्दछ । यसरी नेपाल राष्ट्र बैंकमा जम्मा हुन आएको विदेशी मुद्रामध्ये खर्च भई बाँकी रहेको विदेशी मुद्रालाई नेपाल राष्ट्र बैंकले दुई प्रयोजनमा उपयोग गर्दछ । पहिलो, नेपाली मुद्रा (नेपाली कागजी नोट) निष्कासन गर्दा राख्नुपर्ने सुरक्षणमा र दोस्रो, लगानी । नेपाल राष्ट्र बैंक ऐनले नेपाली मुद्रा निष्कासन गर्दा निष्कासन गरिने मुद्राको कुल मूल्यको कम्तीमा ५० प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा आदि सुरक्षण (ग्यारेन्टी) बापत राख्नुपर्दछ भन्ने व्यवस्था गरेकाले त्यहीअनुसार सुरक्षण राख्ने काममा विदेशी मुद्राको उपयोग हुन्छ भने मुलुकमा खर्च भई बाँकी रहन गएको विदेशी मुद्राको मौज्दातको केही अंश कारोबार सञ्चालनका निमित्त राखी बाँकी रकम बाहिर लगानी गर्दछ । बाहिर भन्नुको अर्थ अमेरिका, बेलायत, युरोप, सिङ्गापुर, जापान, अस्ट्रेलिया आदि मुलुकका अल्पकालीन सरकारी ऋणपत्रमा लगानी गर्दछ । त्यसबापत नेपाल राष्ट्र बैंकलाई विदेशी मुद्रामा व्याज प्राप्त हुन्छ । नेपाल राष्ट्र बैंकको आम्दानीको प्रमुख स्रोत नै यसरी प्राप्त हुने व्याज हो । मुलुकको केन्द्रीय बैंक नाफा आर्जन गर्ने उद्देश्यले स्थापित निकाय नभएता पनि त्यसरी प्राप्त हुने व्याजकै कारणले नेपाल राष्ट्र बैंकलाई नाफा हुने गर्दछ । र, त्यो नाफाको दुई/तीनभन्दा बढी अंश नेपाल सरकारलाई लाभांशका रूपमा राजस्वमा जम्मा हुने गरी दिने गर्दछ । यसरी विदेशी मुद्राको कारोबारबाट बजारमा नेपाली मुद्रा आउने र फर्कने गर्दछ ।

मुलुकभित्र हुने कर्जा प्रवाहको माध्यमबाट पनि बजारमा मुद्रा आपूर्ति र सङ्कुचन हुने गर्दछ । मुलुकमा कर्जा लिने निकाय वा क्षेत्रहरूमा सरकार, वाणिज्य बैंक तथा अन्य बित्तीय संस्थाहरू, सरकारी संस्थानहरू, निजी क्षेत्रका कम्पनी तथा व्यक्तिहरू हुन्छन् । सरकारले घाटा बजेट पूर्ति गर्नका निमित्त माथि उल्लिखित निकाय, कम्पनी तथा व्यक्तिहरूका अतिरिक्त केन्द्रीय बैंकबाट समेत ऋण लिन्छ । वाणिज्य बैंकहरूले रकमको आवश्यकता पर्दा केन्द्रीय बैंकसँग ऋण लिन्छन् । अन्य वित्तीय संस्थाहरू, सरकारी संस्थानहरू र निजी क्षेत्रका कम्पनी तथा व्यक्तिहरूले वाणिज्य बैंकहरूबाट ऋण लिन्छन् । यसरी सरकारलगायत अन्य सबै निकायहरूले अधिक मात्रामा ऋण लिई रहे भने केन्द्रीय बैंकले वाणिज्य बैंकहरूलाई मागबमोजिमको रकम उपलब्ध गराउँछ । तर, केन्द्रीय बैंकले सरकार र वाणिज्य बैंकहरूबाहेक अरू कसैलाई पनि ऋण दिँदैन, दिन पाउँदैन । अरू निकायहरूले वाणिज्य बैंकहरूबाट ऋण लिनुपर्दछ । माथि उल्लेख गरिएझैं यी सबै निकायहरूले अधिक मात्रामा ऋण लिए र वाणिज्य बैंकहरूलाई तत्काल कर्जाको माग पूर्ति गर्न रकमको अभाव भयो भने उनीहरूले केन्द्रीय बैंक (नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैंक) बाट अल्पकालीन ऋण लिन्छन् । फलस्वरूप बजारमा थप मुद्रा आपूर्ति हुन्छ । तर, यसरी लिइएको ऋण ऋणीहरूले व्याजसहित फिर्ता पनि गरेका हुन्छन् । त्यसैले फिर्ता गरेको कुल ऋण रकम भन्दा थप प्रवाह भएको कुल ऋण रकम बढी भयो भने मात्र त्यो बढी प्रवाह भएको ऋण रकम बराबरको थप मुद्रा मात्र बजारमा आउँछ । नयाँ गएको ऋण भन्दा फिर्ता भएको ऋण रकम बढी भयो भने बजारमा रहेको मुद्रा बैंकहरूमा फर्कन्छ । यसरी कुनै पनि मुलुकको बजारमा आन्तरिक कर्जा कारोबारको माध्यमबाट मुद्रा थपघट हुने गर्दछ ।

तर, माथि उल्लिखित मुद्रा आपूर्तिका दुई स्रोत विदेशी मुद्रा र आन्तरिक कर्जामध्ये कुनै एकको माध्यमबाट मात्र बजारमा समग्रमा मुद्राको आपूर्ति घट्यो वा बढ्यो भन्न मिल्दैन । यी दुई स्रोतमध्ये कुनै एउटा स्रोतबाट बजारमा मुद्रा आपूर्ति बढ्यो र

अर्को स्रोतबाट त्यति नै मात्रामा मुद्रा सङ्कुचन भयो भने बजारमा समग्रमा मुद्रा आपूर्तिमा परिवर्तन आउँदैन । त्यसैले मुलुकमा मुद्रा आपूर्ति समग्रमा घट्यो वा बढ्यो भन्ने कुरा यी दुवै स्रोतको एकमुष्ट वा एकत्रित परिणामका आधारका मात्र भन्न सकिन्छ । अर्थात्, उदाहरणका लागि विदेशी मुद्राको माध्यमबाट बढेको मुद्रा आपूर्तिभन्दा आन्तरिक कर्जाको माध्यमबाट घटेको मुद्रा आपूर्ति बढी भयो भने समग्रमा बजारमा कुल मुद्रा आपूर्ति घट्दछ । त्यसैले दुवै स्रोतको जोडबाट मात्र बजारमा थप मुद्रा आपूर्ति भयो वा भएन भन्ने कुरा थाहा हुन्छ ।

**कसरी उपलब्ध गराउँछ नेपाल राष्ट्र बैंकले नोट ?**

नेपाल राष्ट्र बैंक ऐनले नेपालमा नेपाली मुद्रा निष्कासन गर्ने एकाधिकार नेपाल राष्ट्र बैंकलाई सुम्पिएको छ । र, त्यसको जमानत नेपाल सरकारबाट प्राप्त हुनुका साथै त्यस्तो मुद्रा नेपालमा कानुनी रूपमा ग्राह्य हुने व्यवस्था पनि त्यस ऐनले गरेको छ । यही कानुनी व्यवस्थाअनुसार नेपाल राष्ट्र बैंकले नेपालमा नेपाली मुद्राका रूपमा विभिन्न दरका कागजी नोटहरू निष्कासन गर्ने गरेको छ । नोट निष्कासनका दुई पक्ष छन् । एउटा पक्ष त विभिन्न दरका कागजी नोटहरू छपाइ गरी मौज्दातमा राख्नु हो भने अर्को पक्ष त्यो मौज्दातबाट नेपाल राष्ट्र बैंक ऐनले व्यवस्था गरेबमोजिम सुरक्षण राखी निष्कासन गर्नु वा चलनचल्तीमा ल्याउनु हो । निष्कासन नगरी मौज्दातमा राखिएका नोटहरूको कुनै मौद्रिक मूल्य हुँदैन । त्यस्ता नोटहरू छापिएका अन्य कुनै कागजपत्रसरह हुन्छन् । जब त्यस्ता नोटहरू सुरक्षण राखेर निष्कासन गरिन्छ, तब मात्र ती नोटको मौद्रिक मूल्य हुन्छ । र, त्यसप्रति नेपाल राष्ट्र बैंकको दायित्व हुन्छ । नेपाल राष्ट्र बैंकको आन्तरिक सङ्गठनात्मक ढाँचाअनुसार नोट छापेर मौज्दातमा राख्ने र मागबमोजिम सुरक्षणको व्यवस्था गरेर निष्कासन गर्ने जिम्मेवारी निर्वाह गर्न मुद्रा व्यवस्थापन विभाग नामको छुट्टै विभाग खडा गरिएको छ भने नोटहरू माग गरी बजारमा चलनचल्तीमा पठाउने जिम्मेवारी बहन गर्न बैङ्किङ् कार्यालय नामको छुट्टै कार्यालय सञ्चालन गरिएको छ । यसको अर्थ कागजी नोटहरू मुद्रा व्यवस्थापन बिभागमा रहुन्जेल तिनको कुनै मौद्रिक मूल्य हुँदैन भने बङ्किङ् कार्यालयमा आएपछि मात्र तिनको त्यस्तो मूल्य हुन्छ भन्ने बुझ्नुपर्दछ । थप नोटको आवश्यकता पर्‍यो भने बैङ्किङ् कार्यालयले मुद्रा व्यवस्थापन विभागसँग माग गर्दछ । र, मुद्रा व्यवस्थापन विभागले ऐनले तोकेबमोजिमको सुरक्षणको व्यवस्था गरी मागबमोजिम बैङ्किङ् कार्यालयलाई नोटहरू उपलब्ध गराउँछ । नोट निष्कासन गर्दा मुद्रा व्यवस्थापन विभागले सुरक्षण राख्नका निमित्त बैंककै अर्को विभाग वित्त व्यवस्थापन विभागलाई लेखी पठाउँछ । र, वित्त व्यवस्थापन विभागले लेखिआएबमोजिम सुरक्षणको व्यवस्था गर्दछ । यसको अर्थ मुद्रा व्यवस्थापन विभागसँग रहेको मौज्दातबाट बैङ्किङ् कार्यालयमा नोटहरू ल्याइनुलाई नै नोट निष्कासन भन्नुपर्दछ ।

बैङ्किङ् कार्यालयले त्यसरी मुद्रा व्यवस्थापन विभागबाट ल्याइएका नोटहरूलाई सरकारका विभिन्न निकायहरू, वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरू, सरकारी संस्थानहरू, सरकारी निकायहरूले विभिन्न व्यक्तिहरूलाई भुक्तानी दिन काटेका चेकहरूको भुक्तानी दिई चलनचल्तीमा पठाउँछ । बैङ्किङ् कार्यालयले केवल भुक्तानी दिने काम मात्र गर्दैन । सरकारको राजस्व तथा धरौटी खातामा जम्मा गर्न ल्याइएका राजस्व तथा धरौटीका सम्पूर्ण रकमहरू, सरकारलाई प्राप्त हुने वैदेशिक सहायताको सम्पूर्ण रकम र वाणिज्य बैंकहरू तथा अन्य वित्तीय संस्थाहरूले बैङ्किङ्ग कार्यालयमा रहेका आ-आफ्ना खातामा जम्मा गर्न ल्याएका रकमहरू बुझी लिने काम पनि गर्दछ । त्यसले गर्दा यदाकदा बैङ्किङ् कार्यालयले भुक्तानी दिएको रकमभन्दा त्यहाँ जम्मा हुन आएको रकम अधिक हुन गई त्यस कार्यालयको मौज्दातमा रकम थुप्रिन जान्छ । बैङ्किङ् कार्यालयमा एउटा निश्चित सीमाभन्दा बढी रकम मौज्दातमा राख्न नपाइने नियम भएकाले त्यो सीमा नाघ्ने गरी रकम जम्मा हुन आएमा तत्काल त्यस्तो अधिक रकम मुद्रा व्यवस्थापन विभागमा फिर्ता पठाइन्छ । फिर्ता पठाइन्छ भन्नुको अर्थ ती नोटहरूलाई निष्कासनबाट वा चलनचल्तीबाट फिर्ता पठाइएको भन्ने बुझ्नुपर्दछ । त्यसरी ती नोटहरू मुद्रा व्यवस्थापन विभागमा फिर्ता गरिएपछि ती नोटहरू पहिले निष्कासन गर्दा राखिएको सुरक्षण पनि झिकिन्छ । र, त्यस्ता नोटहरू पुनः छापिएका कागजका खोस्टासरह हुन जान्छन् । यसरी बजार (अर्थतन्त्र) मा मुद्राको आपूर्ति र सङ्कुचन हुने गर्दछ । ■

# विद्रोह

## ' विवश वस्ती

उज्यालो भयो ।

सूर्यका चिलिला किरणहरूले स्पर्श गर्‍यो, त्यो कुवालाई । ठूलो र फराकिलो थियो कुवा । अतः असङ्ख्य भ्यागुताहरू पनि थिए । फरक-फरक उमेर-समूहका । कुवा छाड्ने प्रवृत्ति शून्य रहेको हुँदा युवा भ्यागुताहरू पनि अध्ययन, रोजगारी र अन्य वृत्ति-विकासका निम्ति बाहिर गएका थिएनन् । सिङ्गो जीवन नै कुवाको वृत्तमा ओल्याङ्टोल्याङ् गरेर बिताउने पञ्च/षष्ठी वर्षीय होइन कि जीवनभरको योजनामा डुबुल्की मारिरहेका थिए ।

अनौठो तत्त्वबोधले एउटा युवा भ्यागुतालाई एक दिन उचित स्पर्श गर्‍यो । एक बिहान उसले लामो हाइ काढ्दै सस्वर घोषणा गर्‍यो- 'म अबदेखि यो कुवामा बस्दिनँ ।'

'के विद्रोह गर्ने ?' अर्को भ्यागुताले चासो राख्यो ।

'अँ, त्यस्तै त्यस्तै हो ।' त्यसले भन्यो ।

'के खण्ड-खातिर पर्‍यो विद्रोह गर्नलाई ?'

'एउटै मात्र कारण छ ।' छिप्पिँदै गइरहेको घामतिर हेरेर आँखा मिच्दै जवान भ्यागुताले स्पष्टीकरणको भाषामा भन्यो- 'हामी वर्षौंदेखि यही कुवामा बस्दै आइरहेका छौँ । हामीलाई यो कुवाभन्दा परको संसार कस्तो छ भन्ने कुरा रत्तिभर थाहा छैन । कुवा नै सिङ्गो संसार हो भन्ने मानसिकताबाट हामी निर्देशित भएका छौँ ।' केही क्षण रोकिएर गम्भीर हुँदै उसले भन्यो- 'अब परम्परागत मान्यता र आलस्यलाई त्यागेर नयाँ सृष्टिको सूत्रपात गर्न जरुरी छ ।'

'तिम्रो कुरा नाजायज होइन । तर... ।'

'के तर ?'

'एक जनाको मात्र विद्रोहले केही अर्थ राख्दैन, कुनै सन्देश दिँदैन ।'

'यसलाई तिमी व्यक्तिविद्रोह पनि मान्न सक्छौ वा अरू केही । तिमीले इतिहासका पाना पल्टाएका छैनौ ? एकपटक पल्टाएर हेर त, सुरुमा व्यक्तिले नै विद्रोहको रेखा कोरेका थिए, पछि मात्र सामूहिक विद्रोह भएको हो । मेरो विद्रोहलाई पनि व्यक्तिकै विद्रोह ठान्न सक्छौ ।' जोसिलो तरिकाले आफ्ना विशाल आँखा पर्लक्क पल्टाउँदै त्यो भ्यागुताले भन्यो ।

'हे, हे, हे... ।' अर्को भ्यागुता हाँस्यो ।

'के तिमीलाई मेरो कुरा हाँसउठ्दो लाग्यो ? तिमी गम्भीर भ्यागुता होइन रहेछौ । 'केही क्रुद्ध मुद्रामा उभिँदै उसले भन्यो- 'मलाई अरूको कुरा उडाएको, खिसी गरेको कहिल्यै मन पर्दैन ।'

'माफ गर मित्र ! मैले विद्रोह गर्ने तिम्रो निर्णयलाई गिज्याएको होइन । विद्रोह गर्ने शैलीप्रति मात्र हाँस उठेको हो । व्यक्तिले विद्रोह गरेर केही अर्थ राख्दैन, यो एक्काइसौँ शताब्दी हो, मध्यकालको यस्तो एक जना व्यक्तिको विद्रोहको महत्त्व छैन ।' आफ्नो आख्यान पूरा नहुँदै त्यो भ्यागुतो कुवामा हाम फाल्यो- छप्लक्क ।

तरङ्ग जन्मियो कुवामा ।

oo

विद्रोहपछि के गर्ने ?

कहाँ जाने ?

भ्यागुता पङ्क्तिबाट विद्रोह गरेपछि कुन पङ्क्ति र जीव-समूहमा गएर सामेल हुने ?

अनगिन्ती प्रश्नहरूको चौघेरामा अल्झिएको थियो, विद्रोही युवा- भ्यागुता । अहँ ! विद्रोहपछिको कुनै ठोस योजना थिएन उसित । उसले आफूअगाडि मात्र विद्रोहका झल्झलाकार फलकहरू मात्रै देख्यो । बस ! विद्रोह मात्र देख्यो । युवा भ्यागुताले विद्रोह गर्ने खबर कुवाको सानो वृत्तमा द्रुत गतिमा फैलियो । ठूलै तरङ्ग पैदा गऱ्यो त्यसले । अरू केही युवा भ्यागुताहरूले कान तिखा पारे र रोमाञ्चित भएको महसुस गरे । तर वृद्ध भ्यागुताहरू भने निकै सशंकित र चनाखा देखिए ।

'के तिमीले यो कुवाबाट विद्रोह गर्न चाहेका हौ ?' कुवा प्रमुख भ्यागुताले विद्रोहका प्रारम्भिक खाका कोर्दै गरिरहेका युवा भ्यागुतालाई केरकारको शब्द-शैलीमा सोध्यो ।

'निश्चय नै ।'

'किन ?'

'अब हामीले कुवाको सानो परिधिमा आफ्नो जिन्दगी सडाउन हुन्न । कुवाभन्दा पर पनि संसार छ भन्ने कुरालाई हामीले आत्मबोध गर्नुपर्छ ।' अत्यन्त दार्शनिक मुद्रामा उसले भन्दै गयो- 'हाम्रा पुर्खाहरूले वर्षौंदेखि कुवालाई नै सर्वस्व ठान्दै आए । तर, अब कुवा नै सर्वस्व हो भन्ने मान्यताबाट हटेर नयाँ लिकमा हिँड्नुपर्छ, यसमा नै हामी भ्यागुता जातिको कल्याण छ ।'

'यस्तो कुरा नगर । हामी भ्यागुता जातिलाई विद्रोह-सिद्रोहसित कुनै सरोकार छैन । विद्रोह, हाम्रा लागि विजातीय कुरा हो । तिमी आफ्नो अडान छाड र कुवाको संसारमा नै आफूलाई समाहित गर्ने विचार राख ।' भ्यागुता-प्रमुखले भन्यो ।

युवा भ्यागुता चुपचाप हिँड्यो ।

oo

भोलिपल्ट ।

युवा भ्यागुताले साँच्चै नै विद्रोह गऱ्यो । र, एउटा कुवाबाट विद्रोह गरेर अर्को कुवामा बुद्रुक्क हाम फाल्यो ।

■

# बाइबल वाचनले पनि जिताएन

' अग्निशिखा

'म श्रमको राष्ट्रपति हुँ, गरिबको राष्ट्रपति हुँ । क्राइस्टको जस्तै, म अल्भारो नोबोआ एउटै काम गर्न चाहन्छु र त्यो काम हो- सेवा ।' हातमा बाइबल लिएर, घुँडा टेकेर क्राइस्टको नाम लिँदा पनि मुलुककै सबभन्दा धनी व्यक्ति अल्भारो नोबोआले इक्वेडरमा राष्ट्रपति पदको निर्वाचन जित्न सकेनन् । कम्युनिस्टका उग्रविरोधी उनलाई अमेरिकी प्रशासनको समर्थन प्राप्त थियो ।

'हे ईश्वर, मलाई अगाडिको बाटो देखाऊ'-अल्भारोले बाइबल पढ्दै प्रार्थनासमेत गरे । चुनाव प्रचारताका उनले आफ्ना विरोधी अर्थात् वामपन्थीहरूले चुनाव जितेमा इक्वेडरमा तानाशाही वहाल हुने दाबी गरेका थिए । भेनेजुएला र क्युबासँगको गठबन्धनले मुलुकमा हिंसात्मक 'कू' निम्तिने चेतावनीसमेत दिएका थिए । गत दश वर्षको अवधिमा 'कू' र सडक-विरोधका कारण इक्वेडरमा सातवटा राष्ट्रपति फेरिएको उदाहरण पनि उनले पेस गरेका थिए ।

तथापि, बाइबल-वाचन र प्रार्थनाले उनलाई जित हासिल गराउन सकेन । उनको दाबी र चेतावनीलाई जनताले अस्वीकार गरे । फलस्वरूप, उनी राष्ट्रपति पदको निर्वाचनमा तेस्रोपटक पराजित भए । जितका हकदार वामपन्थीहरू भए । र, वामपन्थी उम्मेदवार पूर्वअर्थमन्त्री ४३ वर्षीय राफेल कोर्रेया राष्ट्रपतिमा निर्वाचित भए । सिङ्गो दक्षिण अमेरिकी महादेशलाई 'लाल' बनाउने अभियानमा फेरि एउटा मुलुक थपियो ।

कुनैबेला कोर्रेयाले अमेरिकी राष्ट्रपति जर्ज बुसलाई 'मुर्ख' भनेका थिए । उनले मुलुकको ऋणबारे पुनः सम्झौता गर्नुपर्ने र इक्वेडरमा रहेका विदेशी तेल कम्पनीहरूसँगको 'लीज' मा परिमार्जन गर्नुपर्ने आह्वान गरेका थिए । साथै, उनले आफ्नो मुलुकमा रहेको अमेरिकी सैनिक अखडाको 'लीज' नवीकरण नगर्ने प्रतिबद्धतासमेत जाहेर गरेका थिए । यसले गर्दा अमेरिका कोर्रेयाको विजयको सम्भावनाप्रति सन्त्रस्त थियो ।

'मैले भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेजसँग कुरा नगरेको पाँच महिना भइसक्यो'- कोर्रेयाले निर्वाचनको सँघारमा भनेका थिए । उनका विरोधीहरूले उनको उम्मेदवारीप्रति चाभेजको दह्रो समर्थन रहेको प्रचारबाजी गरेका थिए । यस सम्बन्धमा उनले चाभेजसँग आफ्नो कुनै राजनीतिक सम्बन्ध नरहेकोमा जोड दिएका थिए । तर, चाभेजसँगको आफ्नो मित्रवत् सम्बन्धलाई भने लुकाएका थिएनन् ।

कोर्रेया आफूलाई 'मानवतावादी, वामपन्थी क्रिस्चियन' भन्न रुचाउँछन् । उनी आफूलाई दक्षिण अमेरिकामा असफल प्रमाणित भएको कडा स्वतन्त्र बजार नीतिको विकल्प प्रदान गर्ने 'नव ल्याटिन अमेरिकन लेफ्ट' को प्रतिनिधि भन्ने गर्छन् । उनले भनेका छन्-'हामी त्यो करेन्ट हौं जसले ल्याटिन अमेरिकाको दु:खद र लामो रातलाई उल्टाउने छ ।' उनले चाभेजले जस्तै संविधानको पुनर्लेखन गर्न संविधानसभा निर्माण गर्नेतर्फ आफू लाग्ने बताएका छन् ।

**इतिहासमा इक्वेडर**

पन्ध्रौं शताब्दीको अन्त्यतिर पेरुका इन्का इन्डियनहरूले आक्रमण गरेर अहिलेको इक्वेडरका धेरैजसो भूभागमा कब्जा जमाएका थिए । तर, सन् १५३४ मा स्पेनिसहरूले इन्कालाई पराजित गरेर इक्वेडरलाई नियन्त्रणमा लिए । क्विटोलाई राजधानी बनाउने उनीहरू नै थिए । उन्नाइसौं शताब्दीको प्रारम्भमा फ्रान्सका बादशाह नेपोलियनले स्पेनमाथि आक्रमण गरेर विजय हासिल गरे । यसले गर्दा, स्पेनको उपनिवेशमा रहेका ल्याटिन अमेरिकी मुलुकका शाषकहरूमा आँट आयो । उनीहरू स्पेनको औपनिवेशिक शासनबाट आ-आफ्नो मुलुकको स्वतन्त्रताको माग गर्न थाले ।

सन् १८२२ मा इक्वेडरियन जनरल एन्टोनियोले राजधानी क्विटो नजिकको लडाइँमा स्पेनिसहरूलाई पराजित गरे । त्यससँगै इक्वेडरमा स्पेनिस शासनको अन्त्य भयो । त्यसपछि नवस्वाधीन मुलुक कोलम्बिया र भेनेजुएलासहितको महासङ्घ 'ग्राँ कोलम्बिया' मा इक्वेडर आबद्ध भयो । तर, आठ वर्षपछि त्यस महासङ्घबाट छुट्टिएर इक्वेडर स्वतन्त्र मुलुक बन्यो । मुलुक स्वतन्त्र भए पनि राजनीतिक स्थिरता रहेन । सत्ता प्राप्तिको लडाइँको मूल्य इक्वेडरले भोग्नुपर्‍यो । एकपछि अर्को राष्ट्रपति, तानाशाह र जुन्ताको शासनमा जनताको अधिकार तथा आवश्यकताको सवालमा कुनै ध्यान दिइएन ।

१८६१ मा राष्ट्रपति भएका गार्सियाको चौधवर्षे शासनमा योजनाबद्ध ढङ्गमा सडक तथा रेल्वेको निर्माण भयो । कृषि तथा उद्योगको विकास भयो र अन्तर्राष्ट्रिय व्यापारलाई प्रोत्साहित गरियो । १८७५ मा गार्सियाको हत्या भएपछिका अनुदारवादी शाषकहरूमा उनका योजना र नीतिलाई अगाडि बढाउने सामर्थ्य भएन । १८९६ मा लिवरल पार्टीका सदस्य जनरल अल्फारोले सरकारमा नियन्त्रण जनाए । लिवरलहरूले सरकारमाथि चर्चको शक्ति समाप्त गरे । यो सकारात्मक कदम भए पनि जनताको गरिबी तथा अन्य सामाजिक समस्या समाधानतर्फ भने खासै उल्लेख्य काम भएन ।

इक्वेडरको आर्थिक तथा सामाजिक समस्या समाधानतर्फ एकपछि अर्को सरकार असफल रहेको हुँदा १९२५ सम्ममा जनतामा व्यापक असन्तुष्टि उत्पन्न भइसकेको थियो । धेरै राजनीतिक समूहहरू पनि जन्मिसकेका थिए । राजनीतिक अस्थिरता चरम थियो । स्मरणीय छ, १९२५ देखि १९४८ को अवधि अर्थात् २३ वर्षमा २२ राष्ट्रपति वा राज्यप्रमुख बनेका थिए । १९४८-१९६० को अवधिमा भने राजनीतिक स्थिरता कायम भयो र बढीभन्दा बढी जनताले मताधिकार पाए । आर्थिक विकास र भूमिको न्यायोचित वितरणसम्बन्धी काम हुन थाल्यो ।

यो १२ वर्षे कालका राष्ट्रपतिमध्येका एक भ्यालेस्कोले गरिब जनतालाई सहयोग गर्नमा आफ्नो विशेष रुचि भएको दाबी गरेका थिए । त्यसैले लोकप्रिय पनि भएका थिए । तर, १९६० मा दोस्रोपटक निर्वाचित भएपछि जब उनले नयाँ कर लगाउने प्रयास गरे, उनलाई पदबाट हट्न बाध्य पारियो । उपराष्ट्रपति आरोसेमेनाले उनको स्थान ग्रहण गरे पनि सेनाले आरोसेमेनालाई सत्ताच्यूत गर्‍यो, संविधान नै निलम्बन गर्‍यो । सेनाको भनाइमा यो काम उनीहरूले कम्युनिस्टहरूले सत्ता नहत्याउन् भन्ने उद्देश्यले गरेका थिए । तर, जनताले सेनाको यो बहानेबाजीलाई अस्वीकार गरे । सैनिक जुन्ताले भूमि तथा कर सुधारको काम थाले पनि जनताले सैनिक शासनको अन्त्यको माग गरे ।

१९६६ मा सेनाले येरोभीलाई अस्थायी नागरिक राष्ट्रपतिका रूपमा नियुक्त गर्‍यो । उनले संवैधानिक सम्मेलनको आह्वान गरे । सम्मेलनले नयाँ संविधान लेख्यो र गोमेजलाई निर्वाचन नभएसम्मका लागि राष्ट्रपतिको रूपमा चयन गर्‍यो । १९६८ मा

आठ वर्षअघि पद छाड्न बाध्य पारिएका भ्यालेस्को नै राष्ट्रपति पदमा निर्वाचित भए । तथापि, कुनैबेला गरिब जनताका लागि काम गर्ने दाबी गरेका भ्यालेस्कोले नै इक्वेडरको नयाँ संविधानलाई निलम्बन गरे । तानाशाहको रूपमा शासन गर्न थाले ।

सेनाले यसैलाई बहाना बनाएर भ्यालेस्कोलाई सत्ताच्यूत गर्‍यो । जनरल लाराले सत्ता आफ्नो हातमा लिए र तानाशाहकै रूपमा शासन चलाए । १९७६ मा इक्वेडरको जल, स्थल र हवाई तीनैथरी सेनाका कमाण्डरहरूले लारालाई सत्ताबाट हटाएर सरकारको नियन्त्रण आफ्नो हातमा लिए । यसपटक पनि सैनिक शासन टिकेन । जनताको विरोध कायम रह्यो । जसले गर्दा इक्वेडरमा १९७९ मा नयाँ नागरिक सरकारको स्थापनाका लागि निर्वाचन भएको थियो । ■

# प्रेरणादायी नेतृ कमरेड मानवी

**' कमला पराजुली**

'राजनीतिको बाटोमा म नफर्किएकी भए आज सायद बाटो बिराएको बटुवाजस्तै म कुन मोडमा, कहाँ, कसरी भौतारिइरहेकी हुन्थेँ, मेरो जीवन कसरी बित्थ्यो अहिले म आफैँ पनि त्यो सोच्नै सक्दिनँ'- यसरी अभिव्यक्ति दिनुहुन्छ कमरेड शान्ता मानवी ।

कमरेड मानवी अर्घाखाँची जिल्लाको बाङ्ला गाविस-५ मा २००३ वैशाख १९ गते बुधबारका दिन माता विष्णुकुमारी उपाध्याय र पिता पं. पीताम्बर उपाध्याय (भट्टराई) की साहिँली छोरीका रूपमा जन्मनुभएको थियो । लाउन-खान राम्ररी पुग्ने मध्यम वर्गीय परिवारकी छोरी भएर पनि उहाँले लेख-पढ गर्ने अवसर भने पाउनुभएको थिएन । उहाँका एक मात्र दाजु (ध्रुवराज भट्टराई) बनारसमा पढ्नुहुन्थ्यो तर छोरीहरूले पढ्ने मौका पाउनुभएको थिएन ।

आमा-बाबाको काखमा खेल्ने र खुवाइदिने बेलामा ०११ फगुनमा हंसपुर गाविस घर भएका १६ वर्षीय मेघराज शर्मासँग उहाँको विवाह भयो । विवाहकै सन्दर्भमा कुरा गर्दा उहाँ भन्नुहुन्छ- 'मलाई विवाहको कुनै अर्थै थाहा भएन । ८ वर्षकी थिएँ, गाँउका साथीहरूसँग धुलो-माटो खेल्ने बेलामा विवाह भएको, खै के-के भयो, कता लगे त्यति सम्झनै छैन । सम्झना हुँदा एक-दुई दिनमा म आमा-बुबासँगै थिएँ । पछि एकैपटक ०१६ साल असोजमा दसैँको एकादशीका दिनमा पतिको निधन भएको खबर लिएर मलाई लिन आए । त्यतिखेर घर लगेर मलाई लोग्नेको काज-किरिया गराए । तर, त्यो पनि त्यतिखेर के गरेको, किन गरेको मलाई केही ज्ञान थिएन ।'

पतिको काजकिरियापछि एक वर्ष घरको बुहार्तन खेप्दै बर्खी बारेर एक वर्षपछि उहाँ माइती घर फर्कनुभयो । यता माइती घरमा ०१४ सालमै आफ्नी आमाको निधन भइसकेको थियो, दाजु पढ्न बनारमा, दिदीहरू र ठूली बहिनीको समेत विवाह भइसकेको, घरमा भएका बहिनीहरू साना । बुबा बाहिरी व्यवहारमै अल्मलिनुपर्ने । घरभित्रको व्यवहार भाउजूले हेर्नुहुन्थ्यो, उहाँ आफैँ पनि अपरिपक्व नै हुनुहुन्थ्यो । मन बिसाउने, दुःखमा आँसु खसाउने पनि कोही थिएनन् । घरमा एउटी बाल विधवा फुपू हुनुहुन्थ्यो, अलिकति भए पनि उहाँको सहारा हुन्थ्यो । वरपर जाँदा छरछिमेकले विधवा भनेर हेर्ने गर्थे अनौठो गरी । तर, त्यो अनौठो हेराइको उहाँलाई कुनै अर्थ थाहा थिएन ।

राजनीतिक चेतना र प्रभावको सन्दर्भमा उहाँ आफ्नो संस्मरण यसरी राख्नुहुन्छ-'त्यो समयमा गाउँमा राजनीतिक वातावरण फरक थियो । ०१७ सालको काण्ड पछाडि गाउँमा निरङ्कुश पञ्चायती दमन सुरु भइसकेको थियो । गाउँमा नेपाली काङ्ग्रेका बारेमा म धेरै कुरा सुन्थेँ । काङ्ग्रेस भएका कारण गाउँमा प्रशासनले धेरै ठूलो दमन गर्‍यो । धरपकड, यातना र ठूलो आतङ्क मच्चाएको थियो । त्यतिखेर गाउँका धेरै मानिसहरू गिरफ्तार भएका थिए । चिनेजानेका र नाता पर्ने पनि धेरै थिए । मेरो बुबालाई पनि गिरफ्तार गरेर प्रशासनले धेरै यातना दिएको थियो । त्यतिखेर त्यो दमन, गिरफ्तारी र यातनामा परेका अधिकांश सबै काङ्ग्रेस नै थिए । त्यतिखेर आफन्तहरू धेरै परेका कारण पनि भूमिगत राख्ने, बसाउने, ख्वाउने कुरामा राजनीति नै नबुझीकन काङ्ग्रेसलाई सहयोग गरेकी थिएँ । तर, त्यतिखेर पनि काङ्ग्रेस भनिएका मान्छेहरूको व्यवहार, चरित्र र चालचलनले मलाई दिक्क बनाएको थियो । धाकधक्कु लगाउने, मोजमस्ती गर्ने, जुवातास खेल्ने, जाँडरक्सी खाने, जथाभावी गर्ने, महिलामाथि राम्रो व्यवहार नगर्ने, अत्यन्तै अव्यावहारिक र सामन्ती स्वभावका भएकाले मलाई काङ्ग्रेसीहरू मन पर्दैनथ्यो । त्यति भएर पनि मेरो बुबा अरू काङ्ग्रेसभन्दा फरक हुनुहुन्थ्यो । असाध्यै व्यावहारिक र जनवादी शैलीको । श्रमप्रति आस्था भएको, मिहिनेतमाथि विश्वास राख्ने, अरूको भावनाको कदर गर्ने र परिवर्तनकारी सोच भएको । सायद बुबाको यही सोचाइ र व्यवहारका कारण मैले आमा गुमाएर पनि त्यो बालबिधवा किशोरावस्थामा सान्त्वना र सहारा पाइरहेँ । यसरी मैले राजनीति थाहा पाएँ तर राजनीतिप्रति आस्था जागेन । 'राजनीति भनेको राम्रो काम हो, यसले समाजको परिवर्तन गर्छ र राजनीति गर्नुपर्छ भन्ने मलाई पटक्कै लागेन ।'

यही समयमा बुबाको रेखदेखमा कमरेड मानवीले घरमै सामान्य लेखपढ गर्न सक्ने अवस्था बनाउनुभयो। ०१९ सालमा फेरि घरमा ससुराको निधन भएर काजकिरियाका लागि जानुपर्‍यो। एक वर्ष (बर्खीभरि) त्यहीँ बस्न पर्‍यो। त्यतिखेर अब आफू कहाँ बस्ने हो ? मेरो आफ्नो घर कहाँ हो ? भन्ने चिन्ताले सताइरहेको थियो माइती पनि बिरानो जस्तो, पूर्णतः आफ्नो अधिकार नभएझैँ लागेको थियो भने घरमा त झनै हेला तिरस्कार। घरमा सासू र देवर, कतै यो घरमै बसी भने अंश पो दिनुपर्ने हो कि भन्ने डरले अनेकौं षड्यन्त्रका जाल बुनेर प्रताडना दिन थालिसकेका थिए। यो अवस्थालाई खप्न नसकेर उहाँ ससुराको बर्खी सकिएलगत्तै पुनः माइती नै फर्किनु भयो।

त्यसपछिका केही वर्ष माइतमा बसेर घरव्यवहार र खेतीपातीको काममा बुबालाई सहयोग गरेको उहाँ बताउनुहुन्छ। ती सबै घटना र परिस्थितिको सामना कसरी गर्नुभयो भन्ने जिज्ञासामा उहाँ भन्नुहुन्छ- 'मलाई कहिल्यै पनि म केटीमान्छे हुँ, केटाभन्दा कमजोर छु, म यो काम गर्न सक्दिनँ भन्ने अनुभूति नै भएन। ममाथि आइपरेको परिस्थितिले नै मलाई बज्र बनायो। म अर्घाखाँचीबाट घोडा चढेर एक्लै खेती लाउन-उठाउन कपिलवस्तुको मोतीपुर आउने-जाने गर्थें। मलाई देख्दा धेरै मानिसहरू हेरिरहन्थे, सायद म अरू केटीहरूभन्दा फरक थिएँ होला। मानिसका आरोप, भनाइ र अप्ठ्यारा त कति सहनुपर्‍यो पर्‍यो तर म त्यसैमा अल्झेर बसिनँ। हतास र निरास भइनँ। मोदनाथ प्रश्रित र मेरो दाजुले मीत लगाउनुभएको थियो, जसको कारण प्रश्रित दाजु बेलाबेला हाम्रो घर आइरहनुहुन्थ्यो। उहाँको अभिभावकत्वले पनि मलाई ती अप्ठ्याराको सामना गर्न अझ सहज र सक्षम बनायो। मैले आफ्नो घरबाट अंश लिएर आफ्नै व्यवहार गर्छु भन्ने सोच पनि बनाएँ। ०२४ सालमा मकरध्वज वान्तवाको नेतृत्वमा गाउँमा ठाडो दौडाहा आएको थियो। मैले त्यहाँ अंश माग गरेर उजुरी गरेकी थिएँ। तर, त्यो ठाडो दौडाहाले पनि मलाई न्याय दिलाउन सकेन। म न्याय पाउनका लागि पटक-पटक अड्डा-अदालत धाएँ। तर, ती बाजजस्ता प्रशासन र अड्डाका लोग्नेमान्छेहरूले यति उमेरदार केटीलाई कसरी अंश दिनु ? यो त नमिल्ने कुरा हो भनेर मलाई हेपेर जवाफ दिन्थे। मैले पनि उनीहरूलाई के उमेरदारको भोक-तिर्खा हुँदैन ? त्यसो भए किन मेरो उमेरमै लोग्ने मर्‍यो ? अब मेरो जिउने आधार के ? भनेर तिनीहरूलाई जवाफ दिएकी थिएँ। तर, आफ्नो सामन्ती-पितृसत्तावादी समाजमा महिलाले त्यति सहजै के न्याय पाउँथे र ? मेरा लागि पनि त्यो सम्भव भएन। कतैबाट पनि मैले न्याय पाउने ठाउँ भएन। म जति हिम्मतिली भए पनि त्यो समाजमा मैले आफूलाई सहजसँग बाँच्न सक्ने ठानिनँ। अन्तमा गाउँ-समाज नै छाडेर हिँड्ने अठोट गर्दै ०२६ फागुन ३ गते घर छाडेर हिँडें।

घरबाट हिँडेर भैरहवा पुगें। त्यहाँ प्रश्रित दाइ कलेजमा पढाउनुहुन्थ्यो। तर, म भैरहवा पुगेर थाहा पाए उहाँ त भर्खरै गिरफ्तार हुनुभएको रहेछ। म फेरि अलमलमा परेँ, बाटो हराएको बटुवाजस्तै। काठमाडौँ आउने मन बनाएकी थिएँ, त्यतै जान्छु, कसैको घरमा काम गर्छु, पढाइलाई अगाडि बढाउँछु भनेर। तर, मैले कोही साथी पाइनँ। दुई-चार दिनसम्म कपिलवस्तुमा रहेको बहिनीज्वाइँको घरमा अलमलिएँ। बहिनी र ज्वाइँले मलाई अब कतै नजानुस्, यहीँ दिदीका लागि खेतीपातीको बन्दोबस्त गरिदिन्छौँ। अब यतै बसौँ भनेका थिए। तर, मैले आफ्नो मन फेरिनँ। आफ्नो अठोटका साथ म एक्लै दिल्ली पुगें। दिल्ली-फत्तेपुरी चोकमा मेरी दिदी पर्नेको घर थियो, म सोधखोज गर्दै त्यहीँ पुगें। दिदीको सहयोग लिएर मैले त्यहाँ एउटा स्कुलमा पियन काम पाएँ। घरेलु श्रमिकका रूपमा चारवटा घरको काम पनि गर्न थालें। यसरी म त्यहाँ पनि कसैको बोझ नबनी दुःखै भए पनि आफ्नै मिहिनेतले बाँचें। त्यो आम्दानीले पढाइ सुरु गरें। जसरी पनि पढ्नुपर्छ, पढाइ सबैभन्दा ठूलो कुरा हो भन्ने मलाई लागेको थियो। म त्यहाँ गएको १८ महिना पूरा भइसकेको थियो। एसएलसी परीक्षाको फारम भरेकी थिएँ। तर, त्यहाँ पनि म सन्तुष्ट नभएर अन्यत्र कतै जाने मन बनाएर त्यहीँबाट प्रश्रित दाइलाई भद्रगोल जेलमा पत्र पठाएँ। दाइले पत्र पाउनासाथै मलाई केही समय कतै नहिँड्नु भनेर अर्को पत्र पठाउनुभयो। दाइको पत्रले म अलमलमा परिरहेकी थिएँ। त्यसको केही दिनमै (०२८ जेठमा) दाइ जेलबाट छुटेर दिल्ली पुग्नुभयो। मैले आफ्नो सबै कुरा बताएँ र विचार पनि सुनाएँ। तर, दाइले मलाई एक घण्टासम्म आफ्नो कुरा सुनाउनुभयो र वनारस लिएर जानुभयो। वनारमा आएँ। उहाँले मलाई पुष्पलाल कमरेडसँग भेट गराइदिनुभयो। पुष्पलाल कमरेडको भेटपछि उहाँको विचार र व्यवहारले मभित्र राजनीतिप्रति आस्था जगायो। विस्तारै उहाँहरूकै सानिध्यता र प्रशिक्षणले म कम्युनिस्ट भएँ।

०२८ सालको अन्त्यतिर वनारसमा कमरेड पुष्पलालको पहलमा क्रान्तिकारी महिला सङ्घ गठन गरियो। उक्त कमिटीको सदस्यमा रमा अर्याल, शोभा पोखरेल, शान्ति श्रेष्ठ, द्रौपदी श्रेष्ठ र म रहेका थियौँ। कमिटीमा द्रौपदी श्रेष्ठ अध्यक्ष र महासचिवमा म रहेकी थिएँ।

त्यतिखेर वनारसमा कम्युनिस्ट विद्यार्थीहरूको छात्र परिषद् पनि थियो, म त्यसको अर्थसचिव भएँ। स्व. कमरेड मदन भण्डारी पनि त्यो छात्र परिषद्को नेतृत्वमा हुनुहुन्थ्यो। त्यतिखेर छात्र परिषद्को मुखपत्रका रूपमा हामीले नेपाली कम्युनिस्ट विद्यार्थीको गतिविधि सैद्धान्तिक कुराहरूसहितको पत्रिका **छात्र प्रवाह** निकालेका थियौँ। ०२९ मा मार्क्सवादी अध्ययन मण्डल गठन गरियो। म त्यसको पनि संस्थापक सदस्य थिएँ। यी ०२८ देखि ०३२ सालसम्म म वनारसमा रहेर अगुवा नेता कमरेडको नेतृत्वमा विभिन्न जिम्मेवारीमा रहेर काम गरें। ०३२ सालमा रूपन्देहीमा आएर भूमिगत रूपमा पार्टीको काम सुरु गरें। त्यस समय रूपन्देहीमा कम्युनिस्ट पार्टीको अवस्था राम्रो थियो। वामदेव गौतम, देवेन्द्र घिमिरे, भीमनारायण थारुलगायतका जिम्मेवार कमरेडहरू त्यसै क्षेत्रमा कार्यरत हुनुहुन्थ्यो। पार्टी सङ्गठनमा महिला थिएनन्, म एक्लै टुक्रुक्क थिएँ। पुरानो संस्कार र परम्परागत मान्यतामा गुज्रेको नेपाली समाजमा मैले महिला भएर पुरुषका बीचमा सङ्गठन निर्माण गर्नु पनि सुरुका दिनमा आफैँमा एउटा समस्या चुनौती थियो। यो चुनौतीलाई स्वीकार्दै म अहोरात्र महिला कार्यकर्ता विकास गराउने कार्यमा जुटें। यसरी पाँच वर्षको अन्तरालमा रूपन्देहीमा पार्टीका दर्जनौँ कमिटी बने। सयौँ पार्टी कार्यकर्ता भए, दर्जनौँ पार्टीका महिला

कार्यकर्ता तयार भए । यसरी ०३६ पुस १७ गते मेरो अध्यक्षतामा तुलसा थापा (गौतम), माया भण्डारी, चन्द्रकला शर्मा, वीना ठकुरीलगायतको सात सदस्यीय जिल्ला सम्पर्क महिला समिति गठन भयो ।

हाम्रो निरन्तर मिहिनेत र प्रयासस्वरूप एक वर्षपछि ०३७ फागुन १७ गते कमरेड माधव नेपालसहितको उपस्थितिमा कास्कीमा जम्मा भएर अनेमसङ्घको स्थापना गरियो । कमला राई, जया घिमिरे, सञ्जिता गिरी (रावल), शोभा कुँवर (मैनाली), स्वस्ती बज्राचार्य, राधा ज्ञवाली र मसहित सात सदस्यीय उक्त कमिटीमा सचिव राधा ज्ञवाली, उपाध्यक्ष स्वस्ती बज्राचार्य र संस्थापक अध्यक्ष म थिएँ ।

०३८ सालमा मेरो कार्यक्षेत्र परिवर्तन भयो । म रूपन्देहीबाट नवलपरासी सरुवा भएँ । त्यतिखेर म पार्टीको इलाका इन्चार्ज, जिल्ला कमिटीको सदस्य, जिल्ला महिला फाँटको इन्चार्ज, नवलपरासी अनेमङ्घको जिल्ला अध्यक्ष, प्रवासी नेपाली महिला सङ्घको इन्चार्ज र अनेमसङ्घको केन्द्रीय अध्यक्षको जिम्मेवारी वहन गरिरहेकी थिएँ । मेरो मिहिनेत, लगनशीलता र कामको मूल्याङ्कन आधारमा ०४९ सालको पार्टीको पाँचौं महाधिवेशनबाट पार्टी केन्द्रीय कमिटीको वैकल्पिक सदस्य भएँ ।

केन्द्रीय सदस्य भएर जिम्मेवारी वहन गर्ने क्रममा ०५१ माघदेखि ०५४ माघसम्म म धौलागिरिको अञ्चल इन्चार्ज भएर काम गरेँ । ०५४ को पार्टीको छैटौं महाधिवेशनपश्चात् म केन्द्रीय सदस्यमा मनोनीत भएर निरन्तर अहिलेसम्म उत्पीडित सामुदायिक फाँटको इन्चार्ज भएर काम गर्दै आएकी छु । ०५९ सालको पार्टीको सातौं महाधिवेशनबाट पनि म केन्द्रीय सदस्यमा निर्वाचित भएर आएकी छु ।'

कमरेड शान्ता मानवीले यसरी अनेकौं अप्ठ्याराको सामना गर्दै आफ्नो राजनीतिक यात्रालाई निन्तरता दिँदै आउनुभएको छ । संसदीय राजनीतिक क्षेत्रमा ०४८ सालमा उहाँ नवलपरासी जिल्लाको क्षेत्र नं. ३ बाट प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुनुभएको थियो । ०५२ सालदेखि ०५८ सालसम्म उहाँ राष्ट्रियसभाको सदस्य हुनुभयो ।

साहित्यिक-सामाजिक क्षेत्र र सम्मानको सन्दर्भमा उहाँ रेडक्रसको आजीवन सदस्य हुनुहुन्छ । साहित्य सन्ध्याको सल्लाहकार हुनुहुन्छ र ०६२ सालमा पारिजात सङ्घर्षशील नारी पुरस्कारबाट उहाँ सम्मानित हुनुभएको छ । उहाँले आफ्ना विभिन्न जिम्मेवारीको सन्दर्भमा चीन, नर्वे, बेल्जियम, नेदरल्यान्ड, लक्जम्वर्ग, दुवई, हङकङ र भारतलगायतका देशको भ्रमण पनि गरिसक्नुभएको छ । यी सबै भ्रमणमध्ये उहाँ आफ्नो आत्मविश्वास बढाउन र बुझाइ-सोचाइलाई अझ परिस्कृत बनाउन ०५२ सालमा चौथो विश्व महिला सम्मेलनमा भाग लिन सरकारी प्रतिनिधिका रूपमा चीन जाँदाको अनुभव सबैभन्दा प्रभावकारी र लाभदायक भएको बताउनुहुन्छ । 'त्यो भ्रमणबाट फर्किएपछि विशेष रूपमा मेरो मनोबल बढ्यो'- उहाँ भन्नुहुन्छ ।

आफ्नो भूमिगत जीवनको संस्मरण गर्दै आफूलाई लागेका असहजताका बारेमा उहाँ भन्नुहुन्छ- '०३६ सालमा रूपन्देहीको छपियामा विद्यार्थी तारापति भट्टराईलाई सांस्कृतिक कार्यक्रम देखाइरहेका बेला मञ्चमै हत्या गरिएपछि त्यस जिल्लामा अत्यन्त कडा प्रशासनिक दमन भयो । खानतलासी कडा निगरानी भयो । प्रशासनको त्यो दमनबाट बच्न म एक महिनासम्म पार्टी सम्पर्कबाट विच्छेद भएर रूपन्देहीको रामापुरभन्दा उत्तरतर्फको पहाडको काँठ (जङ्गल) मा बसेकी थिएँ । त्यतिखेर पार्टीका नेता-कार्यकर्तालाई मेरा बारेमा बाँचेको, मरेको केही जानकारी थिएन । दाउरा-घाँस काट्न जाने दिदीबहिनीले लुकाएर खानेकुरा पुऱ्याइदिन्थे । अहिले पनि त्यो क्षण सम्झँदा सपनाजस्तै लाग्छ । तर, त्यो एकपटक मात्र नभएर भूमिगत नेताको संरक्षण गर्दै भेला, प्रशिक्षण, बैठक आयोजना गर्दा कयौंपटक जीवन-मरणका क्षणहरू बिताउनु पऱ्यो । अहिले त सहज परिस्थिति छ, ज्यानै माया मार्नु पर्दैन तर यो खुला अवस्था ल्याउनका लागि हिजोका दिनमा राजनीतिक पार्टीले खेलेको भूमिका कम महत्त्वपूर्ण छैन ।'

कमरेड मानवीका भोगाइ-सिकाई र अनुभवहरू कम्युनिस्ट आन्दोलनका लागि मात्र होइन, नेपाली महिला आन्दोलनका लागि पनि अत्यन्तै महत्त्वपूर्ण छन् । आफू राजनीतिक कार्यकर्ता भएर हिँड्दा पनि उहाँले महिला भएकै कारण धेरै असहजताको सामना गर्नुभएको छ । जङ्गली जनावर र अन्य भवितव्यभन्दा धेरै उहाँले मान्छेका लोभी आँखा र पापी मनको पीडा खप्नुपऱ्यो । त्यो अप्ठ्यारो अवस्थामा आफ्नो रूप-उमेरलाई जोगाएर, मान्छेको पापी मन, आरोप-प्रत्यारोप र लाञ्छनाको सामना गर्दै अगाडि बढ्दा धेरै कुण्ठा र मानसिक पीडासमेत खप्नुपरेको उहाँको अनुभव छ । त्यति मात्र होइन, भूमिगत रहँदाका क्षणमा आधारभूत वर्गकहाँ जाँदा सम्मान र माया गर्ने तर मध्यम वर्गीय र धनी किसानकहाँ जाँदा झन्झट मान्ने र हेला-होचो गरेका समेत उहाँसँग अनुभव छन् । तर, अहिले त्यो परिस्थिति उल्टिएको छ । नेताहरू ती आधारभूत जनताका घर-आँगनमा पुग्दैनन्, ती जनताको नेतासम्म पहुँच हुँदैन । अहिले त धनी, सम्पन्न र पहुँचवालाहरूले पार्टीका नेतालाई आफ्ना घरमा लैजाने र सम्बन्ध बढाउने गर्छन् । अहिले राजनीतिको रङ फेरिएको छ । राजनीति, सत्ता र शक्तिसँग गाँसिएको छ । त्यसैले फाइदाका लागि सम्बन्धको किसिम पनि फेरिएको छ । यो अवस्थाले कहिलेकाहीँ कमरेड मानवीलाई दिक्क बनाउँछ ।

राजनीतिक कामकै दौरानमा कमरेड मानवीले यूपी बोर्डबाट आईएसम्मको अध्ययन पूरा गर्नुभयो । अहिले पनि उहाँ आफूलाई त्यत्तिकै ऊर्जाशील क्षमता भएको ठान्नुहुन्छ । पार्टी जिम्मेवारीको सवालमा उहाँ भन्नुहुन्छ- 'यो निरन्तर प्रक्रिया हो चलिरहन्छ । पार्टीमा लागेर मेरो विचार परिवर्तनशील भयो, चेतना ऊर्जावान भयो । म यहाँसम्म आई पुगेँझैं लाग्छ । यदि म पार्टीको राजनीतिमा नलागेकी भए या म कम्युनिस्ट नभएकी भए कुन कुनामा कसरी थन्किएकी हुन्थेँ या मेरो जीवनको मोड कहाँ मोडिन्थ्यो, केही ठेगान थिएन । त्यसैले मलाई बाटो बिराएको बटुवाको अवस्थाबाट फर्काएर यता मोड्ने र मलाई ठीक बाटो देखाउने मेरा दाइ प्रश्रितको भूमिका मेरो जीवनमा अत्यन्त ठूलो छ ।'

कमरेड मानवी ०४२ सालमा चार महिना प्यारालाइसिस भएर थलिनुभएको थियो, प्रभावकारी उपचारपश्चात् उहाँलाई सञ्चो भयो । अहिले सामान्य प्रेसरको समस्या छ । लामो राजनीतिक यात्राका क्रममा उहाँ अधिकांशतः गिरफ्तारीबाट जोगिएरै

रहनुभयो । ०३४ सालमा वनारसमा नेपालको तत्कालीन राजदूत वेदानन्द झालाई कालो झन्डा देखाउँदा उहाँसहित ११ जना नेपाली गिरफ्तार भएर सात दिन चौकाघाट सदर जेलमा थुनिनुभएको थियो । नेपालमा ०४७ पछाडिका पटके आन्दोलनमा चाहिँ धेरैपटक पक्राउ पर्नुभयो । शाही प्रतिगमन (माघ १९) पछाडि गिरफ्तार भएर ४० दिन थुनिनुभयो ।

विवाहको अर्थ र पतिको साइनो नै नबुझ्दै आठ वर्षको उमेरमा विवाह भएर ११ वर्षमा बालबिधवा भएकी कमरेड मानवीले आधा शताब्दी उमेर सङ्घर्षमा बिताउनुभएको छ । पुरुष भएको भए सायद बेहोर्नु नपर्ने कथा-व्यथा उहाँले बेहोर्नु पर्‍यो । ७० वर्षमा पत्नी मरेका लोग्नेमान्छेलाई समाजले विवाह गर्न प्रेरित गर्छ, पार्टीभित्रै पनि कति त्यस्ता घटना छन् तर कलिलै उमेरमा, युवावस्थामा पति गुमाएर जीवन बिताइरहेका महिलाका समस्या र कुण्ठाहरू कस्ता हुन्छन् र कसरी सामना गरिएका हुन्छन् भन्ने कुरा बाहिरी आँखाले देखिँदैनन्, जसलाई देख्न मनकै आँखा खोल्नुपर्छ, मुटुले बुझ्नुपर्छ । यस्ता अनगिन्ती पीडाको सामना गर्नुभएको छ कमरेड मानवीले ।

तर त्यति हुँदा पनि उहाँले जीवनमा कहिल्यै हरेस खानुभएन । म महिला हुँ, सक्दिनँ या मलाई सहारा चाहिन्छ भन्ने कहिल्यै सोच्नुभएन । निरन्तर अगाडि बढिरहनु भयो । उहाँ भन्नुहुन्छ- ‘मलाई एकपटक पार्टीले विवाहको प्रस्ताव ल्याएको थियो तर मैले त्यो प्रस्ताव स्वीकार गरिनँ । मेरो घर पार्टी भयो, अभिभावक नेता र परिवार भनेको सम्पूर्ण पार्टी कार्यकर्ता । यसैगरी म यहाँसम्म आईपुगेँ । यसैमा म खुसी छु । पार्टीका सन्तानलाई मैले आफ्नै सन्तान ठानेकी छु, त्यसैले अहिले पनि मलाई एक्ली छु झैँ लाग्दैन । मेरो जीवनभरको कमाइ बस्नका लागि अहिले काठमाडौँ महानगरपालिका वडा नं. १० मा मेरो आफ्नै एउटा घर छ । म सन्तुष्ट छु । आजसम्म मैले गरेको कामको पार्टीले पनि उचित मूल्याङ्कन गरेझैँ लागेको छ ।’

कमरेड मानवीले आफ्नो जीवनको अत्यन्त दुःखद क्षण दासढुङ्गा दुर्घटनाको क्षणलाई सम्झनुहुन्छ भने कमरेड मनमोहन अधिकारीको नेतृत्वको पार्टीको नौमहिने सरकारको कार्यकाल सबैभन्दा खुसीको बेला ठान्नुहुन्छ ।

अब तत्काल हुनैपर्ने कुराका बारेमा उहाँ भन्नुहुन्छ- ‘मुलुकमा व्यावहारिक रूपमा छुवाछूत प्रथा अन्त्य हुनुपर्छ, लैङ्गिक असमानता अन्त्य हुनुपर्छ र लोकतन्त्रको अर्थ र मर्म जनताले व्यवहारमा अनुभूति गर्न पाउनुपर्छ ।’ ■

# भारत प्रवासमा सांस्कृतिक कामको थालनी

**’ लक्ष्मण रायमाझी**

२०३७ सालको सुरुमै नेपालमा प्रजातन्त्र र शैक्षिक स्वतन्त्रता प्राप्तिका लागि आन्दोलन विद्यार्थीहरूबाट छेडियो । त्यो आन्दोलनको राप भारतमा रहेका हामी प्रवासी नेपालीहरूमा पनि क्रमशः पर्दै गइरहेको थियो । हामी भारतका विभिन्न प्रान्तमा छरिएर आफ्नो जीवन गुजारा गर्दै ‘नोकरी’ गर्ने प्रवासी नेपालीहरू पनि विभिन्न नामका सङ्गठनहरूमार्फत सङ्गठित हुँदै थियौँ । ०२७ अर्थात् १९७१ ताकैबाट भारतको पश्चिम बङ्गालको कोलकाता सहरका विभिन्न भागमा रहेका प्रवासी नेपालीहरू विभिन्न नामका सङ्गठनमार्फत सङ्गठित हुँदै थियौँ । तिनताका मलगायत मेरा साथीहरू हरिलाल ढकाल, पीताम्बर शर्मा, भानुप्रकाश श्रेष्ठ, रामबहादुर सिंह, अमृत थापा, रामप्रसाद शर्मा, नारायण ज्ञवाली, ऋषिराम शर्मा, रामचन्द्र पाण्डे (मुक्ति ढकाल !) तिलकबहादुर केसी, रामप्रसाद शर्मा, गोपाल श्रेष्ठ, रमेश श्रेष्ठलगायत दार्जीलिङवासी भारतीय नेपाली वाङ्दी लामासमेतका सयौँ साथीहरू लुम्बिनी सम्पर्क सदन, लुम्बिनी प्रगतिशील सदन र त्यसको साहित्यिक र सांस्कृतिक विभागमार्फत राजनीतिक, साङ्गठनिक एवम् सांस्कृतिक प्रचार गर्दै व्यापक भारतव्यापी एकीकृत सङ्गठन निर्माण गर्न अगाडि बढ्दै थियो । मेरो सम्पादकत्वमा ‘करनाल’ मुखपत्र र नाटकहरू ‘समस्याको नेपाली समाधानको गोरेटोमा’, ‘५० रुपियाँको तमसुक’ प्रदर्शन गरेर जनमत बटुल्दै थियो । त्यसैगरी, भारतका अन्य भाग वनारसमा मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्र, नारायण अर्याल र अन्य अनेकौँ प्रगतिवादी साथीहरूको सहयोगमा मार्क्सवादी अध्ययन दल बनाएर साहित्यिक, सांस्कृतिक र राजनीतिक काम गर्दै प्रवासी नेपाली र विद्यार्थीहरूलाई सङ्गठित गर्दै अगाडि बढ्दै थियो । त्यसैगरी, दिल्लीबाट कालु पन्थी (हालका देवराज भार) को नेतृत्वमा ‘नेपाली’ नामक पत्रिका प्रकाशन गर्दै साहित्यिक-सांस्कृतिक काम गर्दै अगाडि आएको थियो । उता आसामबाट ‘नेपाली साहित्य’, मेघालयको सिलोङबाट ‘मादल’, ‘विद्यार्थी’ र नागाल्यान्डबाट ‘गोरेटो’ प्रकाशन गर्दै विभिन्न सांस्कृतिक कार्यक्रम र नाच, नाटक, झ्यौसी-भैलो, सोरेटी-मासनी प्रदर्शन गर्दै व्यापक प्रवासी नेपालीको एकता र सङ्गठन निर्माण गर्दै अगाडि बढिरहेको थियो । भारतको सुदूरपश्चिमको मुम्बईमा रामेश्वरराज सर्वहाराको सम्पादनमा प्रकाशित ‘सर्वहारा’ द्वारा पनि प्रवासी नेपालीहरू सङ्गठित भएर अगाडि बढिरहेका थिए ।

तिनताका कोलकातामा रहेका भारतीय नेपालीहरूले ‘नेपाली गोरखा समाज’, ‘प्रवासी नेपाली कल्याणकारी सङ्घ’, ‘नेपाली सांस्कृतिक समाज’ आदिद्वारा विभिन्न कम्पनी र चोक-चौराहमा ‘सत्यनारायण पूजा’, ‘भागवत पूजा’, छैँटी, पाश्नी, विवाह-

व्रतबन्ध र अन्य धार्मिक कार्यको मौका छोपेर सांस्कृतिक कार्यक्रममार्फत नेपाली जनतालाई गीत, नाच, कीर्तन र भजनबाट मनोरञ्जन दिने गर्दथे । हामीहरू खासगरी '२० को दशकमा भारत प्रवासतिर देशबाट निर्वासित भएका र रोजगारीका निम्ति प्रवासीन बाध्य भएका नेपालीहरूलाई आन्दोलित, सङ्गठित गर्दै राष्ट्रियता र प्रजातन्त्र, जनजीविका र सांस्कृतिक एकताका निम्ति एकीकृत आन्दोलन सञ्चालन गरिरहेका थियौँ । गुल्मीवासीको 'गुल्मी हरिकीर्तन मण्डली' र 'लुम्बिनी भजन-कीर्तन समाज' आदि जस्ता स्थानीय स-साना सांस्कृतिक सङ्गठनहरूलाई एकीकृत गरेर 'लुम्बिनी सम्पर्क सदन', लुम्बिनी प्रगतिशील सदनमार्फत साहित्यमा 'करनाल' मुखपत्र प्रकाशन गर्ने र विद्यार्थीहरूको नेपाली विद्यार्थी मञ्च, नेपालबाट कोलकातामा उच्च शिक्षा हासिल गर्न गएका विद्यार्थीहरू लक्ष्मी निरौला, बाबुराम भट्टराई, डा. भरत प्रधान, डा. ध्रुव शर्मा आदिद्वारा नेपालीहरूलाई स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले कोलकाताको बाग्री मार्केटमा एउटा निःशुल्क उपचार सेवा केन्द्र खोलेर सेवा प्रदान गरेका थियौँ भने बेलाबेलामा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने प्रवासी नेपालीका बालबालिकालाई नृत्य, गायन, वाद्यवादन र अभिनयको कक्षा सञ्चालन गरेर पार्क सर्कस र अभिनयको कक्षा सञ्चालन गरेर पार्क सर्कस र गडिया हाटमा तालिम केन्द्र खोलेका थियौँ । त्यसमार्फत गायिका हेमारानी योञ्जन, गौरीमाया धिमिराज, गायक रामप्रसाद श्रेष्ठ, रामचन्द्र पाण्डे, नृत्यमा विणा श्रेष्ठ, तारा थापा, गौरी थापा आदिमार्फत अभिनयकलामा धेरै निपूण कलाकारहरू उत्पादन गरेर कोलकाताका विभिन्न सहर र मञ्चहरूमा नाटक, सडक नाटक प्रदर्शन र सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्दै नेपाली जनतालाई स्वस्थ मनोरञ्जन र वैचारिक प्रशिक्षण प्रदान गर्दै आएका थियौँ । त्यस अवधिमा हामीले प्रवासी नेपालीका समस्या र अवस्थाको चित्रण गर्ने खालका 'समस्याको नेपाली समाधानको गोरेटोमा', 'हाम्रा हातहरू', 'पचास रुपियाँको तमसुक', 'आमाको काखमा', 'हामी मजदुर', 'नेपाली', 'लाहुर जाने धोको' जस्ता एकाङ्की, पूर्णाङ्की नाटकहरू प्रस्तुत र प्रदर्शन गर्दै सिङ्गो पश्चिम बङ्गालका विभिन्न सहरमा प्रदर्शन गरिरहेका थियौँ ।

'कुण्ड-कुण्ड पानी, मुण्ड-मुण्ड बुद्धि' भनेजस्तै हामी कोलकातामा रहेका प्रगतिशील विचार लिएका नेपालीहरूले राजनीतिक, सामाजिक, सांस्कृतिक सङ्गठन र देशप्रतिको माया जगाउन, राष्ट्रप्रतिको दायित्वबोध गराउन जे-जस्तो सामर्थ्यले काम गर्दै थियौँ र त्यहाँ नेपालीहरू हाम्रो संस्था र आस्थाप्रति विश्वस्त हुँदै सङ्गठित र आन्दोलित हुँदै थिए- त्यसैबेला नेपालमा विद्यार्थी, शिक्षक र आमनागरिकहरूको एउटा सशक्त आन्दोलन उठेर जनमतसङ्ग्रहको तहसम्म उक्लिँदै थियो । हामी प्रवासी नेपालीहरूको चेतना पनि क्रमशः भारतव्यापी रूपमा एउटै एकीकृत सङ्गठन निर्माण गर्ने दायित्वबोधले अझै उचाइमा पुग्दै थियो । हामी भारतका ठूला सहर बनारस, कानपुर, लखनउ, मुम्बई, दिल्ली, हरियाणा-फरिदावाद, गुवाहाटी, सिलोङ, नागाल्यान्ड, मद्रास र उडिसासम्म सम्पर्क स्थापित गर्ने अनि देशको राजधानी काठमाडौँ, अन्य सहर पोखरा, बुटवल, नेपालगन्ज, विराटनगरतिर पनि राजनीतिक सम्पर्क स्थापित गरिरहेका थियौँ । ०३२ सालको हिउँदमा कोलकातामा नेपालीहरूसँग भेट गर्न जानुभएका तत्कालीन कोकेका नेता विजय जोशी (हाल कमरेड प्रदीप नेपाल) ले कोलकातामा साथीहरूमाझ केही दिन बस्दा 'सार्थक र जीवनवादी गीतहरूले जनतामा सांस्कृतिक चेत विकास गर्न र सांस्कृतिक चेतनाले राजनीतिलाई सजिलै डोऱ्याउन सक्छ' भन्ने कुरा राम्ररी बुझाउनुभएको थियो । उहाँले त्यहाँ बस्दा आफूले गीतका केही बान्कीहरू सुनाउँदै देशभित्र एउटा 'सङ्कल्प सांस्कृतिक अभियान' चलिरहेको र समयक्रममा त्यो 'सङ्कल्प समूह' यता भारत प्रवासमा पनि आउनसक्ने कुरा बताउनुभएको थियो । उहाँले (विजय जोशी !) ले गाउनुभएका गीतको प्रभावले कोलकाताका कलाकर्मीहरू निकै उत्साहित भएर 'सङ्कल्प परिवार' को आगमनमा प्रतीक्षारत थिए । यता देशभित्र आन्दोलन चर्किँदै जाँदा दमन पनि तीव्र हुँदै गयो । र, सङ्कल्प परिवारले राष्ट्रव्यापी चलाएको अभियानलाई देशभित्र प्रदर्शन गर्न अलिक बाधा, अड्चन र अप्ठेरो पर्दै गयो- त्यसैलाई मौका ठानेर विजय जोशी (क. प्रदीप नेपाल) को पत्र लिएर त्यो टोली ०३७ सालको जेठ महिनाको प्रचण्ड गर्मीमा २१ सदस्यी टोली लिएर कोलकाता आई पुग्यो । कोलकाता आउने सङ्कल्पको टोलीमा मञ्जुल, रामेश, जेबी टुहुरे, शम्भु राई, विक्रम सुब्बा, उर्लेश श्रेष्ठ, रामकृष्ण दुवाल, अरिम श्रेष्ठलगायतका २१ सदस्य साथीहरू थिए । त्यत्रो ठूलो टोलीलाई कोलकातामा स्वागत गर्दै प्रवासी नेपालीमाझ पहिलोपटक देशभित्रका प्रगतिवादी कलाकर्मीहरू आएर जीवनवादी गीत-सङ्गीत गुञ्जाएको सुन्न पाउन आतुर थियौँ हामीहरू तर यता कोलकाताका नेपालीहरूको साझा संस्था लुम्बिनी सम्पर्क सदनको आफ्नै हाल-बेहालको कथा अर्कै थियो । राजनीतिका मियो र माउ सङ्गठन नेकपा (पुष्पलाल समूह) मै रहेर काम गर्ने त्यस समूहलाई अध्ययन गरेर बस्ने-हेर्ने र पर्खिने अनि त्यो समूहबाट विद्रोह गरेर कोके हुँदै मालेमा संलग्न हुने भन्ने विवाद चरमचुलीमा पुगेको र उक्त संस्था लुम्बिनी सम्पर्क सदन र लुम्बिनी प्रगतिशील सदनमा विभाजित भइसके पनि त्यसका सांस्कृतिक र साहित्यिक संस्था हामी (माले) सँग मौजुद थिए तर त्यसमा हमला गर्दै तत्कालीन पुष्पलाल समूहको सम्पर्क सदन भौतिक हमलामा केन्द्रित थियो भने सदस्यहरू विभाजित थिए र धेरै तटस्थ अवस्थामा थिए । हामी यही देशभित्रबाट आएको सांस्कृतिक टोलीको कार्यक्रममार्फत व्यापक सदस्य सङ्ख्या बृद्धि गर्ने र आफ्नो पक्षको- 'प्रगतिशील सदन' को वैधानिकता सावित गर्ने ध्याउन्नमा लागेका थियौँ । यस टोलीको कार्यक्रमलाई टोल-गल्ली-मोहल्ला र चोक-चौराहमा प्रदर्शन गरेर हामी ठीक अरू बेठीक सावित गर्न र त्यता रहेको नेतृत्व र 'सम्पर्क सदन' वालाहरू अवैध भन्ने सावित पनि गर्न चाहन्थ्यौँ ।

यो सिङ्गो संस्मरण लेखिरहँदा एउटा अविस्मरणीय कुरा के छ भने हाम्रो संस्थाको सिङ्गो नेतृत्व र त्यसको विचारभन्दा पनि प्रखर र प्रमुख प्रवासी नेपालीका मित्र भारतीय नेपाली वाङ्दे शेर्पा हुनुहुन्थ्यो । उहाँ दार्जीलिङमा जन्मे पनि कोलकाताको २४ परगन्ना जिल्लाअन्तर्गत डन्लपको इन्डियन इस्टेटिकल्स टेक्निल इन्स्टिच्युटको कन्फरेन्सहलमा कार्यरत साधारण पाले भएर पनि हाम्रा निम्ति खासगरी प्रवासी नेपाली आन्दोलन र मुक्तिका निम्ति निकै ठूलो सहयोगी हुनुहुन्थ्यो । उहाँका तीन छोरी र

एक छोरा स-सानै थिए र श्रीमती निकै सहयोगी र मिहिनेती हाम्रो अभिभावक हुनुहुन्थ्यो । कोलकातामा आफ्नो सांस्कृतिक जागरणको कार्यक्रम लिएर आएको 'सङ्कल्प परिवार' का २१ जना साथीहरूको रहने-बस्ने व्यवस्था पनि वाङ्दे शेर्पाजीको काम गर्ने स्थान-सोही कन्फरेन्स हलमा गरियो भने २१ जना उहाँहरू र घरका जहान छ जना अनि स्वयम्‌सेवक र केही साथीहरूको खाना बनाउने जिम्मा पनि वाङ्दे दम्पतीले नै जिम्मा लिनुभयो । त्यो साङ्गीतिक टोली बिहान उठेर आफ्नो नृत्य कर्म गर्दथ्यो र खाजा चिया खाएर आफ्नो गीतको तयारी र पूर्वाभ्यास गर्थ्यो अनि साँझ हाम्रो संस्थाले तय गरेको कोलकाताको दूरदराज नेपाली बस्ती भएको मोहल्लामा हुरि, बादल, वर्षा-घाम नभनेर लगातार आफ्ना बाजा र गला ठोकेर गाउने गर्थ्यो- गाउँगाउँबाट उठ ! बस्तीबस्तीबाट उठ !! राती अबेर जेठ-असारको आँधीहुरीसँग जुध्दै फर्कन्थ्यो वाङ्दी शेर्पा दम्पतीको आश्रममा अनि केही घण्टा रात सुस्ताउने गर्थ्यो ।

एक दिन टोली आश्रमबाट निस्कँदा आकाश सफा थियो । पुग्न डन्लपदेखि मध्य कोलकाताको बडाबजारको छाता गल्लीमा कार्यक्रम देखाउन पुग्दा नपुग्दै आँधीहुरी आयो, बिजुलीको तार चुँडिए । पानीमा तारहरू झरेर करेन्ट सप्लाई भयो । हामीमाथि पेटीमा गाउँदै छौँ- पानी अनवरत आइरहेको छ- बिजुली चम्किन्छ आकाशमा तारको बिजुली निभेर गल्ली मात्र होइन, सहर चकमन्न छ । तल गल्लीभरि पानी कम्मर-कम्मर आउने पोखरी बनेको छ । मान्छेहरू घरका झ्याल-ढोकाबाट हाम्रा गीत सुनेका छन्- पैसा फालेका छन् । त्यो दिएको पैसा जनताले हाम्रो हातमा दिन सक्दैनन् । हामी टिपेर आफूले ल्याउन सक्दैनौं । तर, हाम्रो त्यो टोली बिनामाइक गीत गाउँदैछ, पानी मुसलधारे दर्कंदैछ । अनवरत पानी बर्सिंदै गयो । हाम्रो गीत पनि गुञ्जिइरह्यो । हामीले कार्यक्रम बिसाएपछि पानी बिदा भयो तर घर फर्कने साधन थिएन- हामी रुझेको भिजेको अनिँदो अवस्थामा राती दुई बजे झन्डै २५ किमि हिँडेर आयौँ । राती आउँदा वाङ्दी दम्पती आफ्ना नानीहरू सुताएर आफूहरू भोकै के कसो भयो भनेर त्रसित मुद्रामा बसिरहनुभएको थियो । हामीहरू आएपछि पकाएको खाना सबैले बाँडेर खायौँ तर उहाँहरू आफूले खाएको भन्दै भोकै सुत्नुभएको कुरा पछि त्यहाँको व्यवस्थापक साथीले भन्दा हामीले थाहा पायौँ । झन्डै १९ दिनजति हामीले कोलकाताका विभिन्न सहर, टोल, गल्ली र मोहल्लामा जनवादी गीत-नाच प्रदर्शन गर्दै वाङ्दी परिवारको न्यानो माया र सद्‌भावमा हुर्केर आफ्नो संस्थाको स्थितिलाई अलिक मजबुत बनाएर यता देशमा जनमतसङ्ग्रहको घोषणा भएपछि सङ्कल्प परिवारलाई देश फर्कने आदेश आयो पार्टीबाट- अनि फर्किने तरखरमा हामी लाग्यौँ ।

हामी र हाम्रो टोली यत्तिका दिनसम्मको रमाइलो वातावरणबाट बिरानो पारेर फेरि कहिल्यै भेट्ने हो होइन भन्ने द्विविधामा बिदा हुन लाग्दा वाङ्दी परिवारका सबै जना रोए तर मूलीमान्छे वाङ्दी लामाले भने- अन्तिम जीत नहुँदासम्म जनताका कलाकारहरू कहिल्यै नथाक्नु, आफ्नो लक्ष्मा अविरल लागिरहनु भनेर मुट्ठी कसेर हाँस्दै बिदा दिनुभयो । तर, दुर्भाग्य ! हामीले धेरै वर्षपछि हाम्रो जोदाहा त्यो साथी वाङ्दी लामा दीर्घरोग लाएर अत्यन्त कष्टकर जीवन बिताएर मृत्युवरण गर्नुभयो । बालबच्चाहरू टुहुरा र विचल्ली भा'छन् भन्ने सुन्यौँ । उहाँका बारेमा हाम्रो प्रवासी सङ्घको कोलकाताले आवश्यक सहयोग गरेको सुन्न पाइयोस् ।

त्यसैगरी, भारत प्रवासमा सङ्कल्प परिवारले अभानेविसङ्घ, अभानेस्वबियुको सम्मेलन त्यस्तै अभाप्रनेसङ्घको सम्मेलन, भारतमा भएका प्रवासी नेपालीहरूको संस्थामा बेलाबेलामा गएर प्रदर्शन गरेको सांस्कृतिक कार्यक्रम र प्रकाशित सङ्कल्प भाग १-७ सम्मका गीत रचनाको प्रचार-प्रसारबाट भारतवर्षमा रहेका प्रवासी नेपालीहरूको घरघर, टोल, छरछिमेकका जीवनवादी र प्रगतिवादी गीतको रचना गायक र सङ्गीत सिर्जना गर्न प्रेरित गरेको छ भने देशभित्र मुलुकभरका जनतामा सांस्कृतिक चेतको विकास गर्दै जनआन्दोलन श्रृष्टि गर्ने तुजुक पैदा गरिरहेको छ ।

तर हिजोका अप्ठेरा दिनहरूमा त्यत्रा पैमानका दुःखकष्ट, आपत-बिपत सहेर गाउँघर, बेसी-सहर, वनजङ्गल, धद्‌दाएर जनताका घरदैलोमा पुगेर चेतनाको बिगुल फुक्ने सङ्कल्प परिवारका हस्तीहरू मञ्जुल, रामेश र जेबी टुहुरेहरू आज असरल्ल, अलमल्ल, एकाएक भएको स्थितिले राम्रो सङ्केत दिएको छैन भने जनताले त्यसलाई नमिठो मानिरहेका छन् । आज नयाँ ढङ्गले जनवादी गीत-सङ्गीतको सिर्जना गर्ने बेला हिजोआज र भोलिका सबै सर्जकहरू एकीकृत भएर प्रतिक्रियावादी संस्कृतिका विरुद्धमा नयाँ जनवादी अर्थात् लोकतान्त्रिक गणतन्त्रात्मक सङ्गीत सिर्जना र प्रचारमा लाग्नु वाञ्छनीय देखिन्छ । ■

# माओवादीका भनाइ कति सत्य, कति असत्य ?

**' लीला गिरी/भूमिश्वर ढकाल**

- अहिलेको आन्दोलन कसले गऱ्यो भन्ने विषयमा माओवादीहरूले हाम्रो 'जनयुद्ध' का जगमा भएको आन्दोलन हो भन्ने कुरा सैद्धान्तिक रूपमा पुष्टि हुन सक्दैन ।

- किनभने, उनीहरूले विगतमा जुनजुन कारणहरू देखाएर 'जनयुद्ध' को थालनी गरेका थिए, त्यो प्रस्थानविन्दुको लक्ष्य र साध्यलाई परित्याग गरिसकेका छन् ।
- हिजो माओवादीहरू जहाँ र जुन सैद्धान्तिक जगमा उभिएर १५ हजार मानिसको संहार र खर्बौंखर्ब सम्पत्तिको हानिनोक्सानी गरे तर अहिले त्यस लाइनमा छैनन् ।
- जनता अधिकार चाहन्छन् । जनतालाई अधिकार सम्पन्न बनाउन सत्ता चाहिन्छ । सत्ता पाउन हतियार उठाउनुपर्छ । त्यसैकारण हाम्रो 'जनयुद्ध' जायज छ भन्ने कुरा माओवादीको मुख्य तार्किक आधार हो ।
- तर, विगत एक सय वर्षको अवधिमा संसारमा अनेकौं देशहरूमा 'जनयुद्ध' हरू भए । १९ वटा देशहरूमा सशस्त्र युद्धद्वारा सत्ता कब्जा भयो । ७५ वटा देशहरूमा 'जनयुद्ध' हरू भए तर ती सबै देशका 'जनयुद्ध' हरू यसैगरी विफल भएका छन् ।
- इतिहासको यति ठूलो शिक्षाबाट पनि शिक्षित हुन नचाहने माओवादीहरूको १० वर्षे 'जनयुद्ध' मा १५ हजार मानिसको बलिदानपछि शान्तिपूर्ण जनआन्दोलनको धारमा आउँदा उनीहरूले विगत 'जनयुद्ध' को राजनीतिक औचित्य सावित गर्नुपर्नेछ ।
- जनताले माओवादीसँग यस 'जनयुद्ध' को राजनीतिक औचित्य सावित गर्नका लागि चुनौती दिनेछन् तर पनि यसमा कुनै पूर्वाग्रह हुनेछैन ।
- माओवादीले १० वर्षे 'जनयुद्ध' लाई छोडेर बहुदलमा आउने कुरा नै उनीहरूको 'जनयुद्ध' असफल भयो भन्ने कुराको यसभन्दा बलियो प्रमाण के हुन सक्छ ?

**माओवादी ठीक कि एमाले भनेर छुट्याउने मुख्य कसीका सम्बन्धमा छलफल गरौं**

- 'जनयुद्ध' ठीक वा शान्तिपूर्ण जनआन्दोलन ठीक ? 'जनयुद्ध' बाट प्राप्त नयाँ जनवाद ठीक कि जनआन्दोलनद्वारा प्राप्त जनताको बहुदलीय जनवाद ठीक ? यस्तै अन्य सवालहरूमा सही र गलत छुट्याउने कसी भनेको मार्क्सवाद हो । यसलाई मार्क्सवादी सिद्धान्तको कसीमा राखेर पनि जाँच्न सकिन्छ ।
- क्रान्तिको विज्ञानका सम्बन्धमा मार्क्सले भन्नुभएको छ- 'क्रान्ति सिङ्गो राष्ट्रले गर्दछ, एउटा दुइटा पार्टीले होइन, जसमा ठूलो जनसङ्ख्या स्वाभाविक रूपमा सामेल हुन्छ ।' (अन्तर्वार्ता, १८७८)
- मानव जीवनका आवश्यकता पूरा गर्न उत्पादन गर्नुपर्छ । उत्पादन गर्नेलाई उत्पादक शक्ति भनिन्छ । उत्पादन गर्दा अरूसँग सम्बन्ध गाँस्नुपर्छ । त्यसलाई उत्पादन सम्बन्ध भनिन्छ । यस्तै किसिमले उत्पादन पद्दतिको निर्माण हुन्छ ।
- सामाजिक क्रान्ति हुनु, समाजको परिवर्तन हुनु, युगको परिवर्तन हुनु भनेको नै उत्पादन पद्दति अर्थात् उत्पादक शक्ति र उत्पादन सम्बन्धमा आउने परिवर्तन हो ।
- उत्पादक शक्ति अपेक्षाकृत गतिशील हुन्छ, उत्पादन सम्बन्ध स्वाभाविक रूपमा कम गतिशील हुन्छ तर त्यसको परिवर्तनको अनुभव शक्तिको परिवर्तनजस्तै गरी अनुभव हुँदैन अर्थात् यसको ढिलो परिवर्तन हुन्छ ।
- गतिशील उत्पादक शक्ति र अपेक्षाकृत ढिलो परिवर्तन हुने उत्पादन सम्बन्धका बीचमा अन्तरविरोध उत्पन्न हुन्छ ।
- उत्पादक शक्तिले छिटोछिटो विकास गर्न खोज्नु र उत्पादन सम्बन्ध गतिशील उत्पादक शक्तिको अवरोधक बन्न खोज्दा ठूलो अन्तरविरोधको जन्म हुन्छ ।
- यसै अन्तरविरोधलाई बुझ्ने क्रममा जनताको चेतना अभूतपूर्व रूपमा विकसित हुन्छ । सोही चेतनाले जनतालाई सङ्गठित तुल्याउँछ ।

**माओवादी क्रान्तिको वैज्ञानिक सूत्र भनेको 'धक्का, क्रमभङ्गता, छलाङ र महाविपत्ति' हो**

१. एउटा क्रान्तिकारी राजनीतिक पार्टीले क्रान्तिको योजना बनाउँछ ।
२. एउटा सङ्गठित सशस्त्र दस्ताले एउटा निर्धारित सैन्य अखडामा हमला गरेर 'एक धक्का' दिन्छ ।
३. त्यस धक्काले गर्दा नियमित रूपमा सञ्चालित भइरहेको सामाजिक जीवनमा क्रमभङ्गता उत्पन्न हुन्छ ।
४. यसरी क्रमभङ्गता उत्पन्न भएपछि माओवादीको सशस्त्र दस्ता विकसित भएर छलाङ ल्याउँछ ।
५. सोही छलाङपछि समाजमा महाविपत्ति खडा हुन्छ । सबै जनता 'त्राहीमाम्' भन्दै माओवादीका वरिपरि गोलबन्द भएपछि जनताले क्रान्ति सम्पन्न गर्छन् ।
६. यसरी सम्पन्न भएको क्रान्तिलाई माओवादी पार्टीले राज्यमार्फत संस्थागत गरिदिन्छ र समाजलाई अग्रगति प्रदान गर्दछ ।

**अब एमालेले लिएको क्रान्तिको विज्ञानका सम्बन्धमा विचार गरौं**

१. सबभन्दा पहिले हकअधिकार प्राप्तिका लागि सचेत वर्गसङ्घर्षका निम्ति जनतालाई जागृत पार्छ ।
२. बहुदलीय व्यवस्थाअन्तर्गत संसद्मा बहुमत ल्याउँछ ।
३. क्रान्तिपूर्व सकार निर्माण गरेर जनताका पक्षमा अधिकतम प्रगतिशील सुधारका कामहरू गर्छ ।
४. अर्कोपटक संसद्मा अत्यधिक बहुमत हासिल गरेर संविधान संशोधनदेखि लिएर विद्यमान अवरोधक कानूनहरूको अन्त्य गर्छ ।
५. यस्तै खालको परिवर्तनलाई राज्यमार्फत संस्थागत गर्नु । समाजलाई अग्रगामी दिशा प्रदान गर्नु रहेको छ ।

- क्रान्तिको विज्ञान प्रकृति विज्ञानजस्तै अकाट्य विज्ञान हो । मार्क्सले प्रस्तुत गर्नुभएको क्रान्तिको विज्ञानका कारणले गर्दा संसार दुई ध्रुवमा विभाजित छ ।
- एउटा ध्रुव यसको समर्थनमा छ भने अर्को ध्रुव यसको विरोधमा छ । जनवादी एवम् समाजवादी शक्तिहरू यसको पक्षमा छन् भने सामन्तवादी र साम्राज्यवादी शक्तिहरू यसको विपक्षमा छन् ।
- क्रान्ति सम्पन्न गर्न वस्तुगत र आत्मगत अवस्था दुवै परिपक्व हुनुपर्छ । यसरी क्रान्तिकारी अवस्था परिपक्क नभएसम्म राष्ट्रले क्रान्ति गर्दैन । पूरै राष्ट्र जागृत नभएसम्म क्रान्ति सम्पन्न हुँदैन ।

**नेकपा (एमाले) को क्रान्ति विज्ञानसम्मत छ भने नेकपा (माओवादी) ले सूत्रीकृत गरेको क्रान्तिको बाटो र विज्ञान मार्क्सवादसम्मत छैन**

- नेकपा (माओवादी) मा क्रान्तिकारी धैर्यता र जनतालाई असीम रूपमा विश्वास गर्ने परम्परा रहेको छैन । यो कुरा यिनको जनविरोधी स्वरूपले नै प्रस्ट पारेको छ । खास गरेर चन्दा आतङ्क, अपहरण र जोरजबर्जस्तीले गर्दा सामाजिक फासीवादी चरित्र ग्रहण गर्न पुगे ।
- नेकपा (एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको मूलप्रवाह हो ।
- नेकपा (एमाले) को कार्यक्रम सामन्तवाद-साम्राज्यवादविरोधी जनताको बहुदलीय जनवादी कार्यक्रम हो भने अहिलेको कार्यनीति संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्रको स्थापना हो ।
- यो जनताको बहुदलीय जनवादी कार्यक्रमको मातहत रहेको छ ।
- नेकपा (माओवादी) को विकासक्रम हेर्दा ०३१ सालमा मोहनविक्रम सिंहको नेतृत्वमा सम्पन्न चौथो महाधिवेशनबाट विकसित भएको धारा हो ।
- ०४० सालमा नेकपा (चौम) र नेकपा (मशाल) का रूपमा विभाजन भयो ।
- ०४८ सालमा नेकपा (एकताकेन्द्र) बाट विभाजित भएको एउटा समूह प्रचण्डको नेतृत्वमा अलग भयो । यसै समूहले ०५२ फागुन १ गतेदेखि 'जनयुद्ध' को घोषणा गर्‍यो ।
- ''जनयुद्ध' द्वारा नयाँ जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने कार्यक्रममा अगाडि बढेको माओवादी समूहले १५ हजार मानिसको मृत्यु र खर्बौंखर्ब सम्पदाको संहारपछि पुनः शान्तिपूर्ण राजनीतिक आन्दोलनमा आएको छ ।
- नेकपा (माओवादी) ले जतिसुकै जनविद्रोह गर्छौं भने पनि सारमा शान्तिपूर्ण रूपले आन्दोलनमा जान्छौं भनेका हुन् तर उनीहरूले १५ हजार मानिसको मृत्यु र खर्बौंखर्बको राष्ट्रिय सम्पदा विनासको औचित्य पुष्टि गर्नुपर्ने छ ।
- क्रान्तिकारी लफ्फाजीका आडमा जतिसुकै वितण्डापूर्ण अभिव्यक्ति दिए पनि उनीहरू निश्चित रूपमा 'जनयुद्ध' द्वारा सत्ता कब्जा गर्न सकिँदैन भन्ने निष्कर्षमा आएका छन् ।
- नेकपा (माओवादी) को सैद्धान्तिक आधार माओवाद र प्रचण्डपथ हो ।
- नेकपा (माओवादी) ले नेकपा (एमाले) का एक सय ४१ जति होनहार र जनतामा स्थापित कार्यकर्ताहरूको 'काङ्ग्रेस एमाले दरबारका पाले' भन्ने नाराका आधारमा हत्या गरे तर नेकपा (एमाले) ले उनीहरूलाई राजनीतिक शक्ति नै मान्यो तर उग्रवाम राजनीतिक सोच र दर्शनबाट अभिप्रेरित राजनीतिक पार्टी नै मान्यो । तर, उनीहरूले नेकपा (एमाले) लाई वर्ग दुश्मनको व्यवहार गर्दै आएका छन् ।
- नेकपा (माओवादी) का नेता प्रचण्डले ०६३ असारको पहिलो साता दिएको एक अन्तर्वार्ताअनुसार, नेकपा (माओवादी) को बुर्जुवाहरूसँग सहकार्य हुन सक्छ तर नेकपा (एमाले) सँग सहकार्य हुन सक्दैन भन्ने अभिव्यक्ति दिए ।

**निष्कर्ष**

# मातृकालाई यो चयन स्वीकारयोग्य भएन

**' डिल्लीराम मिश्र**

काठमाडौं नगरपालिका निर्वाचनमा निर्वाचित भई प्रतिनिधित्व गर्ने १८ वडाका वडा सदस्यहरू क्रमशः अष्टमङ्गल बज्राचार्य, मोहनबहादुर श्रेष्ठ, सूर्यबहादुर भारद्वाज, मणिराज उपाध्याय, पुष्करनाथ उप्रेती र गोविन्दप्रसाद वैद्य नेपाल प्रजापरिषद्बाट निर्वाचित भएका थिए भने प्रयागराजसिंह सुवाल, वेघराज चालिसे र घननाथ उपाध्याय नेपाली काङ्ग्रेसका

तर्फबाट निर्वाचित जनप्रतिनिधि हुन् । त्यसैगरी, मातृकाप्रसाद कोइराला सरकारमा आएपछि प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीले स्वतन्त्र रूपमा आफ्ना उम्मेदवार उठाएको थियो । यसरी विजयी उम्मेदवारहरू जनकमान श्रेष्ठ, साधना प्रधान, प्रचण्डनरसिंह राणा, अमिरबहादुर सिंह, गोपालेश्वरानन्द र घनानाथ उपाध्याय हुन् । नेपाली राजनीतिका शिखरपुरुष मनमोहन अधिकारीकी धर्मपत्नी साधना प्रधान वडा नं. ८ बाट एक हजार २७ मत प्राप्त गरी विजयी हुने नेपालको पहिलो निर्वाचित महिला जनप्रतिनिधि हुन् । त्यसैगरी, राष्ट्रवादी गोरखा परिषद्का तर्फबाट शुभशमशेर र नारायणजङ्ग पाण्डेका साथै शेरबहादुर र घनानाथ शर्मा स्वतन्त्र रूपमा निर्वाचित भएका थिए । यसरी १८ वडामध्ये सबैभन्दा बढी एक हजार सात सय ९२ मत २ वडाका जनकमान श्रेष्ठ र कम १७ वडाका शेरबहादुरले दुई सय ९४ मत प्राप्त गरेका थिए । १५ वडाबाट नेपाली काङ्ग्रेसका घनानाथ उपाध्याय निर्विरोध निर्वाचित भएका थिए । सबै १८ जनाले प्राप्त गरेको मत १३ हजार तीन सय ६४ रहेको थियो । यसमध्ये दलगत रूपमा हेर्दा नेपाल कम्युनिस्ट पार्टी पाँच हजार पाँच सय छ, नेपाल प्रजापरिषद् चार हजार नौ सय १०, नेपाली काङ्ग्रेस एक हजार पाँच सय ६१ र गोर्खा परिषद्ले एक हजार ९३ मत प्राप्त गरेको देखिन्छ ।

राष्ट्रिय प्रजा पार्टीबाट सत्तारुढ मातृकाप्रसादको मन्त्रिमण्डलले काठमाडौँ नगरपालिका निर्वाचनमा एक स्थानमा पनि विजय प्राप्त गर्न नसक्दा सरकारप्रति जनताको अविश्वासको प्रस्ताव हो भन्ने नारा दिई राजधानीमा सबै राजनीतिक दलहरूले मातृकाको राजीनामाको माग गर्न थाले । यहाँसम्म कि निर्वाचन परिणाम घोषणापश्चात् विभिन्न राजनीतिक दलहरूले मातृकाप्रसाद कोइरालाको मन्त्रिमण्डल विघटन गरियोस् भनी श्री ५ त्रिभुवनसमक्ष मागसमेत गरे भने वामपन्थी शक्तिको लोकप्रियता दिनप्रतिदिन बढ्दै थियो । बालिग मताधिकारका आधारमा सम्पन्न काठमाडौँ नगरपालिका निर्वाचनमा एक स्थान पनि हासिल गर्न नसकेको मातृका मन्त्रिमण्डलले आफ्नो भविष्य नदेखेपछि पहिलोपटक निर्वाचित नगरपालिका भङ्ग गर्ने निर्णय गर्‍यो । तत्कालीन निर्वाचन प्रणालीअनुरूप पहिले नगरपरिषद्का निमित्त प्रत्यक्ष मतदानद्वारा प्रत्येक वडा सदस्यहरूको निर्वाचन सम्पन्न भएपछि उनीहरूमध्येबाट प्रमुख र उपप्रमुखको निर्वाचन गरिन्थ्यो । यसरी नगरप्रमुखको निर्वाचन गर्ने क्रममा नेपाल प्रजापरिषद्का उम्मेदवारको समर्थन प्राप्त गरेर वामपन्थी प्रतिनिधि जनकमान श्रेष्ठ काठमाडौँ नगरपालिकाको सभापतिमा निर्वाचित भए । फलस्वरूप उपसभापतिमा प्रयागराजसिंह सुवाल निर्वाचित भए । जनकमान श्रेष्ठ काठमाडौँका जनताबीच अत्यन्त लोकप्रिय थिए । उनले सर्वप्रथम जननिर्वाचित नगरप्रमुखको हैसियतले काठमाडौँ नगरमा नागरिक सुविधासम्बन्धी समस्याहरूको पहिचान गर्ने उद्देश्यले मातृका सरकारसमक्ष आठ सूत्रीय योजना प्रस्तुत गरेका थिए, जुन काठमाडौँ नगरपालिकाको इतिहासमै सबैभन्दा महत्त्वाकाङ्क्षी परिकल्पना थियो तर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूप्रति मातृका सरकारको दृष्टिकोण एकदमै नकारात्मक थियो, जसबाट राम्रो कार्यको आशा गर्नु पनि सामयिक थिएन ।

नेपालमा पहिलोपटक विधिवत् गठन भएको काठमाडौँ नगरपालिकाको प्रमुख पदमा कम्युनिस्ट समर्थक व्यक्ति कार्यरत भएपछि प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई यो चयन स्वीकारयोग्य भएन । नगरपालिकालाई जनताका समस्याहरूप्रति अभिमुख स्वायत्त निकायका रूपमा विकसित गर्ने प्रयासको महत्त्वपूर्ण कदम थियो आठ सूत्रीय योजना । अनेकौँ षड्यन्त्रबाट नगरप्रमुखलाई हटाउन नसकेपछि राष्ट्रवादी गोर्खा परिषद्लाई प्रयोग गरी अविश्वासको प्रस्ताव ल्याएर जनकमान श्रेष्ठलाई पदच्यूत गर्ने योजना गरियो । जननिर्वाचित १८ जना र सरकारका तर्फबाट मनोनीत चार जना गरी २२ जनाको नगरपालिका थियो । यसरी अविश्वासमा मतदान गर्दा निर्वाचित १८ जनाले मात्र नगरप्रमुखलाई हटाउने सन्दर्भमा अविश्वासको प्रस्ताव पेस गरियो । उक्त प्रस्तावमा मतदान हुँदा पक्षमा १० र विपक्षमा आठ मत पर्न गई बहुमतले अविश्वासको प्रस्ताव असफल भयो । यसरी संवैधानिक प्रावधान विपरीत सरकारबाट मनोनीत प्रतिनिधिलाई समेत अविश्वासको पक्षमा मतदान गर्न लगाउँदा पनि उक्त योजना असफल भएपछि मन्त्रिमण्डलले काठमाडौँ नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूलाई बर्खास्त गर्ने निर्णय प्रस्ताव पास गर्‍यो । यही आधारमा नगरप्रमुख जनकमान श्रेष्ठ र उपप्रमुख प्रयागराजसिंह सुवाललाई गिरफ्तार गरी जेलमा राखियो ।

(*'नेपालको प्रजातान्त्रिक विकासक्रम र काठमाडौँ उपत्यकाको निर्वाचन'* बाट)

# सामयिक मुद्दामा बहस

यतिबेला नेपालमा संविधानसभा, राज्यको पुनःसंरचना र समावेशीकरण एकअर्काका परिपूरक शब्दावलीका रूपमा प्रयोगमा आइरहेका छन् । ११ वैशाख २०६३ मा राजाले जनताका सामु घुँडा टेकेपछि अग्रगमनको मार्गमा लम्किएको नेपालमा अहिले यी सवाललाई पन्छाएर कुनै पनि किसिमका बहसहरू सम्भव छैनन् भन्ने कुरामा सायद दुईमत छैन । यी विषयका बारेमा चलेका बहसहरूमा सुरुदेखि नै संलग्न हुँदै आउनुभएका युवा नेता शङ्कर पोखरेलले आफ्ना अवधारणाहरूलाई पुस्तकाकार कृतिका रूपमा लिपिबद्ध गर्नुभएको छ । 'संविधानसभा, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र' शीर्षकको कृतिका माध्यमबाट उहाँले नेपाली समाजमा आमूल परिवर्तन र रूपान्तरणका मुद्दाहरूमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभएको छ ।

केही समयअघिसम्म पनि संविधानसभा नेपाली राजनीतिको केन्द्रीय प्रश्न नबनिरहेको बेलादेखि नै त्यसको अनिवार्यता र अपरिहार्यतामा जोड दिनुहुने पोखरेलको प्रस्तुत पुस्तक मूलतः त्यही विषयको सेरोफेरोमा केन्द्रित रहेको छ । त्यससँगै जोडिएर आएका राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका बारेमा पनि उहाँले विषयवस्तुहरू प्रस्तुत गर्नुभएको छ ।

पुस्तकको पहिलो खण्डमा संविधानसभाको अर्थ, परिभाषा, अन्तर्राष्ट्रिय अनुभव, वर्तमान सन्दर्भ, लक्ष्य, उद्देश्य, विधि र प्रक्रियाका बारेमा चर्चा गरिएको छ । यस खण्डमा नेपालमा संविधानसभाको आवश्यकता र अनिवार्यताका बारेमा लेखकले आफ्नो दृष्टिकोण अघि सार्नुभएको मात्र छैन, त्यसको औचित्यका बारेमा विश्वका प्रमुख आठ मुलुकहरूको अनुभवको दृष्टान्त पनि प्रस्तुत गर्नुभएको छ । 'संविधान र संवैधानिक व्यवस्था' खण्डमा संविधान, संवैधानिक सिद्धान्त र संवैधानिक व्यवस्थाका बारेमा चर्चा गरिएको छ । यस खण्डमा सैद्धान्तिक रूपमा संविधानका बारेमा प्रकाश पारिएको छ ।

'नेपाली समाज' मा नेपाली समाजको पृष्ठभूमि, भौगोलिक अवस्था, जातिगत संरचना, बसोवासको अवस्था, भाषिक स्थिति, धार्मिक अवस्था, सांस्कृतिक पहिचान र वर्ग विभाजनको अवस्थाका बारेमा चर्चा गरिएको छ । वास्तवमा नेपाली समाज कस्तो भन्ने कुरालाई जब राम्ररी बुझ्न सकिन्छ, तब मात्र यसले चाहेका पुनःसंरचना र परिवर्तनहरू गर्न सकिन्छ भन्ने मान्यताका आधारमा लेखकले संक्षेपमा भए पनि नेपाली समाजको तर्कपूर्ण रूपमा पहिचान र व्याख्या गर्न खोज्नुभएको छ ।

'राज्य र राज्यको पुनःसंरचना' खण्डमा लेखक पोखरेलले राज्यको परिचय, राज्यबारे मार्क्सवादी दृष्टिकोण, राज्य र श्रमिक वर्ग, विद्यमान अवस्था र असरहरू, सामन्ती राज्यसत्ताविरुद्धको सङ्घर्ष, राज्यको पुनःसंरचनाको आवश्यकता र त्यसका एजेण्डाहरूका बारेमा प्रकाश पार्नुभएको छ । त्यसैगरी, 'समावेशी लोकतन्त्र' खण्डमा समावेशीकरणको अर्थ, सहभागिताको स्थिति र समावेशीकरणको नीतिका बारेमा चर्चा गरिएको छ ।

आगामी जेठसम्म संविधानसभाको निर्वाचन गर्नेबारे सात दल र माओवादीबीच औपचारिक सहमति भएपछि मुलुकमा आधा शताब्दीदेखि थाती रहेको संविधानसभाको मुद्दाले निकास पाउने मूर्त सम्भावना प्रकट भएको अवस्थामा त्यसका बारेमा पर्याप्त मात्रामा बहस, चर्चा र अन्तरक्रियाहरू गर्न आवश्यक छ । त्यसका लागि प्रस्तुत पुस्तक निकै उपयोगी हुने विश्वास गर्न सकिन्छ ।

त्यसैगरी, राज्यको पुनःसंरचना अहिले नेपालका लागि टार्न नसकिने ज्वलन्त मुद्दाका रूपमा देखा परिरहेको छ । त्यसबारे अहिले निकै बहसहरू चलिरहेका छन् । हरेक दल, समूह वा व्यक्ति कुनै न कुनै रूपमा यसबाट पृथक् रहन नसकिरहेको अवस्थामा लेखक पोखरेलले पुनःसंरचनाको खाका अगाडि सार्नुभएको छ । स्वयम् नेकपा (एमाले) महासचिव कमरेड माधवकुमार नेपालको संयोजकत्वमा कार्यदल बनाएर राज्यको पुनःसंरचनाका बारेमा जुन अध्ययन गरेको छ, त्यसलाई बुझ्नका लागि पनि लेखकको यो कृति उपयोगी देखिन्छ । यद्यपि, यसमा लेखकका निजी प्रस्तावहरू पनि छन् । राज्यलाई कसरी र कुन रूपमा पुनःसंरचना गर्ने भन्नेबारेमा अझै ठोस नीति तय नभइसकेको अवस्थामा उहाँका ती प्रस्तावहरू जनमत निर्माण गर्नमा सहयोग पुऱ्याउँछन् ।

राज्यको पुनःसंरचनाका लागि लेखकले १५ प्रदेशको प्रस्ताव अगाडि सार्नुभएको छ । भाषिक, भौगोलिक, सांस्कृतिक र जातिगत आधारमा समेत केही मान्य आधारहरू अघि सार्दै उहाँले प्रदेशहरूको वर्गीकरण गर्नुभएको छ । तमोर, कोसी, विराट, जनकपुर, सुनकोशी, सिम्रौनगढ, काठमाडौं, नारायणी, लुम्बिनी, अन्नपूर्ण, कालीगण्डकी, राप्ती, कर्णाली, खप्तड र भावर प्रदेशका रूपमा मुलुकलाई बाँड्ने प्रस्ताव उहाँले गर्नुभएको छ । आफ्नो प्रस्तावलाई ठोस बनाउनका लागि उहाँले त्यहाँको भौगोलिक अवस्थिति, जनसङ्ख्या, प्रमुख जाति र मुख्य विशेषताहरू उल्लेख गर्नुभएको छ ।

नेपाली जनताको परिवर्तनको चाहनालाई साकार पार्नका लागि अब राज्यको पुनःसंरचना र समावेशीकरण नगरी सुखै छैन । शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनको निर्देशलाई पालना गर्न र मुलुकलाई अग्रगमनमा लैजानका लागि आज कसैले पनि यी मूल मुद्दामा आँखा चिम्लिन नसक्ने अवस्था निर्माण भएको छ । त्यसका लागि हामीले सम्पन्न गर्नुपर्ने कामहरूको सूचीमा यी मुद्दाहरूले पहिलो प्राथमिकता पाएको अवस्थामा पोखरेलको यो पुस्तकले त्यस दिशामा ठोस योगदान पुऱ्याउने विश्वास गर्न सकिन्छ ।

कुनै पनि नयाँ विषय एकाएक निष्कर्षमा पुग्न सक्दैन । त्यसका लागि पर्याप्त चर्चा र बहस हुनु अनिवार्य हुन्छ । प्रस्तुत पुस्तकले नेपाली समाजको अग्रगामी रूपान्तरण र परिवर्तनका लागि मुलुकमा जनमत निर्माण गर्ने र त्यस जनमतलाई सकारात्मक रूपमा प्रभावित गर्ने विश्वास गर्न सकिन्छ । ज्वलन्त मुद्दाहरूमा निरन्तर संलग्न रहेका कारण उहाँले विभिन्न मञ्चहरूमा व्यक्त गरेका विचारहरूको एकीकृत स्वरूपमा प्रस्तुत पुस्तक बजारमा आएको छ । नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले प्रकाशन गरेको 'संविधानसभा, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र' समसामयिक सवालहरूमा पाठकहरूका लागि उपयोगी छ ।

पोखरेलको यो पुस्तकले नेकपा (एमाले) का सोच र धारणाहरु बुझ्नका लागि उपयुक्त भूमिका निर्वाह गर्नेछ । प्रस्तुत पुस्तकमा राज्यको पुनःसंरचनाका बारेमा एमालेका धारणाहरु प्रतिबिम्बित भएका छन् भन्दा अन्यथा हुनेछैन । अबको मुलुकको पुनःसंरचना जातीय आधारमा होइन, भौगोलिक आधारमा गर्नुपर्छ भन्ने मान्यता पोखरेलको मात्र होइन, सिंगो नेकपा (एमाले) को पनि हो । त्यसैले अहिलेसम्म विषयकेन्द्री रुपमा प्रकाशित भएका पुस्तकहरुमध्ये पोखरेलेको यो पुस्तक स्पष्ट देखिन्छ ।

**■ विष्णु रिजाल**